# कृषि जर्नल

Agriculture Journal

कृषि जर्नल २०७९ भाद्र (krishijournal–2022, (July-August)




दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार
कृषि जर्नल
Agriculture Journal मासिक
काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३
वर्ष–१८, अङ्क ९९ भाद्र २०७९

## विषय : सूचि


१. किसान संगठनहरुले बुझाए संयुक्त माग पत्र ३
२. किसान महासंघको तेस्रो विस्तारित बैठक ७
३. ३० औं किसान सहिद दिवस तथा ६९ औं भीमदत्त पन्त स्मृति दिवस ९
४. उखु उत्पादनमा लाग्ने प्लासी बोररको व्यवस्थापन १०
५. हाम्रो ज्ञान, रैथानै शीप बचाएन भने हामीले हाम्रो कृषि बचाउन सक्देनौं : अध्यक्ष अधिकारी १३
६. खीर खाऔं, आफ्नो परम्परा जोगाऔं १५
७. थप आठ स्थानबाट विषादी परीक्षण हुने १६
८. खाद्यका लागि कृषि अभियान लगायत संम्वद्ध संघ-सस्थाले बुझायो कृषि मन्त्रीलाई ध्यानाकर्षण पत्र १७
९. कृषि पत्रकार महासंघ सुदूरपश्चिममा १८
१०. मिटरव्याजको विरुद्ध किसानहरु आन्दोलित १९
११. परम्परागत आदिवासी नेपालको अमूल्य ज्ञान हुन २०
१२. नेपालमा माछा संरक्षण तथा सम्वर्द्धन सम्बन्धी वर्तमान प्रचलित ऐन/नियमहरूको समीक्षा २३
१३. मिटर व्याज विरुद्ध संघर्षको अपिल २६
**13. Sharing Natural farming Experiences ? 27**
**14. WFP: 7 ways to kickstart your climate action** 36


व्यक्तिगत मूल्य रु. १००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, **प्रधान सम्पादक** : धनबहादुर मगर
**सह-सम्पादक** : निर्दोष निमिल्सिना, हिरा पाण्डे (दिक्षा)
**मुख्य कार्यालय** : बागबजार २८, **फिल्ड कार्यालय** : टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुखेंल, काठमाडौं
**Online** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

# मिटरव्याजी प्रथा कानूनतः समाप्त गर

सम्पादकीय



किसान नेपालको देशमा विद्यमान "नेपालको संविधान २०७२'ले जनताका आधारभूत अधिकारको विषयमा प्रष्ट बोलेको छ । जसले मौलिक हकमा गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरिने लेखिएता पनि राज्यले संविधान प्रदत्त मौलिक हकको कार्यन्वयन गर्न नखोज्दा हामी सुदखोरहरुसँगको चर्को व्याजमा ऋण लिन वाध्य छौं । समाजवाद उन्मूख देशमा दिन दहाडै जनता माथिको खुलेआम डकैतीले राज्यको कानुनी राजमाथि नै प्रश्न चिन्ह खडा गरेको छ । लोकतान्त्रिक गणतन्त्रलाई गिज्याइरहेको आभास भएको छ ।
मिटर व्याजसँग सम्बन्धित समस्या नवलपरासीको मात्र समस्या नभएर समग्र देशकै समस्या हो, त्यसैले मिटर व्याज तथा ठगी विरुद्ध किसान-मजदुर संङ्घर्ष समितिको आन्दोलन समग्र देशकै आन्दालेन हो । कानुनी राज्य भनिएको संघीय लोकताान्त्रिक गणत्रन्त्रात्मक देशमा नियम विपरित मिटर व्याजको ठगी धन्दा, दृष्टिबन्धक तथा छिनुवा पासमा राज्यका महत्वपूर्ण नेतृत्व गरेका नेतृत्वकर्ताको संलग्नतामा हुने गरेको घटनाले सबैलाई स्तव्ध बनाउँदै आएको छ । स्पष्ट कानुनको अभाव र राज्यको गैर-जिम्मेवारपूर्ण व्यवहारको कारण मिटर व्याजको संस्कृति मौलाउँदै गइरहेको छ । गरिबी र निरक्षरताको कारण मुलधन भन्दै कैयौं ऋण बढी बनाउने, मनपरि चर्को व्याज असुल गर्ने । दृष्टिबन्धक गराउने नाममा जमिननै पासमा गराउने काम सुदखोरले गर्दै आएका छन् । ऋणको साँवा र व्याज दिँदा पनि लालपुर्जा फिर्ता नगर्ने कार्य गरिहेका छन् । त्यो कार्य सदा न्यायिक सिद्धान्त विपरित छन् । यस्तो खालको सामाजिक र आर्थिक अपराध प्रति सरकारले चासो नराख्नु विडम्वनाको कुरो हो ।
मिटरव्याज, दृष्टिबन्धक तथा छिनुवा पास पीडित हामी किसान-मजदुरहरु स्थानीय क्षेत्रमा करिब एक वर्षदेखि निरन्तर आन्दोलनमा छौं । २०७८ असोज ११ गतेदेखि प्रारम्भिक सामुहिक छलफल गर्दै २०७८ फागुन २४ गते भ्रष्टाचार विराधी समितिको रुपमा विस्तारित संघर्षलाई भुल्नु हुँदैन ।
आन्दोललाई निरन्तर अगाडि बढाउने क्रममा काठमाडौंको माइतिघर मण्डलामा १४ दिन लामो धर्ना कार्यक्रम पछि गह मन्त्रालयसँग छलफल भई जिल्ला प्रशासन कार्यालयलाई कानुनी प्रक्रिया अगाडि बढाउन मन्त्रालयले परिपत्र जारी गरेको थियो । कानुनी प्रक्रियामा सरकारी संयन्त्रलाई यो समितिले सहयोग गर्ने सहमती भयो र उक्त सहमतिलाई आत्मसाथ गर्दै संघर्ष समितिले आन्दोलन स्थगित गरेको थियो । गृह मन्त्रालयले गरेको समन्वयले केहि सामान्य समस्या समाधान भएपनि पीडितलाई संगठित जनताको समस्या जिउँका तिउँ छन् र समस्या समाधान नभएसम्म आन्दोलन नरोक्ने प्रतिवद्धता सहित संघर्ष समिति पीडितलाई संगठित गर्दै निरन्तर संघर्षमा लागि परेको छ ।
मिटर व्याज, दृष्टि बन्धक तथा छिनुवा, पासबाट नवपरासी जिल्लाको किसान-मजदुरहरु पीडित भएका छौं । जबसम्म हाम्रा मागहरु पूरा हुँदैनन् तबसम्म हाम्रो आन्दोलन निरन्तर अगाडि बढी नै रहनेछ । यसका लागि सम्पूर्ण न्यायप्रेमी, आम किसान-मजदुर, आमाबुबा, दाजुभाई तथा दिदीबहिनी, देशभक्त नागरिक र युवा, विद्यार्थीहरुलाई ऐक्यवद्धताको लागि अपिल गर्दछौं ।
मिटर व्याज तथा ठगी विरुद्ध किसान-मजदुर संघर्ष समिति उनीहरु दोस्रो पटक पनि २० औं दिनसम्म धर्नामा बसिरहेका छन् । यसभन्दा डेढमहिना अगाडि गृह मन्त्रालयसँग सम्झौता भएको थियो । गृहले आफ्नो तर्फबाट मात्र वार्ता टोली बनाइयो । हामीलाई वार्ता टोलीमा सहभागी गराइएन । सरकारले आफ्नो दायित्व समेत निभाएन । हामी जस्तो पीडितहरुको आवाज दबाउन नपाओस् । पञ्चायती कालमा यस्तो दृष्टिबन्धक राख्ने चलन थिएन । कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंकले किसानहरुलाई सहयोग गरेको भए यस्तो अवस्था आउने थिए ।
२०७१ साल असार १५ गते व्यक्तिगत रुपमा छोरालाई मलेशिया पठाउन १ लाख रुपैयाँ ऋण लिएँ । २ लाखको कागज गराइयो । छोराले ४ महिना पछि मलेशियाबाट पैसा पठाइयो । त्यो पैसा २०७१ कार्तिक १ लाख बुझाइयो । २०७६ सम्म ५ लाख ५ हजार दिइयो । फेरि ८ लाख माग गरेको छ । छ भनेर उल्लेख गर्दछन् ।
मुसहर सुस्ता ५ रतनगञ्ज जग्गा पनि गयो पैसा पनि गयो ।
आज किसानहरु आफ्नो मुक्तिको लागि जुट्नु परेको छ । सयुक्त किसान संघर्ष समितिको तर्फबाट घोर विरोध गर्दछु । अन्याय विरुद्ध लड्न आएका किसानलाई राहत र न्याय दिनुपर्छ । सोझासाझा किसानहरु जबसम्म मिटर व्याजी साहुहरुको फन्दामा परिरहन्छ तबसम्म देश अगाडि बढ्दैन । किसानसँग लालपुर्जा नभएसम्म नागरिकता समेत पाउन सक्दैनन् ।
यो सरकार किसानको नभएर मिटर व्याजीको सरकार भएको आरोप लगाउनु भएको छ । अब ६ वटा किसानको संयुक्त संघर्ष समितिबाट देशव्यापी रुपमा किसान आन्दोलन उठाउँछौं सुवेदीले भन्नु भयो । अब यस कसिमको हर्कत गर्न नपाओस् ।
भारतीय सरकार किसान आन्दोलनबाट झुक्न वाध्य भयो । देश १० वर्ष द्वन्द्वमा फस्यो । सबभन्दा पहिले किसानलाई हेर्ने हो । भूमिहिन लगायत दलित, जनजाति, महिला, किसानको समस्या समाधान गर्न सरकार तयार हुनैपर्छ दमन गर्न पाइदैन ।
किसानहरु २०७९ साल भाद्र १६ गते मिटर व्याज विरुद्ध किसान-मजदुर मार्च पास भएको दिनसम्म ३० औं दिनमा आइपुगेको छ । उनीहरुले हलो जुवा, झण्डा बोकेर माइतीघर मण्डलादेखि बालुवाटारसम्म प्रदर्शन गरेका थिए । मिटर व्याज संघर्ष समितिले सभाका आयोजना गरि सुदखोरहरुको सम्पत्ती छानविन गर, दलालहरुलाई गिरफ्तार गर्दै कानुन वमोजिम कारवाही गर, उच्चस्तरीय न्यायिक आयोग गठन गर, गैरन्यायिक दृष्टिबन्धक तमसुक खारेज गर जस्ता नाराहरु लगाउँदै आएका छन् ।
उनीहरुको अनुसार "हाम्रो सुनुवाई नगर्ने आयोगसँग हाम्रो सहमती छैन ।" यति संवेदनशील विषय भएर पनि गृह मन्त्रालय मिटर व्याजीहरु, सुदखोरलाई कारवाई गर्दैन । उनीहरु बालबालिका छोडेर माइतिघर मण्डला आएर धर्ना बस्न वाध्य भएका छन् । राजनीतिक नेताहरुले वास्ता गरेनन् । डाचाराम वाग्लेले उठाएको आन्दोलन पूरा गर्ने दायित्व तपाईहरुको हो । मिटरव्याजीहरुको शोषणबाट शोषित, पीडित जनताहरुको आँखामा छारो हाल्ने कार्यदल नबनाउन आग्रह गरेका छन् ।

# किसान संगठनहरुले बुझाए संयुक्त माग पत्र

*खाद्य तथा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा ठूलो हुन आएको, कृषि भूमिको खण्डीकरण र जग्गा बाँझो रहने लगायतका समस्याले अझ विकराल रुप लिने स्थिति सिर्जना हुँदै गएको सन्दर्भमा कृषि क्षेत्र र किसानका ज्वलन्त मागहरुलाई तत्काल समाधान गर्न आवश्यक ठोस् नीति, कार्यक्रम तथा योजना अघि सार्न र त्यसको प्रभावकारी कार्यन्वयन गर्न जोडदार माग गर्दछौं ।*

मिति २०७९ /०४/१४
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।
विषय : किसानका माग सम्बन्धमा ज्ञापन पत्र ।

सम्माननीय प्रधानमन्त्री ज्यू,
नेपालका ६ वटा कम्यनिष्ट पार्टी आवद्ध हामी अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केनद्र), अखिल नेपाल किसान युनियन र अखिल नेपाल अखिल नेपाल किसान महासंघ ( अप्फा), अखिल नेपाल किासन महासंघ ( क्रान्तिकारी, अखिल नेपाल किसान युनियन र अखिल नेपाल प्रगतिशील किसान संघसहित ६ किसान संघ/संगठनहरु विश्व व्यापीकरण, विशव व्यापार संगठन, नवउद्धारवादी नीतिहरु, पूँजीवादी संकटको कारण सिर्जित परिणामहरु, जलवायू संकट, कोरोना महामारी र रस-युक्रेन युद्ध आदिका कारण बढ्दो खाद्य संकट तथा कृषि क्षेत्रका आधारभूत समस्याहरुबारे । सम्माननीय प्रधानमन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउँदै समग्र कृषि क्षेत्र र किसानहरु उपेक्षित तथा तिरष्कृत हुन पुगेको , खाद्य तथा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा ठूलो हुन आएको, कृषि भूमिको खण्डीकरण र जग्गा बाँझो रहने लगायतका समस्याले अझ विकराल रुप लिने स्थिति सिर्जना हुँदै गएको सन्दर्भमा कृषि क्षेत्र र किसानका ज्वलन्त मागहरुलाई तत्काल समाधन गर्न आवश्यक ठोस् नीति, कार्यक्रम तथा योजना अघि सार्न र त्यसको प्रभावकारी कार्यन्वयन गर्न जोडदार माग गर्दछौं ।

देशमा राजनीतिक परिवर्तन पश्चात नयाँ संविधानमा भएका वैज्ञानिक भूमि सुधार लागु गर्ने र जनताको खाद्य सम्प्रभुत्ताको अधिकार सुनिस्चित गर्ने जस्तो व्यवस्था कागजमै सीमित रहेका छन् । आर्थिक रुपमा किसानको जीवन र जीविकामा सुधार ल्याउने तथा उत्पादन सम्बन्धमा आमूल परिवर्तन गर्ने काम हुन सकेको छैन । किसानहरुलाई आवश्यक गुणस्तरीय बिउविजन, मलखाद र कृषि सामाग्रीहरु समयमा उपलब्ध हुन सकेको छैन । किसान आन्दोलनका उपलब्धिहरुलाई ध्वस्त



गर्दै कृषिमा वैदेशिक लगानी भित्राउने, भूमि बैक , कपास खेती र अनुवंश परिवर्तन गरिएका खाद्य वस्तु (जिएमओ) भित्राउने जसो नीतिहरु अघि सार्ने दुस्प्रयास गरिएका छ । जुन संवैधानिक हकको रुपमा रहेको खाद सम्प्रभुत्ता र २० वर्षे कृषि विकास रणनीति (एडिएस)का विपरित छन् ।

वहुसंख्याक जनताको जिवनको आधार रहेको कृषि क्षेत्रको दिगो तथा किसानमुखी विकासबाट मात्र हाम्रो आत्मनिर्भर स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न, देशमा आद्योगिकीकरणका आधार तयार गर्ने र नेपाली जनताको समृद्धिका जग खडा गर्न सकिन्छ । यसबाट राष्ट्रिय पूँजीको निर्माण गर्न र समाजवाद उन्मूख अर्थव्यस्थाका आधारहरु सिर्जना गर्न सकिन्छ । साथै कृषि क्षेत्र र किसानका समस्याहरु आम जनताको जीवन र जीविका, राष्ट्रिय स्वाधिनता र समुन्नत विकाससँग अभिन्न रुपमा जोडिएका हुनाले किसानका समस्याहरुको समाधानका लागि नेपाल सरकारले तत्कालीन र दीर्घकालीन र कदम चाल्नु अपरिहार्य छ । अन्यथा देश गरिबी, वेरोजगारी, असुरक्षा, अभाव र खाद्य संकटको कुचक्रमा धकेलिइरहने छ । भने दीर्घकालीन रुपमा राष्ट्रिता र राष्टको सम्प्रभुत्तामानै गम्भीर आाच पुग्न जान्छ । यस परिस्थितिलाई हृदगम गरी किसानहरु र कृषि क्षेत्रसँग सम्बन्धित नीतिगत, व्यवसायिक र व्यवहारिक समस्यालाई सुत्रवद्ध गरी अघि सारिएका निम्न मागहरुलाई तीन महिनाभित्र पूरा गर्न हामी नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं । निर्धारित समयावधिभित्र किसान र कृषि क्षेत्रका समस्याहरु प्रति राज्यले वेवास्ता गरी हाम्रो मागहरु पूरा नगरमा हामी संघर्षमा उत्रनुको विकल्प नरहेको कुरा पनि यसै ज्ञापन पत्र मार्फत जानकारी गराउन चाहान्छौं ।

हाम्रा मागहरु :

१. संयुक्त राष्ट्र संघबाट जारी भएको किसान अधिकार घोषणापत्रको पक्ष राष्ट्रको रुपमा तत्काल नेपाली किसानको हक र अधिकार सुनिश्चित गर्ने गरी किसान अधिकार कानुन जारी गर । जल, जमीन, जंगल, जडिबुटी, जैविक विविधता र चरिचरनमाथि किसानको पहिलो अधिकार स्थापित गर ।

२. नेपालको संविधानमा मौलिक हकको रुपमा सुनिश्चित गरिएको जनताको खाद्य सम्प्रभुताको हक प्रत्याभूत गर्ने गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ लागु गर्ने तत्काल सो सम्बन्धी नियमावाली जारी गर ।

३. उत्पादन र स्वमित्वका आधारमा किसानहरुको वर्गीकरण गरी किसान परिचय पत्र वितरण गर र सोको आधारमा किसानहरुलाई आवश्यक सेवा, सुविधा,

सहुलियत, राहत, क्षतिपूर्ति र अनुदानको व्यवस्था गर ।

४. कृषि सम्बन्धी नीति निर्माण तथा निर्णय प्रक्रियामा किसानहरुको प्रतिनिधित्व सुनिश्चित गर ।

५. किसान परिचय पत्रका आधारमा संघीय, प्रदेश र स्थानीय तहमा किसानको संख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गर ।

६. किसानहरुको न्याय माथिको पहुँच स्थापित गर । स्थानीय तहमा किसान अदालत स्थापना गरी किसान र कृषिसँग सम्बन्धित मुद्दा मामिलामा छिटो छरितो ढंगले न्याय सम्पादन गर ।

७. कृषि उत्पादनका क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी (एफडिआई) निषेध गर ।

८. स्थानीय तहमा सामुदायिक बिउ बैंक स्थापना गरी किसानहरुले आफ्नो बिउ बचाउन, विकास गर्न संरक्षण र प्रवद्धन गर्न पाउने अधिकारलाई सुनिस्वित गर । किसानका आदिवासी, रैथाने र स्थानीय ज्ञान, सिप र प्रविधिलाई मान्यता दिँदै संरक्षण, विकास, प्रवर्द्धन, मूल प्रवाहीकरण र प्रसार गर्ने नीति अवलम्वन गर ।

९. जैविक विविधता सम्बन्धी कानुन निर्माण गरी यसको संरक्षण गर । बिउ विजन, पशुपन्छीका नश्ल र अन्य कृषि क्षेत्रका वौद्धिक सम्पत्ति माथिको हक किसानहरु, स्थानीय समुदाय र आफ्नो राज्यमा कामय रहने व्यवस्था गर । राष्ट्रिय जीन बैंकलाई अद्यावधिक गर । रैथाने बालीहरु र तिनको अनुवांशिक स्रोतको संरक्षण गर । जैविक चोरीको अन्त्य गर ।

१०. अन्तराष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान (इरि)को जीन बैंकमा राखिएका नेपाली धानका जातहरुको विवरण यथाशीघ्र सार्वजनिक गर । ती बिउ विजन र तिनका जातहरुको जैविक चोरी हुने अवस्थाको अन्त्य गर ।

१०. खाद्यबाली, तरकारी फलपूल कफी चिया, अलैंची उखु मसलाबाली, जडिबुटी, पशु, दुग्ध, कुखुरा तथा पन्छी, मत्स्य, रेशम, पुष्प, च्याउ, कृषि वन, माहुरी तथा मह, सिँचाई, जलस्रोत, प्रशोधन उद्योग आदि कृषिमा आवश्यक विषयगत उत्पादन सम्बन्धी राष्ट्रिय नीति तयार/अध्यावधिक गरी लागु गर ।

११. किसान हित विरोधी सम्पूर्ण अन्तराष्ट्रिय सन्धी/सम्झौता खारेज गर । कृषि क्षेत्रलाई विश्व व्यापार संगठनबाट अल गर ।

१२. सामन्ती भू-स्वामित्व पूर्ण रुपले अन्त्य गरी जोताह किसान र प्रत्यक्ष उत्पादनमा संलग्न किसानलाई जमीनको पूर्ण स्वामित्व प्रदान गर्ने गरी वैज्ञानिक भुमिसुधार लागु गर । किसानसंगठनका प्रतिनिधीहरु समेत समावेश भएको उच्च स्तरीय भूमिसुधार आयोग गठन गर । कृषि उत्पादनमा संलग्न सबै किसानहरुलाई आवास, खाना र जीविकापार्जन गर्न जमीन उपलब्ध गराऊ । जमीनमाथिको दोहोरो स्वामित्व अन्त्य गरी जोत्नेको स्वामित्व कायम गर । अनुपस्थित जमीनलगायत हदभन्दा बढी जमीनमा हदवन्दी लगाई जोत्ने किसानको स्वामित्व कायम गर । देशभरको जग्गाको स्वामित्व सम्बन्धी एकीकृत र वैज्ञानिक अभिलेख प्रणाली लागु गरी डिजिटल लालपुर्जा कार्डको व्यवस्था गर । भूमि र सम्पत्तिमा प्रगतिशील कर प्रणाली लागु गर । भूमि लगाय सम्पूर्ण उत्पादनका साधानमा महिलाको समान स्वामित्वको व्यवस्था गर श्रीमान श्रीमतीको नाममा संयुक्त जग्गा धनी दर्ता प्रमाण दर्ता प्रमाणपत्र-लालपुर्जा को व्यवसथा गर ।

१३. सामुदायिक र निजी गुठीहरुको जग्गा रैकरमा परिणत गरी जोताह र मोही किसानका नाममा पूर्ण स्वामित्व प्रदान गर । सबै प्रकारका गुठीमा रहेको कृषि भुमिलाई कृषि उत्पादनमा प्रयोग गर । बाँझो राख्ने र अन्य प्रयोगमा उपयोग गर्न नदेऊ ।

१४. नदी र खोला किसान भूक्षय र नदी कटानबाट प्रभावित जमीन, खोल्सा, बगर आदिलाई उकास, किसान र विकास गरी कृषि भूमिमा परिणत गर र भूमिहीन तथा गरिब किसानहरुलाई प्रदान गर । बढी भएको जमीन उत्पादन किसानलाई लिजमा उपलब्ध गराऊ ।

१५. उद्योग वा बगानको नाममा जग्गा निलिई उद्योग बनाउने र खेती पनि नगर्ने गरी बाँझो राखेका जग्गाहरु विना मुआब्जा तत्काल राष्ट्रियकरण गरी भूमिहीन किसानलाई वितरण गर हदवन्दी भन्दा बढी जमीन लिएका व्यक्ति वा फर्महरुलाई तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनमा सो जमीनको उपयोग बन्देज गर । हदवन्दी भन्दा बढीको जमीनलाई प्रयोजन परिवर्तन गर्न , हक हस्तान्तरण गर्न, लिलाम गर्न/गराउन र बेचविखन गर्न निषेध गर । गिरीवन्धु टि स्टेट तथा सोही प्रकतिका जग्गाबारे र यति होल्डिङ्ग र अन्य सरकारी सार्वजनिक जग्गाको बारेमा विगतका सरकारहरुले गरेको निर्णय तत्काल खोज गर । र दोषीहरुमाथि कडा कारवाही गर ।

१६. खाद्यान्न उत्पादन, प्रशोधन, संरक्षण र पशुपन्छीपालनलाई विशेष प्रोत्साहन गर । गैरकृषि क्षेत्रमा संलग्न जनतालाई रोजगारी तथा खानपुग्ने गरी वेतनको व्यवस्था गर । वेरोजगारलाई रोजगारीको व्यवस्था गर । भोकमरी समस्यको तत्काल समाधन गर ।

१७. प्राकृति विपत्ति खाद्य संकट र माहामारीका लागि आवश्यक खाद्यान्न भण्डारण गर्न सामुदायिक खाद्य बैंक स्थापना गर । स्थानीय तहमा आवश्यक खाद्यान्नको भण्डारण गर खाद्यान्न निर्यातलाई नियमन र नियन्त्रण गर । विदेशी खाद्यान्नको आयतलाई व्यवस्थित र नियन्त्रित गर । कृषिमा आयत प्रतिस्थापन र निर्यात प्रवर्द्धनको कार्यक्रम तर्जूमा गरी लागु गर ।

१८. साना किसान र गरिब जनतालाई खाद्य सहायता कार्य (रासन कार्ड)को व्यवस्था गर उत्पादनमा आधारित तथा उपभोक्ता सहकारी मार्फत सुलभ पसल सञ्चालन गरी सस्तोमा अत्यावश्यक सामाग्रीहरु उपलब्ध गराउन ।

१९. देशभर कुपोषण उन्मुलन कार्यक्रम लागु गर । बालबालिकाको पौष्टिक आधार सहितको खाद्य अधिकार र स्वास्थ्य अधिकार सुनिश्चित गर । विद्यालय खाजा कार्यक्रमलाई प्रभावकारी बनाऊ र त्यसमा पोषिलो स्थानीय उत्पादनलाई प्राथमिकता देऊ ।

२०. किसानलाई आवश्यक गुणस्तरीय बिउबिजन, मलखाद, जैविक विषादी, सिँचाई, ढुवानी, भण्डारण, कृषि औजार र कृषि कार्यमा प्रयोग हुने सबै सामाग्रीहरु सुपथ मूल्यमा सहज र सर्वसुलभ तरिकाले उपलब्ध गराऊ । कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृदिको ठोस कार्यक्रम ल्याई कार्यन्वयन गर । सिफारिस नभएका र नक्कली मल, बिउविजन, विषादी आदि आयत र बिक्री वितरण गर्ने माफिया गिरी र कालोबजारी बन्द गराऊ । त्यस्ता कृषि सामाग्रीका कारण हुने बालीको नोक्सानीमा किसानको उत्पादनको मूल्य बराबरको क्षतिपूर्ति त्यस्तो कम्पनी वा व्यापारहरुबाट दिलाउने व्यवस्था गर त्यस्ता माफिया र व्यापारीहरुका अनुमति पत्र रद्द गरी कडा भन्दा कडा कारवाही गर्ने नीति बनाई लागु गर ।

२१. बढ्दो महँगी नियन्त्रण गर । खाद्य तथा दैनिक उपभोग्य वस्तुको कृषिमा अभाव अन्त्य गर ।

२२. भूमिहीन तथा गरिब किसानको सबै ऋण मिनाहा गर। सिमान्तकृत तथा गरिब किसानलाई निर्व्याजी र विनाधितो ऋण दिने व्यवस्था गर। व्याजमा अनुदान सहितको कृषि ऋणलाई प्रभाकारी र व्यवहारिक रुपमा लागु गर। धितो नहुने किसानहरुलाई सामुहिक जमानीमा ऋण दिने व्यवस्था गर। व्यवसायिक किसानहरुलाई परियोजना धितोमा राखी ऋण सुविधा उपलब्ध गराउँ।

२३. सबै बैंक तथा वित्तीय संस्थाहरुलाई कृषिमा अनिवार्य रुपमा लगानी गर्ने व्यवस्था गर र लगानी नगर्ने बैंक तथा वित्तीय संस्थाहरुको अनुमति पत्र (लाइसेसन्स) रद्द गर।

२३. मुक्त कमैया, लिया, कम्हलरी, हरवा, चरवा आदिको खाद्य अधिकार, बसोवास तथा भूमिमाथिको अधिकार, शिक्षा र रोजगारी सुनिश्चित गर।

२४. कृषि श्रमिकको प्रगतिशील र न्यूनतम् ज्याला निर्धारण गर। महिला श्रमिकहरुलाई समान ज्यालाको व्यवस्था गर।

२५. कृषिमा बाली र पशुपन्छी विमामा देखिएको समस्या समाधन गरी प्रभावकारी रुपमा लागु गर। किसानले विमाको सुविधा विना झन्झट, तत्काल र सहजरुपमा पाउने व्यवस्था गर। विमा कम्पनीहरुलाई जवाफदेही बनाउने व्यवस्था गर साना किसानहरुको बाली र पशुपन्छी विमा गर्न अस्वीकार गर्ने विमा कम्पनीहरुको लाइसेन्स रद्द गर। किसानको जीवन विमाको व्यवस्था गर।

२६. आधारभूत कृषि उत्पादनको लाभकारी समर्थन मूल्य तोकी खरिद र बिक्री वितरण गर्ने व्यवस्था लागु गर।

२७. किसानहरुले कृषि क्षेत्र, सिँचाई र दुध चिस्यान केन्द्रमा प्रयोग गर्ने विद्युतमा शत प्रतिशत अनुदानको व्यवस्था गर। शीत भण्डारणमा प्रयोग गर्ने विद्युतमा अनुदानको व्यवस्था गर।

२८. उखु किसानहरुले चिनी मिलहरुबाट भुक्तानी पाउन बाँकी रकम अविलम्व व्याज सहित भुक्तानी गराउने व्यवस्था गर।

उखुको रकम भुक्तानीलाई प्रभावकारी बनाउने बक्यौता रकमको चिनी मिलले व्याज र विलम्व शुल्क तिर्नुपर्ने व्यवस्था गर सरकारद्वारा घोषणा गरिएको अनुदान तुरुन्त भुक्तानी हुने व्यवस्था गर। उखु किसानका समस्या दीर्घकालीन रुपमा समाधान गर्ने नीति तथा कार्यक्रम बनाई लागु गर। उखु खेतीको प्रवर्द्धन गर उखु किसानको सहभागीतामा उखुको मूल्य तोक्ने र किसानले उत्पादन गरेको उखुको लाभकारी (वा सोभन्दा बढी) मूल्य किन्ने व्यवस्था सुनिश्चित गर।

२९. कृषि बजारका लागि यथेष्ठ र प्रभावकारी पूर्वाधार तयार गर। कृषि उपजको बजार व्यवस्थाको जिम्मा राज्यले लिने व्यवस्था गर। खाद्यबाली, तरकरी, फलफूल, दूध लगायतका कृषि उपज तथा पशुपन्छी आदिको बिक्रीमा रहेको बिचौलियाको हालीमुहाली अन्त्य गर। किसानले कृषि तथा पशुपन्य उत्पादनको उचित मूल्य पाउने व्यवस्था गर। कृषि उत्पादनको मूल्य निर्धारण किसान स्वयंमले गर्ने व्यवस्था गर।

३०. किसानलाई निशुल्क र सर्वसुलभ रुपमा एकीकृत कृषि प्राविधिक सेवा प्रदान गर्ने गरी कृषि प्रसार सेवालाई स्थानीय तहमा विस्तार गर। प्रत्येक कृषि बजारमा एकीकृत कृषि सेवा तथा सूचना केन्द्र, शीत भण्डार, कृषि प्रशोधन केन्द्र, दूध चिस्यान केन्द र कृषि तथा कृषिजन्य उद्योग स्थापना गर।

३१. कृषि क्षेत्रमा दिइने अनुदानलाई सहज, सरल र पारदर्शी बनाई वास्तविक किसानहरुले मात्र विना झन्झट अनुदान पाउने। व्यवस्था गर। अनुदानमा हुने चलखेल, भ्रष्टाचार र दूरुपयोगको अन्तय गर। अनुदानका लागि मात्र खेतीगर्ने र अनुदान लिएपछि खेती बन्द गर्ने प्रणाली अन्त्य गर। अनुदान लिनेहरुको सूची सार्वजनिक गरी दूरुपयोग गर्नेहरुलाई कारवाही गर।

३२. प्राकृतिक प्रकोप र बालीनाली तथा पशुपन्छीमा आईपर्ने महामारीका कारण हुने नोक्सानीमा क्षतिपूर्तिको ठोस् व्यवस्था गर। भू-क्षय, बाढी पहिरो, डुवानबाट प्रभावित किसानको जमीनको निशुल्क उकास, निकास र विकासको व्यवस्था गर।

३३. किसानको बालीमा बाँदर, बँदेल, दुम्सी, हात्ती गैडा, चित्तल, निगाई, भालु आदि वन्यजन्तुबाट हुने नियन्त्रण गर। वन्यजन्तुबाट संरक्षण सम्बन्धी नीति बनाई लागु गर। वन्यजन्तुबाट हुने नोक्सानको किसानलाई उचित तत्काल दिने व्यवस्था गर।

३४. भू-उपयोग ऐन २०७६ तत्काल लागु गर। कृषि भूमिलाई उत्पादनको साधनको रुपमा कानुनी मान्यता देऊ। कृषि भूमिको खण्डीकरण र अतिक्रमण बन्द गर। भू-उपयोग कानुन अनुसार कृषि, आवास तथा सहरी क्षेत्र, उद्योग तथा कलकारखाना, विश्व विद्यालय, अस्पताल, सडक, पयर्टकीय स्थल, पार्क, बाल उद्यान, सुख्खा बन्दरगाह, वन, जङगल, चरन आदिकालागि छुटाएको जमीन अन्य प्रयोजनमा प्रयोग गर। चक्लावन्दी कार्यक्रम लागु गरी खण्डीकृत र अव्यवस्थित कृषि भूमिलाई चक्लावन्दीको रुपमा विकास गर। सहकारी तथा सामूहिक खेती प्रणाली लागु गर।

३५. भूमि बैंकसम्बन्धी व्यवस्था खारेज गर। किसानहरुको जमीन वहुराष्ट्रिय कम्पनी र दलाल पूँजीपतिहरुको हातमा पुऱ्याउन र किसानहरुलाई जमीनबाट वेदखल गर्ने काम बन्द गर।

३६. कृषि अनुसन्धान शिक्षा र प्रसारलाई एकीकृति रुपमा समेट्ने र किसानसँग प्रत्यक्ष रुपमा जोड्ने गरी पर्याप्त संख्यामा कृषि क्याम्पसहरुको व्यवस्था गर। किसानका छोराछोरीहरुले छात्रवृतिमा प्राथमिकता पाउने व्यवस्था गर।

३७. छिमेकी देश भारतसँगको सीमा समस्याको समाधान गर। कालापानी लिपुलेक र सुस्ता लगायतका देशको विभिन्न भागमा भारत सरकारद्वारा अतिक्रमण गरिएको नेपालको सम्पूर्ण भूमि फिर्ता गर। दार्जुचा जिल्लाको कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गर।

३८. किसान संगठनहरुको नेतृत्व र प्रतिनिधित्व सहित संवैधानिक राष्ट्रिय किसान आयोग गठन गर।

३९. नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर इण्डोप्यासिफिक रणनीति सहित कुनै पनि सैन्य गठवन्धनमा सहभागी नहुने कुरा सुनिश्चित गर।

४०. कृषि क्षेत्रलाई विकासको पहिलो प्राथमिकतामा राखी सोही अनुसार राज्यको नीति तथा कानुन र पर्याप्त बजेट सहितको कार्यक्रम र योजनाहरु निर्माण गर। कृषिलाई वैज्ञानिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण र शहरीकरण गर। व्यवसायिक, सामुहिक र सहकारी उत्पादन प्रणाली लागु गर।

४१. कृषि तथा कृषिजन्य उद्योगको सञ्चालन, प्रवर्द्धन र प्रोत्साहन गर। कृषि उत्पादनलाई उद्योगको मान्यता दिँदै औद्योगिकीरणको प्रक्रियामा राष्ट्रिय पूँजीलाई संरक्षण गर्ने र दलाल पूँजीलाई नियन्त्रण गर्ने नीति लागु गर।

४२. सम्पूर्ण खेतियोग्य जमीनमा सिँचाईको व्यवस्था गर। परम्परागत सिँचाईको माध्यमहरु बाँध, कुलो, नहर पैनी, पोखरी, हिमपाखेरी आदिको संरक्षण, मर्मत सम्भार र विकास गर आधुनिक सिँचाई प्रणालीको प्रवर्द्धन गर किसानको सिँचाई प्रणालीलाई प्रतिकूल असर

पर्ने गरी गरिएका नदी र खोलानालाको दर्ता खारेज गर ।

४३. नेपाल कृषि अनुसन्धान परिषद् (सार्क)लाई सक्षम बनाई राष्ट्रिय आवश्यकता अनुसार प्रभावकारी र विसानमुखी गराउने कृषि अनुसन्धान र विकासमा राज्यको लगानी बढाउन । किसानमा आधारित अनुसन्धनलाई प्रोत्साहन गर ।, कृषि अनुसन्धान, शिक्षा, प्रसार प्रविधि बिच प्रभावकारी समन्वय गर । सेवानिवृत तथा  अनुभवी कृषि वैज्ञानिकहरुको रोष्टर तयार गरी उनहरुको अनुभव र विज्ञताको सम्मान र राष्ट्रहितमा सदुपयोग गर ।

४४. शहरी क्षेत्र पशु वधशालाहरु निर्माण गरी सञ्चालन गर । छाडा चौपायाको उचित व्यवस्थापन गर र किसानहरुको बालीनाली नोक्सान हुन नदेऊ । स्थानीय बजार र सीमा क्षेत्रमा पशु हाटबजारहरु सञ्चालन गरी किसानलाई पशुपन्छी सहज तरिकाले खरिद बिक्री गनृ वातावरण तयार गर ।

४५. उत्पादन , भण्डारण र प्रशोधनजस्तो कार्यक्रम आधारित कृषि सहकारीलाई विशेष रुपले सहयोग र प्रोत्साहन गर व्यवसायिक कृषि उत्पादनका क्षेत्रमा  प्रयाप्त  संख्यामा शीत भण्डार र दूध चिस्यान केन्द्रहरुको व्यवस्था गर । जिरो इनर्जी सेला स्टोरलाई प्रोत्साहन गर ।

४६. जैविक विविधतामा आधरित दिगो कृषि र प्राङ्गारिक खेती प्रणाली लागु गर । मानव स्वास्थ्य, माटो र पर्यावरणका लागि घातक रासायनिक मल र किटनाशक विषादीलाई सूचीकृत गरी त्यसको प्रयोग गर । देशलाई १० वर्ष भित्र पूर्ण रुपमा प्राङ्गारिक उत्पादन क्षेत्र घोषणा गर्ने नीति तथा कार्यक्रम बनाईकार्यन्यवन गर ।

४७. हरेक जिल्लामा प्राङ्गारिक र जैविक मल उत्पादन कारखाना सञ्चालन गर । प्राङ्गारिक तथा जैविक मल र विषादी उत्पादन गर्ने राष्ट्रिय उद्योगहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गर ।

४८. अनुवंश हेरफेर गरिएका बाली र जीवजन्तु (जिएमओ)को उत्पादन, वितरण, आयत र प्रयोगमा प्रतिवन्ध लगाऊ ।

४९. बाली र पशुपन्छीको क्वारेनटाइनलाई प्रभावकारी रुपमा लागु गर । आम जनताको स्वास्थ्यमा घातक प्रभाव पार्ने विषादीयुक्त तरकारी र खाद्यान्नको आयत र ढुवानीलाई निषेध गर । तरकारी र खाद्यान्नमा विषादीको अवशेष परीक्षण कडाईका साथ लागु गर ।

५०. किसानलाई आवश्यक कृषि सामाग्री तथा उत्पादनका साधानहरुमा सम्पूर्ण रुपमा भन्सार लगायत अन्य करहरुमा छुट गर । कृषि उत्पादन, ढुवानी, स्थानान्तरण र निर्यातमा लाग्ने सबै किसिमको कर मुक्त गर ।

५१. विप्रेषण (रेमिटेन्स) बाट आएको रकमलाई व्यवसायिक कृषि र कृषिजन्य उद्योगमा लगाउन प्रोत्साहन गर । विदेशबाट फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने कार्यक्रम तय गरी लागु गर ।

५२. जडिबुटी नर्सरी, उत्पादन, प्रशोधन, धुवानी र बिक्री वितरणको कार्यलाई प्रोत्साहन र प्रर्वद्धन गर । जडिबुटी उत्पादन र उद्योग सञ्चालनमा अनुदानको व्यवस्था गर । जडिबुटी र आयुर्वेदिक औषधिको निर्यात र अन्तर्राष्ट्रिय बजारका लागि प्रभावकारी सहजीकरण गर । जडिबुटी सहकारीहरुलाई प्रवर्द्धन, प्रोत्साहन र प्राथमिकताका साथ सञ्चालन गर । जडिबुटीको संकलन ढुवानीलाई सरलीकरण गर ।

५३. नेपालको तराई क्षेत्रको कृषि उत्पादन र जनताको जीवनमा अत्यन्तै महत्वको रहेको चुरे क्षेत्रको तीव्र विनाश रोक्न कडा नीति अवलम्वन गर । चुरे संरक्षणका कार्यक्रमहरुलाई किसानमुखी र प्रभावकारी बनाऊ । राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा किसानहरुको सहभागिताको सुनिश्चित गर ।

५४. महिला किसानहरुको अधिकार सुनिश्चित गर । कृषि उत्पादनमा महिलामैत्री प्रविधि तथा यन्त्र-उपकरणको अनुसन्धान, विकास र प्रवर्द्धन गर ।

५५. राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षित क्षेत्रहरुको नजिक र मध्यवर्ती क्षेत्रमा लामो समयदेखि जोतभोग गरेका जनताको भूमि अधिकार सुनिश्चित गर । त्यसलाई सहजीकरण गर्न आवश्यक ऐन, नियम, कानुनहरु संशोधन गर ।

५६. किसान र कृषिसँग सम्बन्धित कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, उर्जा तथा सिँचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय बिचमा अन्तरमनलाई समन्वयलाई प्रभावकारी बनाई कृषि विकासका कार्यक्रमहरुलाई एकीकृत ढंगले अगाडि बढाऊ । यी सबे मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगको नीति निर्माण र कार्यक्रम तथा योजना तर्जुमामा किसान संघ/संगठनहरुको सहभागीता सुनिश्चित गर ।

५७. नेपाली जनताको जीवन र जीविकाको आधारको रुपमा रहेको खाद्य र कृषि क्षेत्रलाई जनघाती तथा किसानविरोधी नवउदारवादी नीतिहरुबाट मुक्त गर । किसानहरुको संरक्षण । सम्पूर्ण सम्पूर्ण किसानविरोधी नीति, ऐन-कानुन खारेज गर ।

चित्रबहादुर श्रेष्ठ, बलराम बाँस्कोटा,
भैरव रेग्मी, सीताराम तामाङ रामदुलार महत्तो  दुर्गाप्रसाद जैसी,
अखिल नेपाल किसान महासंघ अखिल नेपाल किसान महासंघ अखिल नेपाल किसान महासंघ क्रान्तिकारी केन्द्र (अप्फा)

अखिल नेपाल किसान महासंघ
अखिल नेपाल किसान यूनियन
अखिल नेपाल किसान महासंघ


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तदेशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# किसान महासंघको तेस्रो विस्तारित बैठक

काठमाडौं साउन १८ अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का अध्यक्ष चित्रबहादुर श्रेष्ठको अध्यक्षतामा केन्द्रीय सचिवालयको दोस्रो विस्तारित बैठक सम्पन्न भएको छ।

उक्त बैठकमा नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष कृष्णबहादुर महराको विशेष आतिथ्यमा सम्पन्न भएको उक्त बैठकमा अध्यक्ष चित्रबहादुर श्रेष्ठले देशको किसान संगठन महत्वपूर्ण मोडमा भएकाले अगाडि बढाउने



जिम्मेवारी आएको छ। आगामी कार्ययोजना उपादन सहकार्य यहीको उत्पादन ब्रिगेड प्रदेश स्तरीय उत्पादन सहकारी आर्थिक अवस्था कमजोर बनेको बताइएको छ। किसान पेन्सन, किसानको सम्प्रभुत्ता, समृद्धिको आधार किसान भएकाले ६० वर्ष नाघेपछि पेन्सनको घोषणा गर्नु पर्ने र संगठनले उत्पादन सहकारी गठन गर्ने निर्णय गर्नु पर्ने बताइएको छ।

बैठकमा जुगेडी संघर्ष, भीमदत्त पन्त स्मृति स्मृति तथा सहिद दिवस मनाउने निर्णय गरेको छ।

उक्त बैठकमा प्रदेश १ नं. प्रदेश संयोजक घनश्याम थापाले ५ वटा जिल्लामा समिति सदस्य ४१-३५-३५-२७ लाख संगठन स्वरुप, गम्भीर हुनुपर्ने निष्कर्ष निकालेको छ। एमालेको संगठन बलियो छ। हिजोकै सञ्जाल सक्रिय छन्। आलोचित हुनु पर्छ। एकता पछि स्थानीय निर्वाचन पछि संगठन कमजोर भएको छ। निर्वाचनमा विजयी सम्भावना हुँदा-हुँदै अवसर पाएन।

हामी जस्ता युवाहरु सम्पर्कमा पुग्नुपर्छ। स्थानीय निर्वाचन समीक्षा हुनुपर्छ। भूमि आयोगको सदस्य भएकाले बाजेको नाममा जमीन र छोराहरु नातीहरुका बाजेको नाममा २/३ सय रोपनी छ। नापीसम्म आइपुग्दा १० रोपनी हुन्छ होला। २०२८ सालमा नापी गरेको जग्गाका धनीहरु बसेका छन्। इलाम जिल्लाको चुलाचुलीका अरु परिवार सबै सुकम्वासी जतिकै भएका छन्। बाबु नाति सुकुम्वासी भएका छन्।

प्रेम वराल मधेश प्रदेश ७ वटा जिल्लामा मात्र संगठन छन्। पर्सा जिल्लामा १८ सय विगाह गम्भीर शाहको हलीमा, वेदखल भयो। ज्वाला शाह र प्रभु शाहको नेतृत्वमा वेदखल गर्ने कार्य भयो। म तत्कालीन जनमुक्ति सेनाको मेडिकल युनिटमा थियो। समाजवादी पार्टी अगाडि बढाउने हो भने हाम्रो संगठन लथालिङ्ग हुन्छन्। किसान संगठनमा बसेका साथीहरुलाई पार्टीका साधारण संगठनमा बस्ने मानिसले गन्दैनन्। किसान संगठनमा लाग्ने हो भने उत्पादनमा जोडिनु पर्छ। संगठनलाई चिन्ने हो। हाम्रो पार्टी हराएको छ। अब मैले जग्गा दलाल बन्नु पर्छ। जग्गा दलाल भइयो भने करोड कमाई हुन्छ। यो यस्तो अवस्थामा हामी चुनाव लड्न सक्दैनौं। ५ करोडको धन कहाबाट आउँछ। गुन्द्रुक १ करोड ७१ लाखको आयो सिम्वोलिक हाम्रो पार्टी, कतातिर फर्केको छ ? जसले गऱ्यो त्यसले क्रेडिट लिन्छ।

हाम्रो संगठनमा त्यति मजाकको छैन।

मिथिला सहकारी उत्पादन मधेश प्रदेशले नेपाललाई खान पुग्ने व्यवस्था हुन्छ। प्रदेश पालिकामा इलाकामा पीचतिर लागेको छ। संगठनलाई पुनः सुधार गर्न नेतृत्व शक्ति हामीसँग फाटेको छ। पोटेनशीयल जनशक्ति हामीसँग छैन। यसको उत्तर पार्टीले दिनुपर्छ। रिपोर्ट रिपोर्टको लागि भन्दा सच्याउने सकियो भने अगाडि बढ्न सक्छ नत्र विघटन हुन्छ।

रामप्रसाद दाहाल बागमती प्रदेश ६५ जनाको समितिको छ।१३ जिल्ला मध्ये १२ वटा जिल्ला समिति छन्। निष्क्रिय छन्। उर्जा थप्नु पर्ने अवस्था छ। रिपोर्टको लागि ६५ जनाको समिति छ।१३ जिल्ला निष्क्रिय छन्। उर्जा थप्नु पर्ने अवस्था छ। सिन्धुपाल्चोक जिल्ला कमिटी छैन। वस्तुगत संगठन दूध संगठनको स्वरुपमा माथि छौं। उत्पादनसँग नजोडिने हो भने संगठन बनाउन सक्दैनौं। किसान संगठनले पार्टी संगठन बनाउने हो। वडा कमिटीको माथिल्लो चिन्दैंन। चक्लावन्दी उत्पादन सम्बन्ध जोडिएन भने काम गर्न सक्दैनौं। मल, बीउको समस्या छ। पाए हसुर्छ। नपाए कराउँछ।

पशुपन्छिबाट उब्जाउ भएको समस्या भोला पोखरेलको जमीन लिलाम हुने अवस्था छ। विचौलियाको पैसा पठाउने। नयाँ ढंगबाट जाने वातावरण बनोस्। अनुदान १५ लाख पाएपछि १५ लाख ऋण खोज्नु पर्छ। साना किसानले कहाँ पाउँछ १५ लाख रुपैयाँ ? बजारीकरण गर्न जसले उत्पादन गर्छ उसले बेच्नु पाउने वातावरण बनाउनु पर्छ।

गण्डकी प्रदेशका संयोजक ऋषिराम भुसालले ८ वटा जिल्लामा क्रियाशील छ। मनाङ र मुस्ताङमा समस्या छैन। कमिटी बनेको छ। उत्पादनसँग जोडिएको छ। पार्टी दृष्टिकोण फरक छन्।

पार्टीले किसान महासंघलाई हेर्ने दृष्टिकोण रिजर्व गरियोस्। माग पत्र कार्यन्वयन गर्न आग्रह गर्दछु। मल बिउको समस्या छ। २४ प्रति केजी पर्नेमा पर्नेमा ६५ रुपैयाँ पर्छ।

अखिल नेपाल किसान महासंघका सचिव नहेन्द्र खड्काले संगठन हामीसँग ईमान्दारिता छ। संगठनात्मक हिसावले २०५४ सालबाट किसान संघको समावेश हुन सकेन। विषयगत संगठन गठन गरेका छौं। कार्यालय नियमित सञ्चालनमा छ। ६ वटा किसान संगठनहरुसित आन्दोलनको लागि कार्यगत एकता गरि संयुक्त विज्ञाप्तिहरु जारी गरिएका छौं।

नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष कृष्ण बहादुर महराले पार्टी बिग्रेको छ। देशपनि बिग्रेको छ।

२०६४ सालमा सबभन्दा ठूलो पार्टी थियो जनयुद्धमा सामन्तवादसँग शान्ति सम्झौता गऱ्यौं। शान्ति सम्झौता आवश्यकता थियो। देशको शक्ति सन्तुलन समान्तवादलाई फाल्यौं। साम्राज्यवाद उसले दलाल नोकरशाही तन्त्रलाई उठाईरह्यो।

म अर्थ मन्त्री थिए। आवश्यकता थियो। म अर्थमन्त्री थिएँ बिहारबाट तरकारी आउँथ्यो किसानबाट मुक्त भएर अन्त नजानु। प्रति क्रान्ति त्यहीबाट शुरु भएको छ। जनसम्बन्ध

कमजोर भएको छ। सम्बन्ध कमजोर भएको छ। समाजवादको बाटो हिजो श्रमसँग जोडिन्थ्यो। आज समाजवाद भनेको सबै मिलीजुली काम गर्ने हो। अहिले, सबैलाई काम गराउने एक्लैले खाने भएको छ। कार्लमार्क्सले मार्क्सवादलाई अन्तर्राष्ट्रिय बनाउनु भयो। हेर्दाहेर्दै आफैलाई खाने भयो। स्थायी कमिटी बनाउने सकेका छैन। किसान मोर्चा नै एलर्ट ग्रुप हो। बनाउने, ताइवानमा सेना आउन लागेको छ। साम्राज्यवाद हात हाल्न खोज्दै छ। साम्राज्यवाद विरुद्ध मोर्चा हुन जरुरी छ। किसान श्रम र उत्पादन जोडिएको संगठन हो। किसान संगठन नै जनताको संगठन हो। समाजवाद र निर्वाचन गर्ने आधार सशक्त र सक्रिय हुनुपर्छ साम्राज्यवादसँग जुझ्न किसान संगठन नै हो। पार्टी अगाडि बढ्न तत्पर छ। पार्टी भित्र दलाल मनोवृति छ। सबै होइन किसान संगठन र जनसाध्य धनी बनाउनृ लाग्नु होस्।

लुम्बिनी प्रदेश इन्चार्ज सेशुराम भण्डारीले रिपोर्टहरु पार्टीको हितमा भएको, महिलाका किसानहरु अगाडि बढिरहेको छ।

पार्टीलाई कार्यक्रम नभई वास्तविक संगठन बनाउनु पर्छ।

विशिष्टकृत सहकारी सहाहार्य अनुदान ल्याएर कुरा भएका छन्। सबै कुरा हामीले मात्र प्रयोग गरेको छ। जनताको बीचमा गएर अभियान जनताकै बीचमा गएर बस्ने अभियान गरौं। पार्टीको काम संघले गरेको छ। आज संगठनलाई हेला भएको छ। जिल्ला प्रदेश पार्टी संगठन मिलेर अगाडि बढ्नु पर्छ। किसान संगठन वर्गीय संगठन हो। विचार समूह गठन गर्न किसान-किसान संगठनको सिद्धान्त अनुसार सक्रिय हुनुपर्छ। ईमान्दार भएर अघि बढौं। उत्पादनको मोडलसँग मिल्ने मल ल्याउन पालिकास्तरीय विशिष्तकृत बनाउने ठूलो स्केलको कृषि उद्योग सञ्चालन गर्न सक्छौं। दाङ जिल्लामा भूमि आयोग गठन भएका छैन। कर्णाली प्रदेश : केन्द्रीय कार्यलाई भूगोलले गर्ने कार्य स्थानीय गर्ने कार्य। व्यक्तिले गर्ने कुरा हो। दाङ, काठमाडौं, बर्दिय पहिलो हकदार सुकुम्वासी हो।

सुदुरपश्चिम संयोजक टोपबहादुर खड्काले संगठनको स्वरुप साँघुरो हुँदै गएको मैले देखेको छु। पार्टी सत्ताको लागि लागेको छ। काँग्रेस एमालेसँग सम्बन्ध जोडिएको छ। संगठनका नेताहरु पन्ध्र बीस हजार खर्च गरेपनि आइरहेको छौं। पार्टी संगठन भद्दा हुने गरेको छ। संगठनको एक सशक्त सदस्य भएको हिसाबले हामीलाई संगठनको चिन्ता लाग्छ।

हेडक्वाटरले राम्रो काम गरेको छ। संगठनमा जुझारु आधार बन्न सकेको छैन। आलोचना समेत नस्वीकार्ने प्रवृति बढेको छ। संगठन र पार्टी पनि धरासायी बन्दै गएको छ। १८ चोटी मन्त्री भएका छन्।

काठमाडौं हेडक्वाटर र वरिपरि घुम्नेले मात्र १५ पटक सफल मन्त्री भएको छन्। फेसबुक प्रचारले मात्र पुग्दैन।

नेकपा (माओवादी केन्द्र) पोलिटव्यूरो सदस्य तथा फ्याक्सन ईन्चार्ज सुनिल कुमार मानन्धरले कोभिडको कारण पार्टीको बैंठक समेत जुममा सिमित हुनुपर्‍यो।

बैठकको स्थिति, किसान महासंघ समस्याको बारेमा पार्टी अध्यक्षसँग रिपोर्टिङ्ग गर्ने विस्वास दिलाउन चाहन्छु। अब ग्रास रुटमा जाने संगठननै किसानको संगठन हो। डोजर र प्लटिङ्गको बाहेक कुरा हुँदैन। अब शहर केन्द्रीत संगठन हुनु हुँदैन।

धनी किसानहरु कृषि आधारित छैनन्। किसानको ठूलो परियोजनाहरु उनीहरुलेनै कब्जा गर्छन्। किसानको नाममा वजेट गईराखेका छन्। पहुँच नभएका किसानको लागि संगठन चाहियो जसले कृषि भएन परिवारनै पाल्न सक्दैन। पहुँच नभएकाहरु किसान संगठन चाहिन्छ। साना माझौला भूमिहीनको लागि लड्नु परेको छ। किसान महासंघको पछि लागेर हामीलाई फाइदा छैन भन्ने सोच्न सक्छ। समयले साथ दियो भने ग्रामीण क्षेत्रमा एउटा गाई पनि पाल्न नसक्ने किसानले जस्ले विश्वास गर्न वाध्य भएको छ। महाधिवशेनको दस्तावेज पढ्नु। अबको कुन बाटोमा हिड्ने ?

हिजो अमेरिकाको अवस्थामा ताइवानको प्रभाव हामी कहाँ पर्छ ? भारतको केही कुरा छ। नयाँ संकट पर्न सक्छ। यसमा साना किसान भूमिहिन किसानलाई पर्न सक्छ। सबभन्दा पहिले आवाज उठाउनु पर्छ। विषयगत जोडियो भने पुग्न सक्छ।

**बासुदेव उपाध्याय काभ्रे :**

किसानलाई ध्यान नदिने हो भने मध्यम वर्ग र ठालुहरुको पार्टी हुनसक्छ। मूलत किसान नै हो। विषयगत संगठनको भूमिका के हो त ?

अखिल नेपाल किसान महासंघ सचिव तथा राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले लामो इतिहास भएकाहरुलाई ढिलै भएपनि न्याय मिलेको छ। पूर्व उपा-अध्यक्ष, नेकपा (माओवादी केन्द्र)का निर्वाचन आयोगका प्रमुख कुवेर ओली तीनचार वर्ष वर्ष भूमिका विहिन भएर बसेका थिए। पार्टीमा बस्दा अल्छि भएर बस्ने काम कहिल्यै गरिएन। हाम्रो जनयुद्ध काल किसान संघर्ष कस्तो थियो ? अहिले कसरी चलेको छ ? दर्शन, विचार, सिद्धान्त, अनुसार पार्टीलाई बनाई राखेको हुन्छ।

क्रान्तिकारी संगठनले पार्टीलाई झक्झकाउनु पर्छ, प्रचार गर्नुपर्छ। पार्टीलाई पुष्टि गर्न व्यवहारको विचमा मिलाउनु पर्छ। संगठनलाई जुझारु बनाउनका निम्ति २ वटामै जानु पर्छ। वास्वतमा जीवन त्यहाँ देखिन्छ। आन्दोलनलाई निर्माण गर्ने कुरा हुन्। पार्टीले हिजोको जस्तो फटाह र सुदखोरलाई कारवाही गर्नुपर्ने अवस्था अहिले छैन। पार्टीको नीति स्वरुप भिन्न अनुसार जानु पर्छ। सत्ताको भ्रष्टचार नयाँ ढंगले अगाडि बढाउनु पर्छ। हेर्ने दृष्टिकोणमा कमजोरी हुनुसक्छ। किसान संगठन निर्माण हुनु भनेको पार्टी संगठन बढ्नु हो।

किसान संगठनको इतिहासलाई पार्टी सञ्चालन गर्न किसान संगठननै थियो।

चित्र बहादुर श्रेष्ठ अन्य जनवर्गीय संगठनमा मन भाँचीएको स्थिति छ। अब त म पार्टीको सिसि कमिटीमा हुन्छ। कुनै व्यक्तिको समस्या व्यक्ति, होइन। हाम्रो राजनीति जीवन राष्ट्रिय किसान आयोग र सरकारमा गएर भूमिका निर्वाह गर्ने सक्ने साथीहरु पठाउने प्रयास गरेका छौं। विषयगत प्रतिनिधित्व गरि महासंघ गठन गर्ने। असोज ७/८ काठमाडौं राष्ट्रिय गरिसक्ने। भेलामा प्रतिनिधीको छनौंट महासंघका सबै केन्द्रीय सदस्य, पेशगात संगठनबाट केन्द्रीय संयोजक, एकै प्रकृतिको नभएका संगठनबाट ४ जना प्रतिनिधी बोलाउने निर्याय गरियो।

**संघर्ष सम्बन्धी :**

निरन्जन गोविन्द वैद्यको संयोजकत्वमा किसान संघ गठन भयो। हाम्रो पार्टी धरातल छ। २०७३ सालमा वर्दिवासमा सम्मेलन गरि पार्टीलाई तराई गएर काम गर्ने वातावरण बनाउने काम गरेको थियो। संगठनलाई चलायामान बनाउन वर्गीय पक्ष धरातललाई पछ्याउने र आन्दोलन गर्नु पर्ने रहेछ। धुली कसिङ्गर छ भने सफा गर्न आन्दोलनले मात्र समाधान गर्नेछ। किसान आन्दोलनले मात्रै शुद्धिकरण गर्न सक्छ। अब आन्दोलन वैधानिक र घोषित रुपमा लान्छौं। शान्तिपूर्ण ढंगले जनपरिचालन गर्दै अन्य किसान संगठनलाई पनि छलफल गरि आन्दोलनमा जान सहमत बनाएका छौं।

# ३० औं किसान सहिद दिवस तथा ६९ औं भीमदत्त पन्त स्मृति दिवस

काठमाडौं साउन १७ अखिल नेपाल किसान महासंघको आयोजनामा ३० औं किसान सहिद दिवस तथा ६९ औं भीमदत्त पन्त स्मृति दिवस कार्यक्रम अनामनगरस्थित सम्वाद डबलीमा नेकपा माओवादी केन्द्रका महासचिव तथा अर्थमन्त्री जनार्दन शर्माको प्रमुख आथित्यका सम्पन्न भएको छ ।



कार्यक्रममा सम्वोधन गर्दै अर्थमन्त्री जनार्दन शर्माले कृषि क्षेत्रको विकासको लागि सबै संगठनहरु एकजुट भएर लाग्नु पर्ने बताए । शर्माले कृषि क्षेत्रको विकासले मात्र नेपालको अर्थतन्त्रको उत्थान र विकासलाई सहयोग पुऱ्याउने ।

लुम्बिनी प्रदेश संयोजक शेसुराम भण्डारीले सहिदहरु राष्ट्रियता, जनताको जनजीविका, राष्ट्रिय स्वाभिमानका लागि शासकहरु बीच कहिल्यै झुक्नु भएन ।

व्यक्तिगत रुपमा चाकरी चापलुसीमा छन् भने, भीमदत्त पन्तमाथि अपमान हुनेछ । किसानको एजेण्डा, विज्ञाप्ति र निर्देशनले मात्र पुग्दैन, किसान कहाँ पुग्न पर्छ ।

नेकपा माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य तथा अखिल नेपाल किसान महासंघका फ्याक्सन इन्चार्ज सुनिल मानन्धरले समयमा वर्षात् भएन । अहिले वर्षात् भईरहेको छ । यसपाली खाद्यान्नको अभाव हुनसक्छ । विदेश पलायन रोक्न, किसान महासंघले खाद्य संकट उत्पादन हुने । किसिमले हुन दिन दवाब सिर्जना गर्नुपर्छ ।

किसानहरु अन्तर्राष्ट्रिय परिस्थितिको कारण भारतले खाद्यन्न नपठाउने अवस्था आउन सक्छ । कृषि उत्पादन खाद्यान्न मुल्य समस्याको रुपमा अगाडि आएको छ । किसानहरु सजग र सचेत हुनुपर्छ । हामी जे कुरा गर्दै छौं त्यो नहुन सक्छ । गणतन्त्र आएका छन् । शिर्षक भ्यान हुन सक्छन् । मुद्दाहरु यथावत छन् । संघर्षले मात्र किसान संगठन जिउँदो हुनसक्छ । संयोगवश मेरो बुबा विष्णुबहादुर मानन्धर र भीमदत्त पन्त जेलमा भेट भएका थिए । मेरो बुबा वारा रौतहत पर्सा जिल्लातिर किसान आन्दोलनमा लाग्नु भएको थियो । त्यतिबेला आन्दोलनको रुपमा किसानहरु अगाडि थिए । हामीले कृषि क्षेत्रमा केही न केही गऱ्यो भने सहिद प्रति सच्चा श्रद्धा हुनसक्छ ।

किसान महासंघका उपाध्यक्ष तथा नेकपा ( माओवादी केन्द्र)का निर्वाचन आयुक्त कुवेर ओलीले संगठनले राम्रो काम गरेको देख्न मन लाग्छ । “कि त जोत हलो, कित छोड थलो ।” मलाई लाग्छ नेपालमा भएको १० वर्षे जनयुद्ध पनि किसान संघर्ष नै थियो । ओलीका अनुसार संघर्षको स्वरुप नयाँ नयाँ ढंगले आएकाले अब क्रान्ति पनि नयाँ ढंगले गर्नु आवश्यक भएको बताइएको छ । वैज्ञानिक समाजवाद लागु भएमात्र जनताको अधिकार प्राप्त गर्न सक्छ ।

किसान महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठले कार्यक्रम सामान्य छैन । महान सहिदहरुको सदस्यलाई राजनीतिक परिवर्तन गऱ्यौं । जनताको परिवर्तनलाई पूरा गर्न सकेका छैनौं । थोरै अन्यौलमा पऱ्यौं । सरकारमा पनि सहभागी भएका छौं । नेपाली जनताले सरकारको विरोध गर्नुपर्छ । किसानको अधिकार प्राप्त गर्न, किसानको झण्डा उठाउन, सरकारको विरोध गर्नु हुन्न भन्ने मानिसिकता त्याग्नु सक्नु पर्छ । संगठनको तर्फबाट प्रतिवद्धता व्यक्त गर्न चाान्छ । प्रधानमन्त्री शेरबहादुर देउवा समक्षा हा सबै किसान संगठनहरुले ३ महिको अल्टिमेटम सहित ५७ सुत्रीय माग राखेको छौं । मागहरु पूरा नगर आन्दोलन गर्न वाध्य हुने छौं ।

## जनहितको लागि समर्पित सूचना

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं ।

**कृषि जर्नल मासिक**

# उखु उत्पादनमा लाग्ने प्लासी बोररको व्यवस्थापन

उखु नेपालको म्रमुख नगदे र औद्योगिक बाली हो यसको खती तराई र मध्य पहाडमा गरिने भएपनि व्यवसायिक रुपमा यसको खेती तराईमा गर्ने गरिएको छ । आव २०१२/२०१३ को तथ्याङ्क अनुसार नेपालमा ६४४८३ हेक्टरमा उखु खेती गरी २९३०००० मेट्रिक टन उत्पादन भएको देखिन्छ । नेपालमा उखुको उत्पादकत्व ४५.४३८ मे. टन प्रति हेक्टर रहेको छ जुन उत्पादन गर्ने अन्य मुलुकहरुको तुलनामा ज्यादै कम छ । उखुको उत्पादकत्व वृद्धिमा देखा परेका मुख्य समस्याहरु यस प्रकार छन् ।



-देश भित्र विद्यमान जलवायू उखुको प्रजनन्को लाग उपयुक्त नभएकाले प्रजनन् कार्यको अभाव र अन्य देशहरुमा नयाँ जात आयत हुने र अन्य देशहरुको नयाँ जात आयत् हुन नसकी रोग र कीरा अवरोधक, बढी उत्पादन क्षमता र उच्च गुणस्तर (चिनीको मात्रा) भएको स्थानिय हावापानी र माटो सुँदो जातको अभाव रहेको छ ।

-उखु रोपाई र कटानीको कार्यमा उचित यान्त्रीकरणको अभावमा धेरै श्रमको आवश्यकता भई बढी खर्चिलो हुनुको साथै बढी श्रम खर्च गर्नु पर्ने हुन्छ ।

-प्रमुख रोग मध्ये रेड रट र स्मटको अधिकांश उखु खेती क्षेत्रमा व्यापक प्रकोप भएको र यिनीहरुको व्यवस्थापनको प्रभावकारी विधि उपलब्ध नभएका ।

उखुमा धेरै प्रकारको कीराहरुले आक्रमण गर्ने गरेको र पहिले नदेखिएका कीराहरुको माहामारी प्रायः हरेक वर्ष कुनै न कुनै क्षेत्रमा देखा पर्न थालेको छ । उपरोक्त मध्ये कीराको प्रकोपबाट उत्पन्न समस्याले गर्दा नेपालमा विद्यमान चिनी उद्योग र कृषकहरुलाई बढि पिरोलेको देखिन्छ भने । प्रस्तावित उद्योग स्थापना गर्न उद्योगपतिहरु संशकित भएहाल्छन् । केही वर्ष अगाडिसम्म खासै आर्थिक नोक्सान नगर्ने पायरिला, सेतोभिँगा, कत्लेकीरा, कालो पतेरो, भुवादार लाही र प्लासी बोरर जस्तो कीराहरु हाल आएर ठूलो चुनौतीको रुपमा देखा पर्न थालेका छन् । वर्तमान अवस्थामा निकै हानीकारक स्थितिमा देखिएको प्लासी बोररको बारेमा यहाँ चर्चा गरिएको छ ।

**१२.१ प्लासी बोरर कीराको परिचय :**
प्यासी बोरर, Plassary borer (Chilo tumidicostalis Hampson) आर्थिक रुपमा क्षेति गर्ने उखुको एक महत्वपूर्ण कीरा हो । नेपालको पूर्वी तराईमा नोक्सान गर्न थालेको छ भने हरेक २-३ वर्षमा व्यापक रुपमा प्रकोप देखिन थालेको छ । महामारीको रुपमा नदेखिए तापनि यो कीरा महोत्तरी, सर्लाही, रौतहट, वारा र पर्सा जिल्लाहरुमा पनि देखा परेकोछ ।

नेपाल बाहेक भारतका पश्चिम बंगाल, बिहार र आसामका साथै अन्य देशहरुमा बंगलादेश म्यानमार, पाकिस्तान तथा थाईल्याण्डका केही क्षेत्रहरुमा पनि यो कीराको समस्या देखिएको छ । यो कीराले विशेष रुपमा उखुमा मात्र क्षति गर्दछ । हाल गरिएको अध्ययनहरुले प्लासी गवारोको समस्या केही वर्षयता बढ्दो क्रम रहेको देखिएको छ ।

१२.२ यो कीरा माघ महिनाको अन्त्यदेखि कार्तिक/मंसीर मंसीरसम्म सक्रिय रहन्छ र प्रति वर्ष यसको ५ देखि ६ पुस्ता निस्कन्छन् । भाद्र महिनाको तेस्रो हप्तादेखि कार्तिकको पहिलो हप्तासम्म यो कीराको क्षति उच्चतम् स्तरमा रहन्छ । यस कीराको जीवन चक्र पूरा हुन ३९ देखि ६४ दिनको समय लाग्दछ । यो फूल अवस्थाको ७, लार्भा अवस्थामा २६ देखि ४६ र प्यूपा अवस्थामा ६ देखि ११ दिनसम्म रहन्छ ।

**१२.३ कीराको पहिचान :**
यो कीराको लार्भाको विभिन्न अवस्थाहरु (इन्स्टारहरु) एकनासको नभई यिनीहरुको स्वरुप फरक-फरक हुन्छ । यिनीहरुको ४ विशेष प्रकारका लार्भाका रुपमा हुन्छन् । तथापी आम रुपमा यो कीराको लार्भाको पछाडि ढाडमा ४ वटा गुलाबी खैरो अथवा वैजनी रंगको लामो धर्साहरु हुन्छन् । यसको वयस्क पुतली दालचीनीको रङ्ग जस्तो खैरो हुन्छन् । जसमा रातो अथवा गाढा फैलिएको खैरो रङ्गको कत्लाहरु छरिएका जस्तो देखिन्छ ।

**१२.४ क्षतिको लक्षण तथा स्तर :**
उखुको माथिको टुप्पो सुकेको लक्षण देखिएमा यो गवारोले गरेको क्षेति हो भनेर सजिलै पहिचान गर्न सकिन्छ । उखुको डाँठमा यसले दुई प्रकारको क्षति गर्दछ ।

१) प्रारम्भिक स्तरका क्षति : भर्खर फूलबाट निस्केका गवारोका लार्भाहरु उखुको लाँक्राको माथिल्लो ३ देखि ५ वटा अन्तर डाँठमा जम्मा

भई सुरुङ्ग बनाई शुरुमा क्षति गर्दछन् । एउटै उखुको लाँकामा सालाखाला १५-२० वटासम्म लार्भाहरु देखिने भएपनि १०० भन्दा बढी लार्भाहरु संकलन गरिएको वैज्ञानिकहरुको प्रतिवेदनमा उल्लेख छ । यस अवस्थाको क्षति मा कीराका चम्किलो रातो रंगका ताजा विष्टाहरु लाकाका माथिल्लो अन्तरडाँठको पातहरु सुक्दछन् । प्रभावित लाँकाका सजिलै भाँचिन्छन् । क्षति भएको अन्तरडाँठ नजिकै रहेको आँख्लाबाट लाम्चो जराहरु निस्कन्छन् । र तलको अन्तर डाँठलाई ढाक्दछन् ।

२) द्धितियस्तरको क्षति : केही दिनपछि समुहमा बसी खाई हुर्की सकेपछि सो स्थानबाट लार्भाहरु बाहिर निस्कन्छन् । यी लार्भाहरु सोही बोटको तल्लो भाग वा नजिकै रहेको अन्यबोटमा पुन: प्रवेश गरी भित्रभित्रै सुरुङ्ग बनाई खान थाल्छन् । यस प्रकारको क्षतिमा डाँठको टुप्पो सुक्दैन तर लार्भाहरुले डाँठको ५ वटा अन्तर डाँठसम्म पुग्नेगरी लामो सुरुङ्ग बनाउँदछन् । यस प्रकारको आक्रमणमा समेत एकभन्दा बढी लार्भाहरु एउटै अन्तर डाँठबाट फेला पार्न सकिन्छ । यो कीराको गम्भीर रुपमा आक्रमण भएमा उखुको उत्पादनमा प्रति हेक्टर ३० देखि ५० टनसम्म क्षेति हुन सक्दछ । र चिनीको मात्रामा पनि निकै ह्रास आउँदछ ।

२०७९ साल मंसीरमा प्लासी बोररको प्रकोप भएको अवथामा गरिएको एक अध्ययनमा विभिन्न कृषकहरुको उखुबालीमा प्लासी बोररले ९० देखि १०० प्रतिशतसम्म बिरुवामा क्षति ((Incidencnce) गरेको पाइएको थियो । क्षतिग्रस्त उखुलाई काटेर हेर्दा ५४.५ देखि १०० प्रतिशतसम्म भाग प्लासी बोररले नष्ट गरेको (Scenary) पाइयो । त्यसैगरी क्षति ग्रस्त उखुहरुमा प्लासी बोररको विभिन्न अवस्थामध्ये परिपक्व लार्भा र प्यूपाहरुको संख्या अत्याधिक रुपमा रहेको पाइयो । केही बोटबाट कोटसिया प्रजातिको परजिवीका कोयाहरु (pupa) फेला परेको हुँदा प्लासी बोररको व्यवस्थापनमा हुनसक्ने यसको भूमिमा लगायत यसको विविध पक्षमा विस्तृत अध्ययन गर्दा प्रकोपग्रस्त क्षेत्रमा ती लार्भा र प्यूपाहरुमा एकल परजिवीहरु (Pesticides) तथा कीराका जीवाणुहरु (Entomo pathogen)को उपस्थिति रहेको पाइएको थियो ।

१२.५ व्यवस्थापनका उपायहरु :

बाली तथा कीराको अनुगमन : कीराको सफल व्यवस्थापनको लागि कीराको संख्या कुन रुपमा र कहिले बढी रहेको छ । जान्न आवश्यक हुन्छ । तसर्थ बाली लगाएदेखि नकाटुन्जेलसम्म नियमित रुपमा अवलोकन गर्न आवशयक छ । यसको लागि खेतको विभिन्न भागको प्रतिनिधित्व हुने गरि ५-१० स्थानमा सम्भव भए २ मिटर लम्वाईको तीन-तीन पंक्ति छानी कीराको फुल, क्षति लक्षण, बोटभित्र उपस्थित लार्भा र प्युपाको आंकलन गनु जरुरी पर्दछ । बत्तीको पासो राखी फसेको पुतलीहरुको संख्याको आंकलन गर्न सके अझै राम्रो जानकारी प्राप्त हुन्छ ।

कीराको अवरोधी जातहरु लगाउनाले यसको समस्या कम हुन सक्छ ।

पहिलो र दोस्रो पुस्ताका कीराले क्षेतिको पहिचानको लागि उखु उम्रेदेखिनै नियमति अवलोकन गर्नुपर्छ । र देखिने बित्तिकै यान्त्रिक नियन्त्रण प्रारम्भ गरेमा पछि आउने पुस्ताका कीराको संख्यालाई समिति गर्न सकिन्छ ।

पुतलीलाई बत्तीको पासोमा बल्कमाई संकलन गरी मार्ने, कीराको फूलहरु, प्राथमिक क्षेति भएको उखुको टुप्पाहरु र क्षेति भएका बिरुवाका भागहरु निमित अभियानको रुपमा नष्ट गर्नाले कीराको संख्या कम गर्न र क्षति कमगर्न निकै प्रभावकारी भएको पाइएको छ ।

वर्षा याममा उखुको खेतमा पानी निकासको राम्रो व्यवस्था गर्नु पर्दछ । र कीराको प्रकोप देखा पर्न थालेपछि नाइट्रोजनजन्य मलहरुको प्रयोगमा रोक लगाउनु पर्दछ । जसले गर्दा यस कीराको प्राकृतिक शत्रुहरुको लागि वातावरण अनुकुल हुन्छ भने कीराको लागि प्रतिकुल हुन जान्छ ।

ट्राइकोग्रामा काइलोनिस (Trichogramma Chilonis), क्याम्पाइलोन्युरस म्युटेटर (Campyloneurus mutator) कोटेशिया, फ्लाभिपेस भएको पाइएको छ । जसमध्ये कोटसिया फ्लाभिपेस यो कीराको मुख्य प्राकृतिक शत्रुहरु हो । भारत र थाइल्याण्डमा यो कीराको नियन्त्रणको लागि कोटेसिया, फलाभिपेस नामक परजिवी व्यापक रुपमा उखु खेतमा छोडिएको पाइएको छ । ट्राइकोग्रामा चिलोनिस ५०,००० प्रतिशत हुन्छ । १०-१० दिनको फरकमा उखु खेतमा छोड्दा यो कीराको संख्या घटाउन उल्लेख्य योगदान पुगेको र उखुको उत्पादन पनि बढेको विभिन्न अनुसन्धानबाट पुष्टि भएको छ ।

१३. जालीदार पखेटा भएको शिकारी कीरा (क्राइसोपर्ला)को बगाल (Mass Raring) उत्पादन प्रविधि र यसको उपयोग :

१३.१ क्राइसोपर्लाको परिचय :

सामान्यतया यस कीराको वयस्कको पखेटा जालीदार र हरियो रङ्गको नशा भएका हुन्छ भने कुनैकुनै खैरो रङको पनि हुन्छ । यस कीराको आँखा सुनौलो रङ्गको हुन्छ । वयस्क पोथीले पाँचौं दिन पछि फूल पार्न थाल्दछ । यस बिरुवाको एक किसिमको डाँठ सहितको फुल पार्दछ । फुल अवस्थामा ३-४ दिन रहन्छ । र त्यसबाट लार्भा निस्कन्छ । यस कीराको लार्भाको तीन अवस्था (Instar) हुन्छन् । र सो अवस्था ८ देखि १० दिनको हुन्छ । परिपक्व लार्भाले कोया बनाउँदछ र ५ देखि ७ दिनपछि वयस्कहरु निस्कन्छन् । यस कीराको भलाले वयस्कहरु ३० देखि ३५ दिन सम्मा बाँच्छन् भने पोथी वयस्कहरु ६० दिनसम्म पनि बाँच्छन् । यसको फुलदेखि वयस्क अवथासम्म विकासको लागि चारदेखि छ हप्ता लाग्दछ । लार्भाका बङ्गाराहरु हँसिया आकारका हुन्छन् । र यसले समातेर शत्रुको शरीरबाट रस चुसेर खाने गर्दछ ।

१३.२ क्राईसोपर्लाका आहारा शत्रुजीवहरु

हानीकारक कीराहरु जस्ते लाही सेतो झिँगा, मिलिवग, पुतली वर्गको कीराको फुल तथा भर्खर निस्केका लार्भाहरु यसको प्रमुख आहारा हो । चनाको गवारोको फुल तथा यसको भर्खर निस्केका लार्भाहरु पनि यसले खान्छ । यस शिकारी कीरालाई कपास, तरकारी बालीहरु, फलफूलहरु दलहनबालीहरुको हानीकारक कीरा व्यवस्थापन गर्न प्रयोग गर्न सकिन्छ । अन्य मुलुकहरुमा क्राइसोपर्लाको व्यवसायिक उत्पादन गरि उल्लेखित हानीकारक कीराहरुको व्यवस्थापनमा प्रयोग भइरहेको पाइन्छ । नेपालमा पनि यी हानीकारक कीराहरुले उत्पादन र प्रयोग गर्न सकिन्छ । क्राईसोपर्ला पाल्नको लागि यसको खुराकको रुपमा लाही अथवा धानको पुतलीको फुलहरु आवश्यक पर्दछ । त्यसैले धानको पुतलीको पालन र फल संकलन विधि जान्नु आवश्यक पर्दछ । फुल संकलन पछि प्रजनन् विधिमा प्रजनन् बाकसमा टासीएको फुलहरुलाई ब्रसको सहायताले झरेर संकलन गर्नु पर्दछ । फूलहरुमा पिठो चाल्ने चाल्नाले चालेर अनावश्यक फोहरहरु हटाई सफा फुलहरु संकलन गर्न सकिन्छ । यसरी संकलन गरेको फुललाई ४-६ डि.से.तापक्रममा कुनै सानो शिक्षितमा राखी फ्रिजमा राख्ने, बंगला उत्पादन गर्न प्रयोग गर्ने तथा शिकारी कीराहलाई खुवाउन प्रयोग गर्न सकिन्छ ।

१३.१ क्राइसोपर्लाका पालन प्रविधि :

आलुको पुतलीको ताजा फुल वा लाही कीरा संकलन गर्ने ।
१२० वटा दिन पुरानो क्राइसोपर्लाको फुलहरुलाई ०.७५ मिमि जति धानको पुतलीको फुलसँग मिसाएर राख्ने यसरी राख्नुभन्दा पहिले धानको पुतलीको फुल भित्र रहेको भ्रुण मार्नु पर्ने हुन्छ । यसको लागि धानको पुतलीको फुलहरुलाई ३० वटाको अल्ट्राभ्वाइलेट किरण निस्कने बल्वदेखि २ मिटर टाढा ४५ मिनेटसम्म राख्नु पर्दछ ।
दोस्रो भन्दा माथिको इन्स्टारका लार्भा अवस्थालाई छुट्टा-छुट्टै बोतलहरुमा धानको पुतलीको फुल खुवाएर पाल्नु पर्दछ । १०० वटा क्राइसोपर्लाको लार्भाको लागि १.७५ मिलि धानको फुल पहिलो चोटि र त्यसको ३/४ दिन पछि फेरी २ मिलाई धानको फुल भ्रुण मारिएको आधारको रुपमा दिनु पर्दछ ।
क्राइसोपर्ला कोया बनिसकेको करिब २४ घण्टा पछि यिनीहरुको संकलन गर्ने र माउ निस्किएर फुल पार्नको लागि तयार भएपनि फुल पार्ने बाकसमा राख्ने ।
फूल पार्ने बाकसमा, क्राइसोपर्लाको माउलाई आहारको रुपमा निम्न खानेकुराहरु राखिदिनु पर्दछ ।
-५० प्रतिशत कपासमा भिजाएर
-पानी कपासमा भिजाएर
-प्रोटिटेक्स ५ ग्राम, चिनी ५ ग्राम, ५ ग्राम मह, ५ मिली र पाउडर मर्चा ५ ग्राम सहितको आहारा
-पराग फुल पार्नको लागि अत्यावश्यक खुराक फुल पार्ने बाकसको ढक्कनको भित्रको भाग कालो कपडाले मोडेको हुनुपर्दछ । जसमा माउ क्राइसोपर्लाले फुल पार्दछ ।
-करिब चौविस् घण्टा पछि फुलहरु कैंचीले अथवा ब्लेडले झार्ने र ती फुलहरु फेरि बगाल उत्पादन गर्न प्रयोग गर्ने अथवा कृषकको खेतबारीमा प्रयोग गर्ने ।
-बारीमा कीराको फुल, लार्भा तथा वयस्क कुनै पनि अवसमा प्रयोग गर्न सकिन्छ ।
१३.४ क्राइसोपर्ला कीरालाई खेतबारीमा छोड्ने विधि :
फुल प्रयोग गर्नु परेमा :
-साँझको बेलामा, व्यागमा भएको फुलाई कीराले क्षति पुऱ्याएका बिरुवाको पात तथा डाँठहरुमा छर्कनु ।
-यदि फुल कार्डमा छ भने हानीकारक कीराको नियन्त्रण गर्नु पर्ने बारीमा झुण्ड्याएर राख्ने ।
-यसरी राख्दा सोझै सूर्यको किरणमा नपार्ने, पानीमा डुब्ने गरी नराख्ने तथा फुलाई कमिलाहरुबाट बच्ने किसिमले राख्ने ।
लार्भा प्रयोग गर्नु परेमा
-लार्भालाई साझोको बेलामा छोड्ने ।
-लार्भालाई एक-एक गरी, कीरा लागेको बिरुवामा राख्न सकिन्छ ।
-यदि लार्भाहरु बोटलमा छन् भने सोझै कीरा लागेको बिरुवामा छर्कनु पर्दछ । यसरी छर्दा बढी क्षति भएको ठाउँमा बढि पर्ने गरी छर्नु पर्दछ । यसरी छर्दा बढि क्षति भएको ठाउँमा बढी पर्ने गरी छर्नु पर्दछ ।
यिनीहरु मांशाहारी भएकाले सकभर एक अर्कासँग नछुटिने, सँगै बस्ने र एकअर्कालाई नै खाने गर्दछन् ।
वयस्क प्रयोग गर्नु परेमा यदि वयस्क क्राइसोपर्ला ट्यूबमा छ भने एकातिरको मुख खोलेर तिनीहरुलाई उड्न दिने ।
यदि क्राइसोपर्ला ट्यूबबाट बाहिर निस्कने भने हल्का मुखले फुकेर बाहिर निकाल्न सकिन्छ ।
यसरी छाडेकोका क्राइसोपर्लालाई धेरै फुल उत्पादन गराउने ठाउँ ठाउँमा खुराक राख्ने अथवा पूरा उत्पादन गर्नसक्ने बिरुवाहरु लगाउने ।
१३.५ लाही कीराको व्यवस्थापनको लागि क्राइसोपर्लाको मात्रा (लार्भा)
साधारणतया क्राईसोपर्लाको प्रयोगको मात्रा एक लाख प्रति हेक्टर पहिलो अवस्थाको (पहिलो इन्स्टार) लार्भा हो । र पन्ध्र दिनको फरकमा दुईचोटि गरेर प्रयोग गर्न सकिन्छ । बालीहरुमा प्रतिबोट ४ देखि ६ र फलफूलहरुमा प्रति बोट १० देखि २० वटा प्रयोग गर्न सकिन्छ ।
(Helicoverapa armigera-pink bollworm (Pectinophora Gossyppieall) को लागि क्राइसोपर्लाका पहिलो अवस्थाको पहिलो (इन्स्टार) लार्भा) एकलाख प्रति हेक्टर पन्ध्र दिनको फरकमा दुईचोटी गरेर प्रयोग गर्न सकिन्छ । यसरी प्रयोग गर्दा प्रति बोटमा ६ वटा प्रयोग गर्नु पर्दछ ।

# नेपालका लागि इजरायली राजदुत हनान गोडरबीच शिष्टाचार भेंट

**काठमाडौं साउन** २० भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्री शशी श्रेष्ठ र नेपालका लागि इजरायली राजदुत हनान गोडरबीच आज शिष्टाचार भेटवार्ता भएको छ ।
मन्त्रालयमा भएको भेटघाटमा दुईदेशबीचको सम्बन्ध र एक आपसमा भईरहेको सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको छ ।
भेटमा मन्त्री श्रेष्ठले नेपाल र इजरायल बीच कुटनीतिक सम्बन्ध विस्तार भएको छ दशक भन्दा लामो समयमा पारस्परिक सहयोग, सद्भावना, समझदारी र मैत्रीपूर्ण सम्बन्ध प्रगाढ भएको र द्विपक्षीय सम्बन्ध विकासका विभिन्न विधासँगै सहयोगका क्षेत्रमा विस्तार भएको बताउनु भयो ।
उहाँले नेपाल सरकार भुमिको समुचित उपयोग गरेर सहकारीको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समृद्धि हासिल गर्नतर्फ लागिरहेको भन्दै इजरायले सहकारीका माध्यमबाट गरेको समृद्धिबाट नेपालले धेरै कुरा सिक्न सक्ने बताउनु भयो ।
मन्त्री श्रेष्ठले यसवर्षको नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा समेत उत्पादनलाई जोड दिएर वजेट व्यवस्था गरेको भन्दै यसमा प्रविधिलाई जोडेर आगाडि बढ्ने कुरामा सरकार लागिरहेको पनि बताउनुभयो ।
मन्त्रालयले भूमि व्यवस्थापन, सहकारी र गरिवी निवारणका विविध क्षेत्रमा काम गरिरहेको भन्दै मन्त्री श्रेष्ठले यी तीनवटै क्षेत्रमा महत्वपूर्ण नीति तथा कार्यक्रमको शुरुवात गरेको र कृषि, भूमि व्यवस्था लगायतका क्षेत्रमा इजरायलले गरेको उत्कृष्ठ र उदाहरणीय अभ्यासका विषयमा दुईदेशबीच ज्ञान, सीप र अनुभव आदानप्रदान हुन सक्दा दुबै देशका लागि लाभ हुनसक्ने विश्वास लिएको बताउनु भयो ।भेटमा इजरायली राजदुत हनान गोडरले नेपालको भुमि व्यवस्थापन र कृषि विकासमा प्रविधिको भुमिका महत्वपूर्ण हुने भन्दै नेपाल प्राकृतिक र कृषिमा धेरै सम्भावना भएको देश भएकाले इजरायलले गरेको प्रविधिको प्रयोग नेपालका लागि पनि उपयोगी हुने बताउनु भयो ।
उहाँले नेपालको कृषि क्षेत्रको विकासमा प्रविधिको प्रयोग र जनशक्ति विकासमा इजरायलले सहयोग गर्दै आएको र नेपालको विकासमा सहयोग गर्दै दुई देशबीचको सम्बन्ध अझै सुमधुर बनाई राख्न आफुहरु लागिरहेको पनि बताउनु भयो ।

# हाम्रो ज्ञान, रैथानै शीप बचाएन भने हामीले हाम्रो कृषि बचाउन सक्देनौं : अध्यक्ष अधिकारी

धनबहादुर मगर

काठमाडौं साउन १० एक्सनएड नेपाल, राष्ट्रिय कृषक समूह महासंघ नेपाल, खाद्यका लागि कृषि अभियानको संयुक्त आयोजनामा ललितपुरको झम्सिखेलस्थित होटेल भिभान्तमा नेपालको विद्यमान कृषि नीतिमा पर्यावरणीय कृषि तथा वजेटको अवस्था र कृषकहरुले गरिरहेको केही प्रयासहरु विषयक एकदिने कार्याशाला गोठी सम्पन्न भएको छ ।

गोष्ठीमा नेपाल किसान संघका अध्यक्ष गणेश तिमिसिनाले दोहोरो कुरा गर्नु नहुने बताउँदै नेपालको जल विद्युत जस्तै कृषिमा पनि विकास गर्न अघि बढे कृषि पनि अगाडि बढ्ने बताए । कृषिको लागि भूमिको जति महत्व छ उक्तिकै महत्वका साथ कृषि पनि विकास गर्न लागि पर्नुपर्ने बताए ।

कार्यक्रममा अखिल नेपाल किसान महासंघका सचिव, संगठन विभागका प्रमुख, राष्ट्रिय भूमि आयोगको उपाध्यक्ष नहेन्द्र खड्काले सरकार, सरकार हो, सरकार जनताको अविभावक हो । हामी सबै एकै ठाउँमा छौं, डुबे सबै डुब्छौं, जनता र सरकार बराबर हौं भन्ने कुराले अर्थ राख्दैन । कृषि मन्त्रालयका सह-सहसचिव रामकृष्ण श्रेष्ठको भनाई प्रति उद्धृत गर्दै खड्काले भने, पर्यावरणीय कृषिको नेपालमा माग बढ्दो छ । अर्गानिक हो कि होइन भनेर प्रमाणिकरण गर्ने परिपाटीले किसानहरु भ्रममा परेको अवस्था छ । जैविक विविधता र खाद्य सम्प्रभुत्ताका विषयमा पर्यावरणीय कृषिसँग जोडिएको विषय भएकाले वृहद रुपमा पर्यावरणीय कृषिलाई जोडदिनु पर्ने बताए ।

राष्ट्रिय किसान आयोगका सदस्य पुष्पा भुसालले किसान र नेपालको सरकार बीचको दूरी घटाउन राष्ट्रिय किसान आयोग लागि परेको बताउँदै, नेपालको अर्थतन्त्रको समृद्धि कृषि नै भएकोले नीति, योजना बनाएपनि कार्यन्वयनमा पुगेर वाधाहरु आउने गरेको बताइन् । गोष्ठीमा उठेका विषय महत्वपूर्ण रहेकाले सरकारको सम्बन्धित निकायसँग बसेर साझा मुद्दाको रुपमा अगाडि बढाउने बताइन् ।

राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णुमाया ओझाले समावेशी आयोग र कृषिको कार्यक्षेत्र केही फरक भएपनि समावेशी आयोगले कृषिलाई नजिकबाट हेरिरहेकी बताइन् ।



आयोगले संघीयता, समावेशीता, शासकीय स्वरुप, संविधान कार्यन्वयन गर्ने काम समावेशी आयोगले गरेको बताइन् । ओझाले तल्लो वर्गको जनताको जीवनस्तर उठ्ने काम सरकारले गऱ्यो कि गरेन भनि आयोगले निगरानी गररिरहेको बताउँदै आफूले कृषि क्षेत्रको विकासको निम्ति व्यक्तिगत रुपमा भएपनि लागि परेको बताइन् ।

कृषि विज्ञ तथा माननीय विमला राई पौडलले, डा कृष्णप्रसाद पौडेल, केदार कोइराला, महेश वडालदारा प्रस्तुत कार्यपत्र माथि टिप्पणी गर्ने क्रममा सरकारले कृषि बजेट थपिए पनि विदेश भ्रमणको लागि रकमान्तरण गर्ने गरेको अध्ययनले पुष्टि गरेको बताइन् । संसदमा मिडियामा बाहिर आएको विषयमा नै बढी छलफल हुने गरेको बताउँदै गहिराईमा पुगेर नीति निर्माणको तहमा पुऱ्याउन प्रभावकारी ढंगले गाइड गर्ने माध्यम मिडिया भएकोले मिडियामा अझ प्रभावकारी ढंगले आउनु पर्ने विषयमा जोड दिइन् ।

अर्का टिप्पणीकार टिका भट्टराईले रकमान्तरण भएको कुरा खरानीसँग उडायो जस्तो छ भने, । भट्टराईले लुम्बिनी प्रदेश सरकारले रुकुम पूर्वलाई अर्गानिक क्षेत्रको रुपमा विकास गर्ने घोषणा गरेकाले वजेट छुट्याएको होला, हामी सैद्धान्तिक रुपमा ग्रीन रिभोलुशनको दृष्टिकोणबाट प्रभावित भएका छौं । किसानहरुबाट समीक्षा हुनुपर्ने हुन्छ । सेवा केन्द्रको तहमा समीक्षा गर्ने बेला आएको छ । हरित क्रान्तिको कृषिको बुभाईलाई बुझाउन जरुरी भएको छ ।

पर्यावरणी कृषि गर्दा कति जमीनबाट किसानहरु आत्मनिर्भर बन्न सकेका छन् ? वस्तु, बजारको अवस्था के छ ? लगानीको आधार कसरी जुट्छ ? यस्तो कुराहरुलाई अगाडि ल्याउन जरुरी छ ।

अर्का टिप्पणीकार कृषि विकास मन्त्रालयको सह-सचिव रामकृष्ण श्रेष्ठले हामी असामान्य अवस्थामा छौं । बुझाई र सञ्चार राम्रोसँग भएको छैन । हामी इथिपोइयातिर जाँदैछौं । त्यस विषयमा छलछफल हुनुपर्छ । समुदाय र सरकारको बीचमा छलफल हुनुपर्छ । पर्यावरणीय कृषिसँग जैविक विविधताको कार्यक्रम छ यसका लागि २५ करोड रुपैयाँ यसै वर्षदेखि छुट्याएको छ । श्रेष्ठले भने "हामी एउटै बास्केटमा छौं ।" सहकार्य गर्न आवश्यक छ । सक्दो गरेका छौं आउटपुट आएको छैन । सरकार स्याण्डविज भएको छ । मलको कारण मन्त्रीको जागिर जान्छ । दिगोपना हुनै दिँदैन । प्रयास नगरेको होइन, मन्त्रीले चाहँदैमा मल आउन सक्दैन । अहिले रिलाइज गर्नु पर्ने अवस्था आएको छ । कृषिको कोल्याप्स हुने डर छ । यी कुराहरुलाइ प्रतिवदेनमा समावेश गर्न जरुरी छ ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले पर्यावरणीय कृषिका लागि रासायनिक मल र प्लाष्टिक विहिन कसरी गर्न सक्छौं भन्ने हो । हाम्रो बाउ बाजेले कसरी कृषि गरेका थिए भन्ने कुरामा सबैको मन मतैक्यता छ । पहिलो किसान र विज्ञाको कुरामा भिन्नता आएपनि गहिरिएर अलि घोत्लिनु पर्छ । एक अर्कामा सहयोग खोजौं ।

एक्सनएडका उप-निर्देशक सरोज पोखरेलले प्रकृतिमा आधारित कृषिलाई कसरी सम्वोधन गर्न सकिन्छ भनेर सिक्ने कुरा किसानबाटै हो । इजरायल गएर उद्योगको कुरा हुन्छ । हेलिकप्टरबाट विषादी छर्ने हो । ग्रीन सोलुसनको बाटोमा जानु पर्ने हो । रिभोलुसन आवश्यकता छैन । किसानहरु त्यसै भागेको होइनन् । जमीन, कृषि नीति, राज्यको सहभागीता किसानहरुको आर्थिक सम्पन्नतासँग जोडिएको कुरा हो ।

युवा किसान संघका अध्यक्ष दयालक्ष्मी श्रेष्ठले नीतिगत कुरामा सुधार गर्नुपर्छ । कृषिको सुरक्षा

बजार र लगानीको सुरक्षा गर्नुपर्छ । वर्षैपिच्छे युवा कृषि विज्ञाको उत्पादन गर्छौं । परिचानको कसले गर्ने भन्ने प्रश्न उठेको छ । विकल्पको रुपमा खोज्नु पर्छ । किसानको अधिकार के हो ? किसान अधिकारको घोषणासम्म भएको छैन । तराइमा धान डुवान भयो । रकमान्तर भएपनि कृषिमा किन हुँदैन । सामुदायिक खाद्य बैक कार्यन्वयन गर्नु पर्छ भनेर पहल गरेको थिएँ । समाजवादी मोडलमा जान कृषिमा रुपान्तरण हुनुपर्छ ।

खाद्यका लागि कृषि अधियानका संयोजक तथा कार्यशाला गोष्ठीका अध्यक्ष उद्धव अधिकारीले कृषि क्षेत्रमा काम गर्ने अधिकांश सरकारी कर्मचारीहरुको डिमागमा रासायनिक खेतीको कर्कश सुन्नु परेको बताउँदै, पर्यावरणीय कृषिको आवाज उठाउने कर्मचारीहरुको आवाजहरु क्षीण हुन पुगेको बताए । सरकारी नीतिमा भएको १० प्रतिशतमा मात्र कामहरु कार्यन्वयन हुने सकेमा कृषिले फड्को मार्ने बताए । अधिकारीले "हाम्रो ज्ञान, रैथानै शीप बचाएन भने हाम्रो कृषिलाई बचाउन सक्देनौं ।" जलवायू परिवर्तन, पर्यावरणीय खेती छोडेर कृषि प्रणाली विदेशबाट टिपेर ल्याएको बताए । गोठेमल सुधारको कार्यक्रम किन आउँदैन । रसायनिक मल र विषादीको कारण माटोको गुणस्तर बचाउन सक्ने अवस्था छैन । ६० प्रतिशत खेतीयोग्य जमीनमा रसायनिक मलको प्रभाव परेको छ ।

खुवाउने वहानामा बीउ हाम्रो हातबाट गएका छन् । वहुराष्ट्रिय निगमले चेपेका छन् । साना किसान विस्थापित हुँदै गएका छन् ।

गोष्ठीको अवसरमा कफी उत्पादक संघका पूर्व अध्यक्ष ढकेश्वर घिमिरे, कृषक अमृत विक, माधव ढुगेल, राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य प्रेम प्रकाश नेपाली लगायत कृषि क्षेत्रका अभियन्ताहरुबाट नेपाली कृषि क्षेत्रको अवस्था, किसानको बजारसम्म पहुँच, राज्यले खेल्नु पर्ने भूमिका विषयमा आफ्ना विचारहरु राखेका थिए ।

कार्यशाला गोष्ठीमा कृषि विज्ञ महेश वडाल, राष्ट्रिय कृषक समूह महासंघका कार्यक्रम निर्देशक केदार कोइराला, कृषि विज्ञ डा.कृष्णप्रसाद पौडेलले पर्यावणरणीय कृषिको अवस्था, सम्भावना र वजेट माथिको बाँडफाँडका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रम सञ्चालन डा.सुजाता तामाङले गरेकी थिइन् ।

# चक्लाबन्दी कफी खेती कार्यक्रम अघि बढाउँदै बोर्ड

काठमाडौं साउन २४ राष्ट्रिय चिया तथा कफी विकास बोर्डले चक्लाबन्दीमा कफी खेती विस्तार र कफी नर्सरी स्थापना कार्यक्रम अघि बढाएको छ । बोर्डले पहिलो पटक सूचना



प्रकाशित गरि न्यूनतम ५० रोपनी जग्गा चक्लावन्दी गरी कफी रोपण तथा व्यवस्थापन गर्न वा न्यूनतम ५० हजार बिरुवा उत्पादनका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी कार्यक्रम अघि बढाएको हो ।

बोर्डले उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव आह्वान गर्दै सूचना जारी गरेको हो । इच्छुक कृषक समुह, फर्म, उद्योग, सहकारी, संघ/संस्थाहरुले ३५ दिनभित्र सम्पूर्ण कागजातसहित प्रस्ताव पेश गर्न बोर्डले आग्रह गरेको हो ।

बोर्डका अनुसार, कफी नर्सरी स्थापनाका लागि न्यूनतम् ५० हजार बिरुवा उत्पादन गर्न प्रस्तावित आवश्यक जग्गाको लालपुर्जा छाँयाकपी वा जग्गाधनीसँगको लिजको सम्झौता पेश गर्नुपर्ने छ । चक्लाबन्दीमा कफी विस्तार कार्यक्रमको लागि प्रतिरोपनी तीस हजारको दरले हुन आउने रकममा ५० प्रतिशत अनुदान उपलब्ध गराउने बोर्डले जनाएको छ ।

कफी नर्सरी स्थापनाका लागि अधिकतम ७ लाख ६९ हजार ८५० मा ५० प्रतिशत अनुदान उपलब्ध गराउने सूचनामा उल्लेख छ ।

# नेपाली उपभोक्ता संरक्षण महासंघ

काठमाडौं साउन २६ नेपाली उपभोक्ता संरक्षण महासंघको अध्यक्षमा चन्द्र साउद निर्वाचित भएका छन् । प्रज्ञा प्रतिष्ठान कमलादी भएको उपभोक्ता संरक्षणको प्रथम अधिवेशनबाट चन्द्र साउदको नेतृत्वमा ४३ सदस्य नयाँ कार्यसमिति ३ वर्षको लागि निर्वाचित गरेको छ ।

अध्यक्ष साउद लगायत अन्य ४२ जना सदस्यहरु निर्वाचित गरेको छ । यसरी निर्वाचित हुने अन्य सदस्यहरुमा कर्ण बहादुर विश्वकर्मा, जीवन बाँनिया, अजुन कुमार श्रेष्ठ, रोहित बहादुर खत्री, सोनाम लामा, लक्ष्मी शर्मा, सहदेव जोशी, अर्जुन ठकुल्ला, लोक बहादुर बोहरा, जिवन विक्रम शाह, डा.जितेन्द्र उपाध्याय, सानी मैया अर्याल, लुमडी बहादुर कार्की, जयकला बस्नेत लगायतका हरेका छन् । अध्यक्ष साउदको नेतृत्वको समितिको पदाधिकारी मनोनयन भने निर्वाचित केन्द्रीय सदस्यहरुबाट केन्द्रीय समितिको बैठकले तोक्ने छ ।

कालोबजारी गुणस्तरीयहिन वस्तु तथा सेवाको पूर्ण निस्क्रियता, उपभोक्ताको हक हितको लागि जनस्तरको खबरदारी हाम्रो प्रतिवद्धता भन्ने मुख्य नारा सहित गृह मन्त्रालय मार्फत उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सहितको रायमा स्थापित नेपाली उपभोक्ता संरक्षण महासंघको प्रथम ऐतिहासिक राष्ट्रिय महाधिवेशनको उद्घाटन नायक राजेश हमालले गरेका थिए । सम्मेलनमा अध्यक्षको प्रतिवेदन विधान संशोधन तथा आर्थिक प्रतिवेदन समेत पास गरेका थियो । सम्मेलनमा सातै प्रदेशबाट ३०० प्रतिनिधीहरुको सहभागीता रहेका थिए ।

# खीर खाऔं, आफ्नो परम्परा जोगाऔं

मति : २०७९/४/१४

प्रेस वक्तव्य

नेपाल डेरी एसोसिएसनले यस वर्ष श्रावण १५ मा "खीर खाऔं, आफ्नो परम्परा जोगाऔं" भन्ने नाराका साथ देशभर सबैलाई खीर खान आव्हान गरेको छ ।

साउन १५ लाई नेपालमा राष्ट्रिय दुग्ध विकास बोर्डले विगत केहि वर्ष यता खीर दिवसको रुपमा मनाउँदै आएको छ । यस वर्ष पनि सरोकारवाला सबैलाई भेला गरि कृषि तथा पशु पन्छी विकास मत्री र सचिवको विशेष उपस्तिथिमा "पोषिलो खीर, स्वस्थ्य शरीर" भन्ने नाराका साथ बोर्डमा मनाउन गईरहेको छ । यसरी नेपाल डेरी एसोसिएसनले पनि आफ्ना सातै प्रदेशमा विभिन्न स्थानमा खीरको महत्व बुझाउने एवं खीर खुवाउने कार्यक्रम राखेको छ । यस दिन देशैभर सबैले खीर खाने चलन छ ।

विश्वमा खीर खाने प्रचलन् १४ औ शताव्दीदेखि छिमेकी मुलुक चीनबाट शुरु भएको इतिहास सुनिन्छ । खासगरी मध्यपूर्वी एशिया, उत्तर अफ्रिका, पश्चिम एशिया, सार्क क्षेत्रमा बढी मात्रामा खीरको प्रचलन रहेको पाइन्छ । यूरोप र अमेरिकामा समेत खीरलाई एक विशिष्ट खानाका रुपमा प्रयोग गरेको पाइएको छ । छिमेकी मुलुक भारतको गुजरातमा खीरलाई दूधपाक, वंगालीमा पायस र श्रीलंकामा क्रिवथ नामबाट प्रयोग गर्ने गरेको पाइन्छ । सामान्यतया सय ग्राम खीरबाट ९२ क्यालोरी प्राप्त हुन्छ भने पानी ८८.९, कार्वोहाइड्रेड १६.४, प्रोटिन ३.३, फ्याट १.३ र फाइवर ०.१ ग्राम प्राप्त हुन्छ ।

प्रत्येक वर्ष साउनको १५ गते खीर खाइन्छ । यस दिन कुनै धार्मिक महत्व नभएपनि साँस्कृतिक रुपमा हाम्रो देश कृषि प्रधान भएको नाताले यो दिनको बेग्लै महत्व रहेको छ । एक महिना अघि असार १५ गते दही चिउरा खाए जस्तै साउनको १५ मा खीर खाने चलन छ । हरेक महिनामा एक विशेष प्रकारको खानेकुरा खाने भने झैं साउनमा खीर खाइन्छ । यो पहिलेदेखि नै रहँदै आएको तिथी भएको संस्कृतिक विद्हरु बताउँछन् । यो पूरानै चलन हो । साउनमा हरियो परियो धेरै पाइने हुनाले गाईले दूध बढि दिने हुँदा यो समयमा खीर खाने गरिएको हो भन्ने चलन पनि छ । हरेक शुभ साइतमा खीरको महत्व छ । त्रेता युगमा दशरथका ३ महारानीले खीर खाएरै गर्भ धारण गरेका थिए भन्ने पनि सुनिन्छ । विभिन्न पूजा आजामा पनि चोखो मानी खीर खाने गरिन्छ । हवनमा समेत खीर या पायसलाई अग्नीमा चढाउने गरिन्छ । खीरको धार्मिक महत्व पनि उत्तिकै छ ।




असार महिनामा रोपाई सकेपछि साउन १५ मा कृषकहरूले तातो खीर खाएर मनाउने गरेका हुन्छन् । यस प्रकारका खानेकुरा खानाले स्वास्थ्यमा लाभ हुने जन विश्वास छ । असारभरी पानी हिलोमा खेल्दा सर्दी लाग्ने र तातो खीर खाँदा सर्दिबाट जोगीने विश्वास पनि छ । साउन १५ मा खासै धार्मिक महत्व नदेखिए पनि साँस्कृतिक महत्व भने छ ।

साउन १५ मा घरपरिवारका सदस्यहरु एवं साथीभाई एकै ठाउँमा भेलाभई रमाइलो गर्दै खीर खाने गरिन्छ । अहिले पछिल्लो समय अफिस, स्कुल, कलेजमा पनि खीर रमाइलो गर्दै खीर खाने चलन बढेर गएको छ । यसले पनि खीरको महत्व झन् बढाएको छ ।

आजभोलि स्वदेशमा रहेका नेपालीले मात्र होइन विदेशमा पुगेका नेपालीले पनि खीर खाई आफ्नो परम्परा धानेको देखिन्छ । खीर खाने दिन दुधको जोहोमा गृहणीदेखि युवा पुस्तासम्म व्यस्त रहन्छन् । सबैजनाले एकै दिन उपभोग धेरै हुने भएकोले त्यस दिन दुधको लागि अलि अगाडि नै जोहो गर्नु परेको हो । साउन १५ गतेको बिहान दुध नपाइएला भनेर अघिल्लै दिनदेखि दुधको जोहो गरेर राख्ने चलन छ । कतिले दूध नपाइएला भनेर ३ दिन अघिदेखि नै नजिकैको डेरीमा अर्डर गरेर राख्ने वा अघिल्लो दिन दिउँसै दूध किनेर फ्रिजमा हालेर राख्ने भन्ने कुरालाई पिरोलिएका हुन्छन् । आफ्नो अनुकुल सबैले सहज व्यवस्थापन गरेकै हुन्छन् । तर अझ बजारमा त्यस दिन सहज बनाउन सक्ने हो भने खपत अलि बढ्ने देखिन्छ ।

यस दिन विहानै पसलमा प्याकेटको दूध किन्नेदेखि घरमा पालेका गाइको दुध लिन जानेसम्म धेरैलाई भ्याइनभ्याइ हुन्छ । यस दिन अघिपछिको तुलनामा झण्डै ५ गुणा बढी दूध खपत हुन्छ । गाईभैंसीले दिने दूध उत्तिकै हो अनि नपुग दूध कहाँबाट आउँछ भन्ने खुल्दुली सबैलाई भएको हुनसक्छ । यस दिन नपुग दूध करिब एक हप्ताबाट अलिअलि बचत गर्दै राख्ने र अलि अलि धुलो दूध प्रयोग गर्दै-गर्दै बढाउँदै लैजाने र बजारको माग पूरा गर्ने गरिन्छ । यस दिन करिब ५० लाख लिटर दूध बजारमा बिक्री हुन्छ । यसबाट करिब ५० करोड यो दिन दूधबाट आर्थिक कारोबार हुन्छ ।

आम मानिसलाई खीर खानुभन्दा पनि खीर खाँदा हुने छुट्टै रमाइलो मन पर्छ । खीर खाने चलन राम्रो भएपनि पछिल्लो समय यसमा विकृती पनि बढ्दै गएको छ । पछिल्लो समय खीर खाने निहुँमा मदिरा सेवन गर्ने, राती अबेरसम्म बसेर होहल्ला गर्दै अरुलाई अफ्ठ्यारो पार्ने पनि गरिएको देखिन्छ ।

वर्षका विभिन्न महिनामा एक विशेष परिकार खाने चलन हाम्रो देशमा परम्परा जस्तै रहँदै आएको छ । असार १५ मा दही चिउरा खाने, मंसीर १५ मा न्वागी खाने, माघमा खिँचडी खाने, दशैमा मासु खाने, तिहारमा सेल खाने तथा पुस १५ मा घिउ खट्टे खाने चलन आदि विभिन्न चलन चल्दै आएका छन् । त्यस कारण यी यस्ता परम्परा भनेकै हाम्रो देशको पहिचान हो । त्यस कारण हामीले यी र यस्ता सबै किसिमका चाड पर्व मनाउने गरेका छौं । देशैभर सबै जनाले खीर खाऔं र आफ्नो परम्परा जोगाऔं ।

हेमचन्द्र खनाल

महासचिव ९८४२६५८९६

नेपाल डेरी एसोसिएसन

दाहाल दाहाल

अध्यक्ष

नेपाल डेरी एसोसिएसन

# थप आठ स्थानबाट विषादी परीक्षण हुने

काठमाडौं साउन २३ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले यही साउनदेखि थप आठ स्थानबाट देशबाहिरबाट आयात भएका तरकारी तथा फलफूलमा द्रुत विषादी अवशेष (आरबीपीआर विधि) मार्फत परीक्षण शुरु गरेको छ ।



यसअघि विभागले देशका विभिन्न सात नाकामा रहेका भन्सार कार्यालय आसपासमा बसेर आयातित फलफूल तथा तरकारीको परीक्षण गर्दै आएकामा साउनदेखि थप आठ स्थानबाट परीक्षण शुरु गरेको विभागले जनाएको छ । विभागले साउनदेखि त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालय, तातोपानी भन्सार, रसुवागढी, कृष्णनगर र गड्डाचौकी, चोभार सुक्खा बन्दरगाह, सुक्खा बन्दरगाह सिर्सियामा पनि विषादी परीक्षण शुरु भइसकेको छ भने भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय विमानस्थलमा पनि उपकरणसहितको जनशक्ति उपलब्ध गराएर भर्खर परीक्षण शुरु गरेको जनाएको छ । यसअघि हाल काँकडभिट्टा, विराटनगर, जलेश्वर, वीरगञ्ज, नेपालगञ्ज, भैरहवा र धनगढी नाकाबाट भित्रिने तरकारी तथा फलफूलमा विषादी अवशेष भन्सार नाकामै परीक्षण गर्दै आएको थियो । विभागका महानिर्देशक डा.मतिना वैद्य जोशीले हाल परीक्षण हुँदै आएका स्थानबाहेकका नाकाबाट ठूलो परिणाममा तरकारी र फलफूल भित्रिने हुँदा थप प्रयोगशाला आवश्यक ठानी यही साउनदेखि सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । डा.जोशीका अनुसार ती नाकामा आरबीपीआर विधिमार्फत अर्गानो फोस्फेट र कार्बामेट समूहको विषादी परीक्षण गर्न शुरु गरिएको छ ।

तरकारी तथा फलफूल खान अयोग्य

विभागले सातवटा प्रयोगशालाबाट आर्थिक वर्ष २०७८/७९ को कात्तिक १ देखि असारसम्म ५६ हजार ३३८ वटा आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादीको द्रुत परीक्षण गरिएकामा ५१ वटा खान नहुने विषादी भेटिएको जनाएको छ । जब कि विषादीको रोकावट दर ३५ प्रतिशतभन्दा कम भएका तरकारी तथा फलफूल मात्रै खानयोग्य मानिन्छ । विषादीको रोकावट दर ३५ देखि ४५ प्रतिशत देखियो भने केही दिन पर्खेर पुनः परीक्षण गर्दा त्यो दर घटेर ३५ भन्दा कम भएमा खान सकिन्छ । यस्तै विषादीको रोकावट दर ४५ प्रतिशतभन्दा बढी भएको तरकारी तथा फलफूलले जनस्वास्थ्यमा असर गर्ने हुनाले खान अयोग्य मानिन्छ ।

विभागका अनुसार परीक्षण गरेर खान अयोग्य मानिएका तरकारीमा विषादीको रोकावट दर ४५ प्रतिशतभन्दा रहेको थियो । विषादी परीक्षणमा प्रतिकूल देखिएकामध्ये जुनार, केरा, चुकन्दर, चुक तथा आलुलगायतका तरकारी र फलफूल भएको विभागले जनाएको छ । विभागका महानिर्देशक जोशीले आयातित वस्तुको नमुना भन्सारबाट लिएर परीक्षण गर्दा प्रतिकूल देखिएपछि नष्ट गर्न दिएका रिपोर्ट अनुसार नष्ट गरे वा नगरेबारेमा आफूहरूलाई जानकारी नहुने बताउनु भयो । उहाँले भन्नुभयो, 'भन्सारले दिएको नमुना परीक्षण गरेर भन्सारमै बुझाउँछौं, प्रतिकूल भनेर दिएको रिपोर्ट अनुसार भन्सारले नष्ट गर्छ वा गर्दैन हामीलाई थाहा हुँदैन, नष्ट गर्ने अधिकार कानुनले हामीलाई दिएको छैन ।'

प्रतिबन्धित कार्बाइड

विभागले काँचा फलफूल (केरा, आँप, मेवा) लगायतलाई पकाउन प्रतिबन्धित कार्बाइड (एसिटिलिन ग्यास) भए वा नभएको अनुगमन विषयमा ११८ वटामा अनुगमन गरेको नेपालगञ्जको एउटा पसलमा उक्त प्रतिबन्धित कार्बाइड भेटिएको थियो । काँचा फलफूल पकाउन उपत्यकामा व्यापक प्रयोग भएको भन्ने गुनासोका आधारमा अनुगमन गर्दा प्रतिबन्धित कार्बाइडको प्रयोग भएको नपाइएको विभागले जनाएको छ । विभागका अनुसार अनुगमनका क्रममा इथालिन रिपिनर प्रयोग भएको पाइएको थियो भने केही ठाउँमा इथालिन लिक्युड र इथालिन चेम्बरको प्रयोग भएको पाइएको विभागले जनाएको छ ।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# खाद्यका लागि कृषि अभियान लगायत संम्वद्ध संघ–सस्थाले बुझायो कृषि मन्त्रीलाई ध्यानाकर्षण पत्र



काठमाडौं साउन २६ खाद्यका लागि कृषि अभियान लगायत सम्वद्ध संघ, सस्थाहरुले कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवलाई ध्यानाकर्षण पत्र बुझाएको छ । खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीको टोलीले आज सिंहदरबार पुगेर ध्यानाकर्षण पत्र बुझाएको हो ।

खाद्य तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ आएको ४ वर्ष बितिसक्दा पनि नियमावली नआएको भन्दै तत्काल नियमावली ल्याउन माग गरिएको छ भने प्राङ्गारिक कार्यदलले बुझाएको प्रतिवेदनको कार्यान्वयन गर्न तथा राष्ट्रिय कृषि नीति तत्काल बनाउन पनि भनिएको छ ।

राष्ट्रिय कृषि नीतिको समय सापेक्ष परिमार्जन, रसायन र विषादीको प्रयोगबाट बिग्रिँदै गएको मानव र पर्यावरणको स्वास्थ्यलाई मध्यनजर गर्दै सरकार तथा सम्बन्धित निकायले बेलाबखतमा भन्ने गरेको प्राङ्गागरिक कृषिको आधार निर्माण गर्ने कुरामा अलमल र ढिलाई भइरहेको ध्यानाकर्षण पत्रमा जनाइएको छ ।

यता ध्यानाकर्षण पत्र बुझ्दै कृषि मन्त्री यादवले यी विषयहरूमा मन्त्रालयले तत्काल छलफल गरेर कार्यान्वयन गर्ने आश्वासन दिएका छन् । उनले भने,'तपाईहरूले दिनु भएको सल्लाह सुझाव एकदमै राम्रो छ । यसमा हामी बसेर छलफल गरेर कार्यान्वयन गर्छौं ।' पछिल्लो समय किसानहरूले समेत रासायनिक मल नै खोज्ने भन्दै उनले सबै मिलेर प्राङ्गारिक मलमा जोड दिनुपर्ने बताए ।

ध्यानाकर्षण पत्रमा माग गरिएको विषय :

१. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली

संविधानले व्यवस्था गरे वमोजिम नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने सवालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ आउनु अनिवार्य थियो । ऐनमा भएका कतिपय व्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा नियमावली नहुँदा अप्ठेरो भइरहेको छ । यसले आम समुदाय, खास गरेर गरिबिका रेखामुनि रहेका सीमान्त समुदाय झन् मर्कामा परेका छन् । तसर्थ नियमावली तत्काल लागु गरियोस् ।

२. प्राङ्गारिक कार्यदलले बुझाएको प्रतिवेदनको कार्यान्वयन

यस मन्त्रालयबाट २०७५ पुस ३० गते तत्कालीन माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको संयोजकत्वमा गठित प्राङ्गारिक कृषि प्रवर्द्धन उच्चस्तरीय कार्यदलले २०७६ जेठ २४ मा प्राङ्गारिक कृषि प्रवर्द्धन आधार पत्र बुझाएको थियो । कृत्रिम रसायन र विषादीले मानवीय स्वास्थ्य तथा पर्यावरणमा प्रतिकुल प्रभाव परिरहेको सन्दर्भमा हाम्रो खेतीपाती पद्धति प्राङ्गारिकतर्फ जान जरुरी छ । हाम्रो कृषि र माटो बचाउने खालका ठोस् कदम चाहिएको छ । मानव र प्रकृति दुबैको स्वास्थ्यलाई हितमा राखेर प्राङ्गारिक कृषिको विकास गर्ने हेतुले प्राङ्गारिक उच्चस्तरीय आयोगले सिफारिस गरेका सुझावहरूलाई मनन गर्दै आवश्यक नीति बनाउन यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छौं ।

३.राष्ट्रिय कृषि नीति, २०६१

राष्ट्रिय कृषि नीति, २०६१ मा कृषिमा तर्जुमा भएका र नयाँ बन्ने वस्तुगत र विषयगत नीतिहरू यसै नीतिबाट निर्देशित हुने कुरा उल्लेख गरिएको छ। यसर्थ, राष्ट्रिय कृषि नीति, २०६१ को आधारमा अब बन्ने कृषि नीति र कृषि सम्बन्धी कानुनहरूको आधार हो । संघीय तहको सरकारले कृषि नीति नबनाएसम्म प्रदेश र स्थानीय सरकारहरू अलमलमा परिरहेका छन् । साथै स्थानीय तहमा बनेका नीतिहरू दिगो हिसाबले बनाइएको छ । राष्ट्रिय कृषि नीति २०६१ मा पनि समीक्षा र परिमार्जन हुन जरुरी देखिन्छ । यसै सन्दर्भमा २०७७ मा मन्त्रालयबाट गठित पाँच सदस्यीय समितिले कृषि नीति, २०६१ लाई समय सापेक्ष, र सान्दर्भिक बनाउनका लागि एकीकृत कृषि ऐन बनाउन गरेको सुझाव सहितको प्रस्ताव स्मरण गराउँदै उक्त एकीकृत कृषि नीति निर्माणमा समेत ध्यानाकर्षण गराउन चाहन्छौं ।

४.एकीकृत कृषि ऐन तर्जुमा सम्बद्धमा

सामुदायिक आत्मनिर्भर केन्द्रले कृषि सम्बन्धी छुट्टै कानुनको आवश्यकताका बारेमा अध्ययन गरी "नेपालमा कृषि सम्बन्धी अलग्गै ऐन निर्माणको आवश्यकता विषयक अध्ययन प्रतिवेदन, २०७७ मन्त्रालयमा पेस गरेको थियो । उक्त अध्ययन प्रतिवेदनमा त्यसको औचित्य, अन्य देशको प्रचलन र ऐनमा समेट्नु पर्ने मूल विषय समेत प्रस्ताव गरिएको छ । यस विषयमा मन्त्रालय आफैले पनि आवश्यकता महशुस गरेको महशुस हुन्छ । तसर्थ कृषि सम्बन्धी मूलभूत विषयलाई समेटी एकीकृत कृषि ऐन तर्जुमा कार्य अगाडि बढाउन हुन अनुरोध छ ।

आज क्वाँटी खाने दिन, यस्ता छन् क्वाँटी खानुका फाइदा :

काठमाडौं २७ साउन आज जनै पूर्णिमा । यस दिनको विशेष खान्की हो, क्वाँटी । परापूर्व कालदेखि नै जनै पूर्णिमाका दिन क्वाँटी खाने प्रचलन छ ।

क्वाँटीमा नौ थरी गेडागुडीको मिश्रण हो । चना, मस्याङ, मुगी, बोडी, मास, भटमास, ठुलो सिमी, ठुलो केराउ, सानो केराउको मिश्रण नै क्वाँटी हो । धार्मिक मान्यता अनुसार प्रत्येक श्रावण शुक्ल पूर्णिमा अर्थात जनै पूर्णिमाको रातमा क्वाँटी खाने चलन छ ।

अंकुरित गेडागुडी स्वास्थ्यका लागि राम्रो हो । यसमा भरपुर मात्रामा प्रोटिन हुन्छ। साथै भिटामिन र मिनरल्सको स्रोत पनि हो । वर्षाको मौसममा खेती किसानी गर्नेहरूलाई बढी पौष्टिक आहार चाहिने भएकाले क्वाँटीको विशेष महत्व छ ।

खेती किसानीको क्रममा शारीरिक श्रम बढी गर्दा शरीरलाई अतिरिक्त ऊर्जाको खाँचो हुन्छ । त्यसैको परिपूर्ति गेडागुडी अर्थात प्रोटिनले गर्छ । प्रोटिनले मांसपेशीलाई स्वास्थ्य राख्ने काम पनि गर्छ । खेतीपातीको कामले थकित शरीरमा ऊर्जा ल्याउन र चिसो भगाउन क्वाँटी खाने गरिएको भनाई छ ।

यस्ता छन् क्वाँटीका फाइदा :

(कब्जियतको समस्या हटाउँछ । क्वाँटी रेसादार खानाको स्रोत हो ।

(मधुमेह तथा पायल्स भएका मानिसलाई समेत फाइदा गर्छ । तर मधुमेह भएकाले चिकित्सक तथा डाइटिसियनसँग भने एक पटक सल्लाह लिन आवश्यक छ ।

(यसले बूढो हुने गति मन्द पार्नुको साथै मानिसलाई सुन्दर स्वस्थ र रोगमुक्त पार्दछ ।

(तुरुन्त प्रयोग हुन सक्ने शरीरलाई चाहिने शक्तिको स्रोत दिन्छ ।

(यो सजिलै पाच्य हुन्छ ।

(पेटमा अनावश्यक वायु बनाउँदैन ।

(क्वाँटीमा भिटामिन ए, भिटामिन बी, भिटामिन सी, भिटामिन ई तथा खनिज पदार्थ प्रशस्त मात्रामा हुन्छ। यसले शरीरको थकाई कम गर्छ र तनावबाट मुक्त गराउँछ ।

(रोग प्रतिरोधात्मक शक्ति बढाउँछ ।

(रोगी, बालबालिका तथा वृद्धमा हुने कुपोषण हटाउन सकिन्छ ।

(क्वाँटीको नियमित सेवनले स्मरण शक्ति पनि बढ्छ ।(मानसिक स्वास्थ्यमा सुधार ल्याउँछ । (रक्तसञ्चार तथा स्नायु प्रणालीलाई धेरै फाइदा पुग्छ ।(टुसाएका गेडागुडीमा क्षारीय गुण बढी हुन्छ। त्यसैले, क्वाँटी खानाले "एसिडिटी" तथा मूत्रनलीमा सङ्क्रमणजस्ता समस्याबाट पनि छुट्कारा मिल्छ। (पाचनशक्तिमा सुधार ल्याउँछ ।१५. गेडागुडीमा हुने सबै पौष्टिक तत्व शरीरले लिन सक्ने भएकाले सौन्दर्यमा पनि निखार आउँछ ।

# कृषि पत्रकार महासंघ सुदूरपश्चिममा

काठमाडौं साउन २५ कृषि पत्रकार महासंघ नेपालको सुदूरपश्चिम प्रादेशिक शाखा अध्यक्षमा हिमेश विक चयन भएका छन् ।



सुदूरपश्चिम प्रदेशका नौं वटै जिल्लाका क्रियाशील पत्रकारहरुको धनगढीमा भएको भेलाले विकलाई अध्यक्षका रुपमा चयन गरेको हो । प्रदेश शाखाको उपाध्यक्षमा तर्क राज भट्ट कञ्चनपुर, सचिवमा तेज बोहरा बझाङ, सह-सचिवमा अनिता चौधरी कैलाली, कोषाध्यक्षमा सरस्वती साफरी क्षेत्री कैलाली, सदस्यहरुमा रेखा कलौनी बझाङ, भागरथी सामन्त दार्चुला, धनी कोली डडेल्धुरा, राजन जैगडी धनगढी, देवराज पाध्य बाजुरा, सुरज सुनार अछाम, दिपक नेपाली कन्चनपुर, मोहन बहादुर चन्द वैतडी चयन भएका छन् । कार्यक्रम सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्य मन्त्री मानबहादुर सुनारले कृषि पत्रकार महासंघले आफ्नो संस्थालाई पहिलो पटक सुदूरपश्चिमबाट विस्तार गरेकोमा खुशी व्यक्त गर्नु हुँदै देश कृषि प्रधान भएको भएपनि कृषि क्षेत्रको विकास हुन नसकिरहेका बेला कृषि क्षेत्रको विकासका लागि महासंघले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताएका छन् ।

उनले सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्ला मध्ये कैलाली र कञ्चनपुर मात्र तराईमा पर्ने भएपनि बाँकी ७ जिल्ला दुर्गम भएकाले पहाड र तराईको उत्पादन र पशुपन्छी जन्य उद्योगका लागि आफूले गर्न सक्ने कार्य निरन्तर गरिरहने बताए ।

कार्यक्रम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.मदन बहादुर धामीले पछिल्लो समयमा सो प्रदेशमा कृषिको वृहत्तर विकास भईरहेको जानकारी दिनु हुँदै मुख्य मन्त्री कृषि कार्यक्रम जस्त नयाँ कार्यक्रमले किसानमा उत्साह ल्याएको समेत बताए ।

कार्यक्रममा कृषि पत्रकार महासंघ नेपालका केन्द्रिय अध्यक्ष वैकुण्ठ भण्डारीले कृषि क्षेत्रमा वितगमा हुने गरेको कागजी उत्पादन गरेर अनुदान खाने प्रवृत्तिको अन्त्य गर्दै वास्तविक किसानसम्म अनुदान पुऱ्याउन मन्त्रालयले पहल गर्नु पर्नेमा जोड दिएका थिए ।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र ( CAIDMP)

# मिटरब्याजको विरुद्ध किसानहरु आन्दोलित

उनीहरु दोस्रो पटक पनि २० औं दिनसम्म धर्नामा बसिरहेका छन् । यसभन्दा डेढमहिना अगाडि गृह मन्त्रालयसँग सम्झौता भएको थियो । गृहले आफ्नो तर्फबाट मात्र वार्ता टोली बनाइयो । हामीलाई वार्ता टोलीमा सहभागी गराईएन । सरकारले आफ्नो दायित्व समेत निभाएन । हामी जस्तो पीडितहरुको




आवाज दबाउन नपाओस् । पञ्चायती कालमा यस्तो दृष्टिबन्धक राख्ने चलन थिएन । कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंकले किसानहरुलाई सहयोग गरेको भए यस्तो अवस्था आउने थिए ।

गरिब जनता बाँच्नको निमित्त ऋण लिन्छ । प्रेमनारायण कोइवी, एकना कोइरी सरावल ७ गाउँपालिका भुजहवाका किसान हुन् । उनले भने ९ लाख ऋण लिएकोमा १६ लाख दिइसकेको छु । ब्याज बढी भयो भनेर भन्दा पनि हाम्रो कुरा पटक्कै सुनुवाई गरेन । ब्याज दिनु अनि फकुवा गर्छु भनेर भन्छन् । डेढलाख ऋण लिएकोमा ६ लाख बनाइयो । उल्टै १० लाख माग्यो ।

२०७१ साल असार १५ गते व्यक्तिगत रुपमा छोरालाई मलेशिया पठाउन १ लाख रुपैयाँ ऋण लिएँ । २ लाखको कागज गराइयो । छोराले ४ महिना पछि मलेशियाबाट पैसा पठाइयो । त्यो पैसा २०७१ कार्तिक १ लाख बुझाईयो । २०७६ सम्म ५ लाख ५ हजार दिइयो । फेरि ८ लाख माग गरेको छ । हाम्रो नेता हृदयस त्रिपाठी हो । हाम्रो उनले कुरा सुन्दैन । मेरो क्षेत्रको नेता सुनिल बाँनिया हुन् । अनसन बस्न आउनु भएका ६३ वर्षी रामशुभग महत्तोकोले भने मेरो २० जना परिवार छन् । मुसहर सुस्ता ५ रतनगञ्ज जग्गा पनि गयो पैसा पनि गयो ।

त्यसरी नै साही जिल्लाकै अकवर मियाँले १ लाख ऋण लिएकोमा १० लाख तिरी सकेको छु । दृष्टिबन्धक गरेको छ ।

मिटर ब्याज विरुद्ध ऐक्यबद्धता जनाउँदै अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले मिटर ब्याज संविधानमा नभएको विषय भएकोले त्यसरी गरिएका कागजातहरु खारेज गरिनु पर्ने बताउनु भयो ।

समाजवादी किसान आन्दोलनका अध्यक्ष लोकनारायण सुवेदीले गणतन्त्र आएका १५ औं वर्ष भएको छ । आज किसानहरु आफ्नो मुक्तिको लागि जुट्नु परेको छ । सयुक्त किसान संघर्ष समितिको तर्फबाट घोर विरोध गर्दछु । अन्याय विरुद्ध लड्न आएका किसानलाई राहत र न्याय दिनुपर्छ । सोझासाझा किसानहरु जबसम्म मिटर ब्याजी साहुहरुको फन्दामा परिरहन्छ तबसम्म देश अगाडि बढ्दैन । किसानसँग लालपुर्जा नभएसम्म नागरिकता समेत पाउन सक्दैनन् ।

यो सरकार किसानको नभएर मिटर ब्याजीको सरकार भएको आरोप लगाउनु भएको छ । अब ६ वटा किसानको संयुक्त संघर्ष समितिबाट देशव्यापी रुपमा किसान आन्दोलन उठाउँछौं सुवेदीले भन्नु भयो । अब यस कसिमको हर्कत गर्न नपाओस् ।

सुवेदीले सशक्त आन्दोलनको विकल्प नभएको बताएका छन् । किसानको समस्या समाधान नभएसम्म नागरिकताको समस्या समाधान हुँदैन । सरकारले कारवाही नगरे किसानलेनै कारवाही गर्छ भन्नु भयो ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटाले सरकारले आफ्नो खाडल आफै खनेका छन् भन्नुभयो । भारतीय सरकार किसान आन्दोलनबाट झुक्न बाध्य भयो । बाँस्कोटाले भन्नु भयो देश १० वर्ष द्धन्दमा फस्यो । सबभन्दा पहिले किसानलाई हेर्ने हो । भूमिहिन लगायत दलित, जनजाति, महिला, किसानको समस्या समाधान गर्न सरकार तयार हुनैपर्छ दमन गर्न पाइदैन ।

किसानहरु २०७९ साल भाद्र १६ गते मिटर ब्याज विरुद्ध किसान-मजदुर मार्च पास भएको दिनसम्म ३० औं दिनमा आइपुगेको छ । उनीहरुले हलो जुवा, झण्डा बोकेर माइतीघर मण्डलादेखि बालुवाटारसम्म प्रदर्शन गरेका थिए । मिटर ब्याज संघर्ष समितिले सभाका आयोजना गरि सुदखोरहरुको सम्पत्ती छानविन गर, दलालहरुलाई गिरफ्तार गर्दै कानुन वमोजिम कारवाही गर, उच्चस्तरीय न्यायिक आयोग गठन गर, गैरन्यायिक दृष्टिबन्धक तमसुक खारेज गर जस्ता नाराहरु लगाउँदै सभामा परिणत भएका थिए ।

प्रदर्शनीमा सहभागी एक संघर्ष समितिका पदाधिकारीले भने यो देशको बालुवाटारले हाम्रो आवाज सुनेन । सदुखोर डिनर खाएर बसेको होला । "हाम्रो सुनुवाई नगर्ने आयोगसँग हाम्रो सहमती छैन ।" यति संवेदनशील विषय भएर पनि गृह मन्त्रालय मिटर ब्याजीहरु, सुदखोरलाई कारवाई गर्दैन ।

मिटर ब्याजी संघर्ष समितिका उपाध्यक्ष सरस्वती मिश्र वाग्लेले हामीले न्याय पाएनौं । हामी बालबालिका छोडेर माइतिघर मण्डला आएर धर्ना बस्न वाध्य भएका छौं रहरले होइन । राजनीतिक नेताहरुले वास्ता गरेनन् । डाचाराम वाग्लेले उठाएको आन्दोलन पूरा गर्ने दायित्व तपाईहरुको हो । मिटरब्याजीहरुको शोषणबाट शोषित, पीडित जनताहरुको आँखामा छारो हाल्ने कार्यदल नबनाउनुहोस् । सत्ता र शक्तिको नाममा आँखामा छारो नहाल्नुहोस् । संविधान अनुसार कार्यन्वयन गर्नु होस् ।

२० औं दिनदेखि लगातार अनसनमा बसेका किसानहरुले प्रत्येक जिल्लाहरुबाट आन्दोलन अगाडि बढाउन चेतावनी दिइएका थिए । उनीहरुले तेस्रो जनआन्दोलन हुनसक्ने चेतावनी दिएका थिए ।

प्रदर्शनमा लुभुका समाजवादी कृषि आन्दोलनका किसान कलाकारहरुले नृत्य प्रस्तुत गरेका थिए । वरिष्ठ लखक सन्जिव उप्रेती, कलाकार प्रदीप देवान लगायत कलाहरुले संघर्षको समर्थनमा विभिन्न प्रकारका गीत, नृत्य प्रस्तुत गरेका थिए ।

उक्त विरोध प्रदर्शनमा वरिष्ठ लेखक खगेन्द्र सँग्रौलाले किसानको आन्दोलन अगाडि बढाउन आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै सामन्तवादी संस्कार अवशेष नमेटिएको भन्दै आन्दोलन अगाडि बढाउनु पर्ने बताउनु भयो ।

# परम्परागत आदिवासी नेपालको अमूल्य ज्ञान हुन्

आदिवासी जनजातिहरु ३५ प्रतिशत बसोवास गर्छन भनिसक्नु भएको छ। अब यहाँको बुझाईमा यहाँले लेखेका अनुसन्धान गरिएका विषयवस्तुहरु एकातिर छन् र अर्कोतिर यसलाई व्यवहारमा व्यवहारिक रुपमा ढाल्नको लागि के गर्नु पर्छ। र व्यवहारिक रुपमा कतिको कार्यन्वयन भएको अनुसन्धान र विश्लेषण पाउनु भएको छ ?
पाठ्यक्रमको कुरा पनि उठाउनु भयो यहाँले कमी महशुस भईराखेको छ पनि भन्नुभयो। नेपालमा यहाँको अनुभवमा, पाठ्यक्रमहरुमा साँच्चीकै आदिवासी ज्ञानहरु समावेश नभएका हुन् त ?
आदिवासी ज्ञान जो वायो डाइभरसिटी भनिन्छ नि, आदिवासी ज्ञान जैविक विविधतासँग जोडिएको हुनाले हामीले संरक्षण कसरी गर्न सकिन्छ ? अब आदिवासी ज्ञान अझ विशेषगरि इण्डिजिनियस एग्रीकल्चर टेक्नोलजिलाई चाही हामीले जोड दिनुपर्ने देखिन्छ। यहाँको विचारमा यहाँले गहिराई गरि किताव लेख्नु भएको छ। अझै विस्तृत रुपमा प्रकाश पारिदिनु होस् न ? कतै हाम्रा कारण डिटरिओट हुँदै गयो कि ? भन्ने विषयमा भूगोल केन्द्रीय विभागका प्रा.डा.**कन्हैया**

कन्हैया सापकोटा प्रा.डा.भूगोल केन्द्रीय विभाग
**यहाँको संक्षिप्त परिचय दिनुहोस् नं ?**
कन्हैया सापकोटा प्राध्यापक भूगोल केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयसँग आवद्ध छु। आदिवासी परम्परागत ज्ञानमा आधारित भएर भरखरै कलम चलाई रहेको छु। यसै सन्दभमा मैले पुस्तक लेखेको छु। जुन कृषिमा आदिवासी अर्थात र परम्परागत ज्ञानलाई सानो केश स्टडीको रुपमा प्रस्तुत गरेको छु। यसमा मैले अरु अनुसन्धानमा एमफिल गर्ने सन्दर्भमा त्यसैलाई आधार मानेर कृषिमा कसरी प्रयोग भइरहेको छ भन्ने सन्दर्भमा काठमाडौं उपत्यका भित्रै धेरै टाढा पनि म गइँन। आदिवासी ज्ञानहरु मेरै घर वरपर छ भन्ने लागेर काठमाडौं उपत्यका भित्रै मनोहरा क्षेत्रमा कृषिमा भएका ज्ञानहरु कसरी अभ्यास हुँदो रहेछ अनुभवहरु लिइरहेको छु।
यहाँले काठमाडौं र भक्तपुरको संगमस्थल जहाँ यहाँले गरेको अनुसन्धान के परिणाम प्राप्त गर्नु भयो त्यसबाट आएका विषयवस्तुहरुका बारेमा अलिकति प्रकाश पार्नु होस् न ?
वास्तवमा एकदम सही प्रश्न राख्नु भयो। एकदमै महत्वपूर्ण छ। कारण के हो भने मैले अघि पनि उजागार गर्ने प्रयास गरेको छु। आदिवासी परम्परागत ज्ञान हामीले हाम्रो गाउँमा जानु पर्ने डाँडा पखेरामा गएर बुझ्नु पर्ने मात्र होइन रहेछ। शहरी परिवेश भित्र पनि र अलिकति शहरभन्दा बाहिरको भाग जसलाई हामी पेरिअरवन एरिया भन्छौं। अरवन र पेरि अरवन बाहिरका क्षेत्रहरुमा पनि केही यस्तो आदिवासी ज्ञानहरु प्रसस्त छन् भन्ने मैले विभिन्न खालको लिटरेचर पढ्ने बेलामा फेला पारेको छु। त्यसो गर्ने सिलसिलामा मैले कृषिलाई जोड्न खोजे। कृषिलाई कहाँ जोड्ने भन्दा काठमाडौं उपत्यकाका क्षेत्रहरु घुमे। मनोहरा क्षेत्र इन्टेन्सिभ एग्रीकल्चर हुन्। त्यहाँ टिपिकल स्थानीय व्यक्तिहरुको सहभागीतामा कृषि क्रियाकलाप भएको कारणले मलाई मेरो लागि त्यो ठाउँ उपयुक्त ठाने र मैले त्यो ठाउँमा अध्ययन शुरु गरे। मैले करिब ८ महिना समय लिएर अध्ययन गरे। किनभन्नु हुन्छभने आदिवासी ज्ञान जान्नु थियो। मलाई आदिवासी ज्ञान चाहिएको थियो। जसले गर्दा खेरी उहाँहरु विहानै ५ बजे खेतमा कृषिको काम गर्नु आइपुग्नु हुन्थ्यो। म पनि विहानै ५ बजे त्यहाँ पुग्थे। उहाँहरुले आफ्नो जुन परम्रागत ढंगबाट कृषिलाई अगाडि बढाउनु भएको छ। अहिलेसम्म अभ्यासको रुपमा लिएर आउनु भएको छ।



परम्परागत खेती प्रविधिहरु अपनाइरहेका जात जातिहरु छन्।
**आदिवासी जनजातिहरु ३५ प्रतिशत बसोवास गर्छन भनिसक्नु भएको छ। अब यहाँको बुझाईमा यहाँले लेखेका अनुसन्धान गरिएका विषयवस्तुहरु एकातिर छन् र अर्कोतिर यसलाई व्यवहारमा व्यवहारिक रुपमा ढाल्नको लागि के गर्नु पर्छ। र व्यवहारिक रुपमा कतिको कार्यन्वयन भएको अनुसन्धान र विश्लेषण पाउनु भएको छ ?**
मलाई के लाग्छ भने हामीले जति पनि अध्ययन अनुसन्धान गर्छौं। चाहे आदिवासी ज्ञान होस्। चाहे अन्य त्यो अध्ययन, अनुसन्धान मैले मेरो वाकस भित्र राखेर हुँदैन। मैले त्यसबाट जति पनि ज्ञान पाएको छ त्यसका निष्कर्षहरु, निचोडहरु सम्वन्धित निकायमा शेयर गर्नुपर्छ। त्यसका लागि सम्बन्धित निकाय भनेको विभिन्न संघ-संस्थाहरु देशका नीति निर्माताहरु विश्वविद्यालयमा अध्ययन प्राध्यापन गर्ने विद्यार्थी भाईबहिनीहरु मेरो त्यही स्टेक होल्डरहरु त्यही कृषिकै त्यहि फिल्डमा लागि रहनु भएको छ। फाइण्डिङ्ग हो त्यो कुरा मैले शेयर गर्नु पर्ने अवस्था आउँछ। त्यो अवस्था शेयर गर्ने सिलसिलमा सन् २००४ तिर इसिमोडको अन्तर्राष्ट्रिय सेमिनारमा कार्यपत्रमा प्रस्तुत मात्र गरेको थिएँ। अन्तर्राष्ट्रिय क्षेत्रबाट आउनु भएका

कृषिसँग सम्बन्धित व्यक्तिहरुलाई मेरो फिल्ड भनेर आदिवासी ज्ञानको अभ्यास र शेयरिङ्ग पनि गरे। राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा विज्ञहरुलाई समेत यसको बारेमा जानकारी दिने प्रयास गरे।

तर, दुखःका साथ के भन्नु पर्छ भने मैले राष्ट्रियस्तरमा उजागर गर्न सकिरहेको अवस्था छैन। विभिन्न संघ-संस्थाहरु, विश्वविद्यालय, यो क्रस कटिङ्ग विषयको रुपमा आएको छ। म भूगोलको विद्यार्थी भएको नाताले लामो समय भूगोल प्राध्यापन गर्ने, गराउने प्राध्यापक भएको नाताले भूगोल जस्तो विषयमा यो विषयलाई, आदिवासी परम्परागत ज्ञानको कुराहरुलाई हामीले पाठ्यक्रममा समावेश गर्नुपर्छ। भूगोल मात्रै होइन वातावरण विज्ञान, संस्कृति छ। समाज शास्त्रीय छ। दोस्रो ट्रोपोलजि छ। यि सबै विषयहरुमा हामीले यो आदिवासी ज्ञानलाई अन्तमा आएका दृष्टिकोणहरु विस्तृत हुन्छ। जसको कारण केही हामी र हाम्रो सन्ततिहरुले हाम्रा परम्परागत ज्ञान, सीप, धारणा, पद्धतिलाई जगेर्ना गर्दै। हाम्रो बाउ बाजे के सिकेर आउनु भएको थियो। यी कुराहरुको जानकारी गराउँनु पर्छ। होइन भने हामीले अघि शुरुमै भने यदि हामीले गरेको अध्ययन अनुसन्धानलाई बाकस भित्र मात्रै सीमित गर्ने हो भने त्यो उपलब्धी हुँदैन। मेरो लागि एउटा लिटरेचर मात्र हुन्छ भन्ने लागेर

अगाडि बढाएको छु।

**पाठ्यक्रमको कुरा पनि उठाउनु भयो यहाँले कमी महशुस भईराखेको छ पनि भन्नुभयो। नेपालमा यहाँको अनुभवमा, पाठ्यक्रमहरुमा साँच्चीकै आदिवासी ज्ञानहरु समावेश नभएका हुन् त ?**

यसलाई यसरी पनि हेर्न सकिन्छ। कतिलाई आदिवासी ज्ञान भन्ने, कतिलाई नभन्ने। सामान्य ढंगले मैले अध्ययन गरेको क्षेत्रमा त्यहाँका किसानहरुले डेढ फिट दुईफिट जमीन खनेर माटो पल्टाई रहेको देखेँ। त्यो माटो किन पल्टाइयो भन्दा उहाँहरुले कृषि क्रियाकलाप गर्दा माटो माथिको लेभलको त्यहाँ भएको पोषकतत्व नाश भएको अवस्थामा उहाँहरुले माटो पल्टाएर तलको भागमा रहेको मलिलो माटो माथि ल्याएको भनेर बुझिन्छ।

त्यसो किन गरियो भन्दा माटोको पोषकतत्व तल छ। हामी माथि फर्काएर र लिएर ल्याउनु पर्ने रहेछ। यो खालको ज्ञान हामीसँग छ। नभएको होइन। स्कुलको किताबहरुमा थोरै थोरै देखिन्छ। हाम्रो परम्परागत कृषि प्रणालीको बारेमा परम्परागत सिँचाइको बारेमा कुरा गरेको छ। तर त्यसलाई विस्तृत रुपमा माथिल्लो विश्व विद्यालय तहसम्म यो ज्ञानहरुलाई अध्ययनको केन्द्र विन्दु बना बनाउनु पर्‍यो। मेथोडोलजि भित्र लगेर राख्यौं। इण्डिजिनियस् प्रविधि पनि एउटा मेथड हो। त्यो ज्ञानलाई मेथडको रुपमा ल्याउन सकियोस्। त्यो मेथडलाई अगाडि ल्याउन सकिएको खण्डमा विद्यार्थीहरुले त्यसलाई ग्रहण गर्छ। ओ हो ! मेरो बुबाज्यू हजुरबुवाहरुले गरेको कृषि प्रणाली कस्तो रहेछ भन्ने हाम्रो परम्परागत कृषि प्रणालीमा रहेको छ। स्कुलको किताबमा लेखि दिएर त्यसले पुगेन अब त्यसैलाई आधार मानेर म सम्वद्ध प्राध्यापक वहस चौतारी चलाउँदै त्यसको चौतारीमार्फत पनि डिस्कोर्ष शुरु भएको छ। डाइलग शुरु भएको छ। त्यसलाई लिएर इण्डिजिनियस् ज्ञान यो हो। आदिवासी ज्ञानलाई एउटा मेथडको रुपमा कसरी हस्तान्तरण गर्ने, भईराखेको वस्तुलाई कसरी अगाडि ल्याउन सकिन्छ ? हामी ज्ञानमा धनी छौं। हाम्रो ज्ञान हाम्रो सिप, हाम्रो पद्धती, हाम्रो पुर्खाहरुको बानी व्यवहार यसमा हामी एकदमै धनी छौं। हामीले के भन्यौं होला भनेर एउटा विदेशमा बस्ने लेखकले चिल्लो एउटा किताबमा इण्डिजिनियस प्राक्टीस इन नेपाल भनेर लेखिदियो भने त्यो किताव हामीले पढेर तपाई हामीले विश्वास गर्छौं। हाम्रा साथीहरुले आदिवासी ज्ञान लिएर आयो भने विश्वास नगर्ने हाम्रो त्यो खालको एकेडेमियामा प्रभाव देखिन्छ। हाम्रा मान्छेले लेख्नु भएका, तपाई हामीले लेखिएको ज्ञान धेरै माथि हुन्छ। उनीहरुलाई रिफर गर्छौं। उनीहरुलाई साइटेशन गर्छौं। लिटरेचरमा हामी हाम्रो नेपाली अनुसन्धानकर्ताहरुले गरेको अनुसन्धानलाई त्यति मूल्य दिईरहेको हुँदैनन्। त्यसकारण माथिल्लो निकायको एकेडेमिया स्तरमा, विश्व विद्यालयस्तरमा यो ज्ञानलाई लान नसकेको हो कि भन्ने मलाई लाग्छ।

यहाँले असाध्यै महत्वपूर्ण कुरा उठाउनु भयो। विश्व विद्यालयले पनि उठाउन नसकेको हो। कि भन्ने अलि शंकाको विषय पनि उब्जाईदिनु भएको छ। मैले कतिपय शैक्षिक संस्थाहरुले पहल गरिरहेको देखिन्छ। तर पनि पर्याप्त छैन। यो अवस्थामा आदिवासी परम्परागत कृषिको ज्ञान छ। नेपालमा मात्र होइन विश्वमा धेरै आदिवासीहरु छन्। कृषिका कुरा मात्र नभएर आफ्नो जीविकोपार्जन, आफ्नो पर्यापयावरण, भू-वायूमण्डलीय सुधार पनि उनीहरुले गरिराखेको छ। यो अवस्थामा नेपालको जुन यो परिवेश छ। हामीले आदिवासी ज्ञानलाई हामीले छोडिरहेको अवस्था छ। केमिकल पेष्टिसाइडहरु असाध्यै भित्रिएको अवस्था छ। त्यसले गर्दा यो हाम्रो आदिवासी ज्ञानहरु एकातिर लोप हुँदैछ। अर्कोतिर हाम्रो उत्पादन शक्ति पनि ह्रास हुँदै गएको छ।

**अब आदिवासी ज्ञान अझ विशेषगरि इण्डिजिनियस एग्रीकल्चर टेक्नोलजिलाई चाही हामीले जोड दिनुपर्ने देखिन्छ। यहाँको विचारमा यहाँले गहिराई गरि किताव लेख्नु भएको छ। अझै विस्तृत रुपमा प्रकाश पारिदिनु होस् न ?**

हामीले हाम्रो परम्परागत कृषि प्रणाली जुन छ। त्यो कृषि प्रणालीलाई ईज्जतसँग पनि जोडेर हेर्‍यौं। कुनै समयसम्म हाम्रो आफ्नो पन छ। त्यो मेरो हो भन्ने हामीलाई महशुस हुन्छ। तर विस्तारै विस्तारै ग्रीन रिभोलुसनको रुपमा आउन थाले, ग्रीन रिभोलुसन आईसके पछि विभिन्न दातृ निकायहरुको प्रवेश कृषिमा भयो। कृषिमा जब दातृ निकायहरुको प्रवेश भयो त्यसले विस्तारै इण्डिजिनियस ज्ञानलाई डिस्प्लेस गर्ने काम भयो। दातृ निकायहरुले अन्तर्राष्ट्रियस्तरमा उत्पादन बढेन। उत्पादकत्व बढाउन केमिकल फर्टिलाईजर युज गर। किरा फट्याङ्ग्रा मार्नलाई रासायनिक औषधी प्रयोग गर भनिदियो। हाम्रो बुवाहरुले हाम्रो हजुरबा ज्यूज्यू हजुरबाहरुले बकैनाको झोल प्रयोग गर्नु हुन्थ्यो। खरानी प्रयोग गर्नुहुन्थ्यो। त्यसरी पेष्टिसाइट कन्ट्रोल गर्नुहुन्थ्यो। तर, आधुनिक कृषिको नाममा विकृति देखा पर्न थाल्यो। जसको कारण विस्तारै केमिकल फर्टिलाइजरको इन्ट्री हुन थाल्यो। मुलुकमा विभिन्न कीरा मार्ने रसायनिक विषादी इन्सेक्टिसाइडहरुको इन्ट्री हुन थाल्यो। केमिकल फर्टिलाइजर प्रयोग हुनासाथ एकदमै बढ्यो। अनि हाम्रो किसान दाजुभाई दिदीबहिनीहरु जो हुनुहुन्छ। परम्परागत कृषि गरिरहनु भएकाहरुले के देख्नु भयो भने अघिल्लो वर्ष ३ मुरी धान फलेकोमा यो वर्ष १० मुरी धान फल्यो भनेर उहाँहरु हौसिनु पर्‍यो। त्यो हौसिनुको कारणले आज यो अवस्था आयो। आफूले नजानी नजानी पसलमा सोधेको भरमा पेष्टिसाइड इन्सेक्टिसाइड प्रयोग गर्नु थाल्नु भयो। ९ज्वउजबशबचमथि० प्रयोग गर्नु थाल्नु भयो। जसले गर्दा उत्पादन र उत्पादकत्वमा ऱ्हास आउन थाल्यो। उत्पादन र उत्पादकत्वमा ह्रास आयो। ऱ्हास आईसकेपछि हामीले फेरि परम्परागत कृषिमा फेरि फर्कन पर्ने भयो। अब समस्या कहाँ रह्यो भने त्यो माटोमा

भएका गुणस्तर पोषक तत्वहरु सबै मरेर गयो । त्यो सबै पेष्टिसाइड र इन्सेक्टिसाइड केमिकल फर्टिलाईजरले सबै किराहरु मरिसक्यो । हामीले हाम्रो घरमा रक्ष्यानमा उत्पादन गरेको मलहरुको प्रयोग जुन किसिमबाट उत्पादन गर्थ्यो । आज स्प्रे गरेको साग हामीले खानु परेको छ । हाम्रो इण्डिजिनियस ज्ञान थियो । रक्ष्यानमा राखेको राम्रोसँग पाकेको म हाल्थ्यौं । खरानी प्रयोग गर्थ्यौं । त्यस्तो खालको प्राविधिहरु प्रयोग गर्थ्यौं । त्यस्ता अर्गानाइजेशनहरुलाई हामीले पाखा लगाउँदै गयौं । हाम्रो आदिवासी ज्ञान परम्परागत ज्ञान सीप छ । त्यसलाई अगाडि बढाउने हाम्रो नीति नै भएन । राष्ट्रियस्तरको नीति हुन्थ्यो भने सायद त्यो हरित क्रान्तिको प्रभाव पर्दैनथ्यो होला । त्यसरी घातक प्रयोग चाही हुँदैथ्यो । किनभने हाम्रो किसान दाजुभाई दिदीबहिनीहरुसँग कति मात्रमा रासायनिक मल हाल्नु पर्छ ज्ञान छैन । जस्तै माटोमा नाइट्रोजन, फोस्फोरस, पोटासको मात्रा कमी छ । भनेर यहाँहरुलाई थाहा छैन । तर उहाँहरुले नाइट्रोजन, पोटासियमको सट्टामा अर्को केमिकल फर्टिलाइजर ल्याएर हाली रहनु भएको अवस्था छ । त्यो विकृति आयो । कसरी आयो, हो हाम्रो परम्परागत कृषि प्रणाली आधुनिकीकरण गर्नु पर्छ । आधुनिकीकरण गर्ने नाममा जथाभावी चाहीँ गर्नु भएन ? आधुनिकीकरण गर्नुपर्छ भन्ने छुट्टै वहसको विषय होला, आधुनिकीकरण गनुपऱ्यो । नीति निर्माण गर्नुपऱ्यो । त्यस विषयमा न हामीलाई पढाइयो । न नीति निर्माताहरुले परिचय दियो । समावेश गर्नु भएन । केही पनि नगरेको कारण हामीमा अहिले विकृति चाही देखिएको छ ।

**आदिवासी ज्ञान जो वायो डाइभरसिटी भनिन्छ नि, आदिवासी ज्ञान जैविक विविधतासँग जोडिएको हुनाले हामीले संरक्षण कसरी गर्न सकिन्छ ?**

जुनकुरा कहाँ जोडिन्छ भनेर ज्ञानसँग जोडिन्छ । ज्ञान कहाँ जोडिन्छ । भने जो हाम्रो नीति निर्मातासम्म जोडिन्छ । नीति निर्माताले हाम्रो परम्परागत ज्ञानलाई स्वीकार गर्नु पऱ्यो । आत्मसाथ गर्नु पऱ्यो । त्यसलाई संरक्षण गर्न यहाँले भन्नु भयो नि वायो डाइभरसिटी, जैविक विविधतालाई हामीले संरक्षण गर्नका लागि फराकिलो ढंगले भन्नु पर्दा हिमाल, तराई, पहाड तीनवटा हाम्रो भौगौलिक क्षेत्रहरु छन् । इकोलजिकल वेल्टहरु छन् । त्यहाँ आ-आफनै खालको जैविक विविधता छन् । तिनीहरुका बारेमा बुझ्नु पऱ्यो । जुन हिमालयमा हुने जैविक विविधता तराईमा हुँदैन । तराईमा हुने जैविक विविधता पहाडमा हुँदैन । भूगोलले चाहीँ टाइम र स्पेस भनिन्छ । स्पेस, त्यो ठाउँ अनुसार, समय अनुसार परिवर्तनशील छ । वायो डाइभरसिटी पनि परिवर्तनशील हुन्छ । वायो डाइभरसिटीको बारेमा लेख्नु हुन्छ ।

प्राफेसर आरपी चौधरीले लेख्नु भएको एउटा प्रतिवेदन पढेँ । त्यसमा उहाँले जैविक विविधता संरक्षण गर्ने विषयमा मात्र होइन टुरिजमसम्म पनि जोडिएर आउने भयो ।  आदिवासी ज्ञान एकेडेमियासँग पनि जोडिएर आउने भयो । त्यसकारण वायो डाइभरसिटी जोडिएर आउने भयो । त्यसकारण वायो डाइभरसिटीसँग जोडेर सानो कम्पोनेन्टलाई लिएर होइन ओभरली देशको नीति निर्मातासम्म हामी पुग्नुपऱ्यो । त्यसमा विभिन्न ज्ञानहरु भएकाहरुलाई भूगोल मत के भन्छु भने महत्वपुर्ण डिस्पिलन भूगोल कीर्तिपुर विश्व विद्यालयको भूगोल विभागले पनि यस सन्दर्भमा धेरै अनुसन्धानहरु गरिराखेको छ । त्यस्तै मानव शाश्त्र, समाजशाश्त्र यी सबैको मिश्रणबाट त्यहाँको विद्धान वर्गलाई हामीले लिएर त्यसको अध्ययन गराउनु पऱ्यो । अध्ययनको निचोड नीति निर्मार्ता कहाँ लानु पऱ्यो । एकातिर भने नीति निर्मार्ताको माध्यमबाट विश्व विद्यालयमा लगेपछि पाठ्यक्रम भित्र पर्छ । पाठ्यक्रम भित्र राखिसकेपछि हामी हाम्रो पछिल्लो सन्ततीले त्यसको प्रयोग संरक्षण गर्ने भन्ने कुरा जान्दछ । होइन नलेजको रुपमा मात्रै लिने हो भने यहाँले नै उठाउनु भयो यो डिटरिओटेड हुँदै जान्छ ।

**कतै हाम्रा कारण डिटरिओट हुँदै गयो कि ?**

हामीले हाम्रो आवाजलाई सम्बन्धित निकायमा पुऱ्याउन नसकेको हो कि ?

मैले लेख्छु मात्रै लेखेको पढीदिन नि पऱ्यो नि ?

मलाई के लाग्छ भने विश्वमा ३७० करोड आदिवासी जनजातिहरु छन् । जो कि ५ हजार हजार भन्दा बढी ग्रपुहरुसँग आवद्ध छन् । आदिवासी जनजातिहरु ९० वटा भन्दा बढी मुलुकहरुमा छन् । यसले के बताउँछ भने परम्परागत आदिवासी ज्ञानको भण्डार ठूलो छ । हाम्रो देश नेपालमा पनि ३७ प्रतिशत जनसंख्या छ । आदिवासी जनजातिहरु नै छन् । उनीहरुले प्रयोग गरिएका ज्ञानहरुलाई हामी स्थानीय ज्ञान पनि भन्छौं । स्थानीय ज्ञान, स्थानीय सीपको रुपमा पनि लिन्छौं । त्यो स्थानीय ज्ञान र सीपको विकास कहाँबाट हुन्छ भने त्यो ज्ञान सीप आफ्नै समुदायबाट प्रार्दुभाव भएको मानिन्छ । त्यसकारण युनेस्को र युइएन र विश्व बैकले समेत त्यस्ता ज्ञानहरु महत्वपुर्ण छन् । ति ज्ञानहरु हाम्रो सस्कृति र इतिहाससँग जोडिएका छन् । ज्ञानहरुलाई हामीले मुल प्रवाहमा ल्याउन सकेको खण्डमा मुलुकको दिगो विकासमा जान सक्छौं भन्ने कुरा स्वीकार गरेको छ । संयुक्त राष्ट्र संघले भनेको छ । तथापी हामी आफैले आत्मसाथ गरेको भने मैले देखि राखेको छैन । आत्मसाथ गरेर अगाडि बढ्न एकदुईजनाको प्रयासले मात्र पुग्दैन । सामूहिक प्रयास हुन जरुरी छ ।


**हार्दिक अनुरोध ।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, ९ज्ञल्ज्ञ० स्वाइनफ्लु पनि हुनसक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

# नेपालमा माछा संरक्षण तथा सम्वर्द्धन सम्बन्धी वर्तमान प्रचलित ऐन/नियमहरूको समीक्षा

-शंकरप्रसाद दाहाल

१. पृष्ठभूमि :

नेपाल जलस्रोतको दृष्टिकोणले विश्वको धनी राष्ट्रको रुपमा चिनिन्छ। भूपरिवेष्ठित भएकाले सामुद्रीक माछा प्राप्त हुन नसकेता पनि हाम्रा नदी/नाला र पोखरीहरूनै माछा प्राप्तिका स्रोत हुन्। आव २०६१/०६२मा नेपालमा खाने माछा ४० हजार ४ सय ६३ टन उत्पादन भएको सो मध्ये ४५.५.५ अर्थात १९ हजार ९ सय ८३ मेट्रिक टन प्राकृतिक जलाशयबाट र वाहेक माछा पालन तर्फबाट प्राप्त भएको अनुमान छ। नेपालमा नदि/नाला, ताल/तलैया एवं पोखरी आदि गरेर तपसिल बमोजिम कूल ८ लाख १८ हजार ५ सय हेक्टर जलाशय क्षेत्रफल रहेको अनुमान छ। नेपालमा आव २०६१ /०६२ मा माछा खपत १६५० ग्राम/व्यक्ति/वर्ष रहेको अनुमान छ

| क.सं. जलाशयको किसिम | जलाशयको क्षेत्रफल (हेक्टर) | माछा उत्पादन |
|---|---|---|
| १. प्राकृतिक जलाशय | ४,०१,५०० | १९,९८३ |
| क. नदि/नाला | ३,९५,००० | ६९५१ |
| ख. ताल | ५,००० | ७९५० |
| ग. रिजरभ्वायर | १,५०० | ३५६ |
| २. गाउँघरका पोखरीहरू | ६५०० | २०,२१३ |
| ३. दलदल/सिमसार क्षेत्र | ११,१०० | ५,०५१ |
| ४. सिंचित धानखेत | ३,९८,५०० | ६८३० |
| जम्मा | ८,१८,५०० | ४२,४६३ |

नेपालमा १ सय ८६ जातिका स्थानीय माछाहरू रहेका छन्। यी माछाहरूलाई वैज्ञानिक वर्गीकरण गर्दा ११ वर्गमा ३१ वंशका र ७९ जाति/प्रजाति रहेको पुष्टि भएकोले माछाको जैविक विविधतामा नेपाल धेरै धनी राष्ट्र मान्न सकिन्छ।

माथि उल्लेख भएका माछाका जाति मध्ये ३४ प्रजातिका माछाहरू विभिन्न कारणले गर्दा खतराको सूचीमा परेका ९१ प्रजातिका सामान्य अवस्था रहेका र अन्य ६१ प्रजातिका माछाको अवस्था बारे अझै विस्तृत अध्ययन तथा अनुसन्धान हुन बाकी नै रहेकोछ। नेपालमा पाइने माछा मध्ये सबभन्दा सानो माछा जेब्रा फिस (Danio rario) र ठूलो माछा गाँच (Bagarius हो।

नेपालमा माछा उत्पादनमा समस्या :

हालैका वर्षहरूमा हाम्रा नदिबाट हुने माछा उत्पादनमा क्रमश : ह्रास आएकोर सर्वत्र



चिन्ताको विषय बनेको छ नेपालको भौगालिक विविधताको कारणले गर्दा यहाँ धेरै प्रकारका माछाहरूको वासस्थान छ। तिनको संरक्षण र सम्वर्द्धन गर्नु हामो कर्तव्य हुन आएको छ। रोजगारीका दृष्टिकोणले हाम्रा नदिनाला धेरै महत्वपूर्ण मानिन्छन्। किनकि माछामारी जीविकोपार्जन गर्ने प्रत्यक्ष एवं अप्रत्यक्ष अवसरबाट झण्डै ७ लाख जनसंख्या लाभान्वित भएको अनुमान छ। बढ्दो जनघनत्व र विकास निर्माण कार्यले गर्दा नदि खोलामा भएका माछालाई दोहोरो मार परिरहेका छ। नदी ताल/तलैया रहेका स्थानीय माछाको वासस्थान दिनदिनै विनाश हुँदै गएको छ भने अर्कोतर्फ ती जलमा रहेका माछालाई अनियन्त्रित एवं अवैज्ञानिक तरिकाले मार्ने क्रम तिव्र रुपले बढेको छ। विद्यमान जलचर संरक्षण ऐनको कार्यन्वयन प्रभावकारी नहुनाले सार्वजानिक जलाशयमा रहेका माछा मार्न कसैको पनि नियन्त्रण निर्देशन, स्वीकृति एवं सहयोगको आवश्यकता नपर्ने भन्ने भ्रम धेरै मानिहसहरूमा पर्न गएकाले जथाभावी तरिकाले माछा मार्ने क्रम बढ्दो छ।

नदी/खोलामा माछा घट्नुमा तपसिलका कारणहरूमुख्य रुपले जिम्मेवार छन् :

१. नदीमा माछा मार्ने माझीको संख्यामा वृद्धि।

२. सानो आँखा भएको जालको प्रयोग एवं स-साना साइजको माछा मार्ने चलन।

३. गैरकानुनी तरिका प्रयोग गरी माछा मार्ने प्रवृतिको बढ्दोत्तरी।

विषादी/कीटनाशक औषधीहरूको प्रयोग ३.२ विद्युतीय करेन्टको प्रयोग ३.३ विष्फोटक पदार्थको प्रयोग।

४. जलीय वातारणमा ह्रास आउनु

४.१.वन विनाश

४.२. भूक्षय

४.३. पैरो जानु

४.४. पाखोबाट माटो क्रमशः बगेर खोलामा आउनु र पानी धमिलो हुनु

४.५. खतेबारीमा रासायनिक मल वा औषधीको प्रयोगमा वृद्धि

४.६. शहरको ढल/नालाकोपानी उपचार विना नै नदि/खोलामा छाड्नु

४.७. पानी झारमा वृद्ध-कुहिने र तालको गहिराई कम हुँदै जानु

५. विकास निर्माणको कार्य

५.१. सिंचाइको लागि पानीको बढ्दो प्रयोग

५.२. जलविद्युत उत्पादनको लागि बाँध निर्माण।

५.३. खानेपानीको लागि नदि खोलाको पानीको बढ्दो प्रयोग

५.४. खोलाबाट ढुंगा तथा बालुवा झिक्ने क्रम बढ्दो

५.५. जलविहार, मनोरञ्जन एवं पिकनिक मनाउने प्रचलन वृद्धि

२. माछा संरक्षण एवं सम्वर्द्धन सम्बन्धि प्रचलित ऐन नियमहरू

प्राकृतिक जलाशयमा रहेका माछालाई संरक्षण प्रदान गर्ने उद्देश्यले नेपालमा सर्वप्रथम २०१७ सालमा ऐन तर्जुमा भएको पाइन्छ। त्यस पछाडि विभिन्न मूल उद्देश्य भएका तर सहायक उद्देश्यमा माछालाई समेतेर ऐन/नियम/आदेशहरूतर्जुमा भएको देखिन्छ। वास्तवमा भन्नुपर्दा मत्स्य विकास गर्ने उद्देश्यमा केन्द्रित रहेर सिङ्गो ऐन तर्जुमा अझै हुन सकेको छैन। वर्तमान समयमा माछा संरक्षण एवं सम्वर्द्धन सम्बन्धी केही ऐनहरू छरिएर रहेका छन्।

१. संरक्षण ऐन

१.१. जलचर संरक्षण ऐन २०१७

१.२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

१.३. वातावरण संरक्षण ऐन २०५४

१.४. पशु स्वास्थ्य तथा पशुसेवा ऐन २०५५

१.५. नेपाल भेटेरीनरी काउन्सिल ऐन २०५५

२.१.जलचर संरक्षण ऐन २०१७

यो ऐन २०१७ सालमा तर्जुमा भएता पनि यसको पालना/कार्यन्वयन पक्ष धेरै कमजोर रहेको पाइन्छ। २०५५ सालमा संशोधन गरी २०५६ सालमा जलचर संरक्षण आदेश जारी भएको छ। तर ऐनको नियमावली हालसम्म पनि जारी हुन नसकेकोले पूर्ण रुपमाप्रभावकारी कार्यन्वयन हुन सकेको छैन। यसमा उल्लेख भएका प्रमुख प्रावधानहरू निम्नानुसार रहेका छन्।

२.१.१. जलचर माछा समात्ने माछा मार्ने तरिकाहरूमा प्रतिवन्ध

यस ऐनले निम्न तरिकाले सार्वजनिक जलाशयका माछा समात्न मार्न प्रतिवन्ध लगाएको छ।

क. विषादीको प्रयोग गर्न

ख. विष्फोटक पदार्थ प्रयोग गर्न

ग. विद्युतीय करेन्टको प्रयोग गर्न

उपरोक्त तरिकाबाट माछा समात्ने वा मार्ने कार्य गैर कानुनी घोषित गरी सो उल्लंधन गर्नेलाई दण्ड सजायको व्यवस्था गरेका छ।

२.१.२. कुनै खास प्रकारको जलचर माछालाई समात्न मार्न वा चोट पुऱ्याउन प्रतिवन्ध लगाएको छ। यदि कुनै जाति/प्रजातिका माछा लोप हुने अवस्था देखेमा नेपाल सरकारले तिनलाई संरक्षण प्रदान गर्ने उद्देश्यले आवश्यकता परेको बेलामा राजपत्रमा सूचना/आदेश जारी गरी जोखिममा रहेका जातिलाई सदाको लागि मार्न नपाउने गरी प्रतिवन्ध लगाउन सक्दछ।

२.१.३. केही खास जलमा/नदी (तालमा स्थान विशेष) मा माछा समात्न मार्न तथा चोट पुऱ्याउन राजपत्रमा सूचना प्रकाशित गरी मनाही गर्न सक्ने प्रावधान छ। यो प्रावधान अनुसार कोशी व्यारेज तथा गण्डक बाँधको १-किमि तल र माथिको क्षेत्रमा माछा मार्न



सँधैको लागि आदेश जारी गरी रोक लगाएको छ। त्यसैगरी फेवा र वेगनास तालमा मिसिने खोलाहरूमा १०० मिटर तल र माथि माछा मार्न रोक लगाएको छ।

२.१.४. मत्स्य भऱ्याङ्गको व्यवस्थापन :

नदि खोलामा ठूला बाँधहरूनिर्माण गर्दा जलचरको अवगमनमा वाधा पर्ने भएकाले सो काम गर्न फिस ल्याडर (मत्स्य भऱ्याङ्ग) निर्माण गर्नु पर्नेछ। तर सो निर्माण गर्दा सम्भव नहुने स्थानमा कृषि मत्स्या ह्याचरी/नर्सरीको स्थापना गरी उक्त ह्याचरीबाट भुरा उत्पादन गरेर नदिमा छाड्ने व्यवस्था मिलाउनु पर्ने वाध्यत्मक व्यवस्था गरेको छ।

२.१.५. नागरिक अधिकार :

जलचर संरक्षण ऐन र आदेशले मनाही गरेको माछाको जाति/प्रजाति, स्थान ऋतु/सिजन माछाको साइज आदि बाहेकको अवस्थामा मार्न वा समात्न वाधा पुग्ने छैन।

२.१६.दण्ड सजाय :

यस ऐनको उल्लंधन गर्ने व्यक्तिलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले उसले पुऱ्याएको नोक्सानको बिगो बराबरको क्षतिपूर्ति भराई बढीमा ५ हजार सम्मको जरिवाना गर्न सक्नेछ।

यस ऐनको कमजोर पक्ष:

क) यस ऐनको नियमावली हालसम्म पनि लागु नभएकाले प्रभावकारी कार्यन्वयनमा वाधा परिरहेको छ।

ख) प्रमुख जिल्लाअधिकारीलाई ऐन पालना गराउने जिम्मेवारी दिएको छ। तर कार्य व्यस्तताको कारण निजले यसतर्फ उचित ध्यान दिन सकेको छैन।

ग) उल्लंधनकर्तालाई दण्डसजाँयको रकम न्युन रहेकाले मानिसमा डरत्रासको अभाव

१.२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०१९

नेपाल राज्यको झण्डै १८ प्रतिशत भन्दा बढी भू-भाग राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रले ढाकेको छ। यस अन्तर्गत ८ वटा राष्ट्रिय निकुञ्ज ४ वटा वन्यजन्तु आरक्ष, १ शिकार क्षेत्र, ३ संरक्षित वफर क्षेत्र रहेका छन्।

यस ऐन र निमायवलीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रभित्र पर्ने नदि/खोला, ताल/तलैयामा रहेका माछालाई संरक्षण गर्न निम्न लिखित प्रावधान गरेको छ।

१.२.१.वन्यजन्तु भन्नाले माछालाई समेत जनाउँछ भनी आफ्नो क्षेत्राधिकारमा पारेको छ।

१.२.२. निकुञ्ज क्षेत्रमा माछा समात्नु वा मार्नु पूर्व अनुमतिपत्र लिनुपर्ने प्रावधान छ। तर खतरामा परेका वा लोपोन्मूख माछा मार्नका लागि अनुमित पत्र प्रदान गरिने छैन। भनिएको छ।

५ इन्च वा सो भन्दा माथिकालाई रु.२० प्रतिदिन/प्रतिव्यक्ति र सो भन्दा कम साइजको लागि रु १० प्रतिदिन/व्यक्ति माछा मार्ने अनुमति शुल्क तोकेको छ।

१.२.३. ऐनको उल्लंधन गर्नेलाई रु १० हजारसम्म जरिवाना सम्बन्धित निकुञ्जको वार्डेनले गर्न सक्ने व्यवस्था छ।

यस ऐनको कमजोर पक्ष :

क) मत्स्य सम्वर्द्धन/विस्तारको उद्देश्य नरहेको

ख) समसामयिक संशोधन हुन नसकेको

ग) मत्स्य विकाससँग सम्बन्धित निकायसँगको समन्वयको अभाव

१.३. वातावरण संरक्षण ऐन १९९७

यस ऐनले समष्टिगत रुपमा वातावरणलाई संरक्षण र सम्वर्द्धन प्रदान गर्ने उद्देश्य राखेको

छ) जलीय वातावरण संरक्षण गर्न यस ऐनले तपसिलको व्यवस्था गरेको पाइन्छ ।

१.३.१.नदी-खोला आदिमा कुनै निर्माण/विकासको कार्य गर्नुभन्दा पहिले त्यस जलमा भएका जलचर/माछालाई पार्न सक्ने प्रतिकूल असरका विषयमा सबै सम्बद्ध सरोकारवालालाई समावेश गरी वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ प्रतिकूल प्रभाव कम गर्ने के-के उपायहरू आवश्यक छ सो पनि आयोजनाको कार्यमा नै समावेश गर्नुपर्ने प्रावधान छ ।

१.३.२. जल प्रदुर्षण अनुगमन एवं नियन्त्रण सम्बन्धि जिम्मेवार निकाय यस ऐनले तोकेको छ ।

१.३.३. पूर्व संरक्षित क्षेत्र (Sanctuary ) को घोषणा गर्न कुनै स्थान/नदी, ताल आदिमा संरक्षित क्षेत्र घोषणा गरी त्यसमा माछा मार्न पूर्ण निषेध लगाउन सक्ने प्रावधान छ ।

१.३.४. विष्फोटक पदार्थको प्रयोग विद्युतीय करेन्टको प्रयोग, विषालु वानस्पति एवं अन्य हानिकारक पदार्थको प्रयोग नदिमा गर्न निषेध गरेको छ

१.३.५. सम्बन्धित अधिकारीको पूर्ण स्वीकृति विना कुनै पनि जैविक पर्दार्थ (Genetic Material) परिवर्तन गर्न पाइने छैन । यस ऐनले माछाको जैविक विविधताको असर पार्ने सबै प्रकारको कार्यलाई रोक लगाएको छ

यस ऐनका कमजोर पक्ष :

क) जलीय प्रदुर्षण नियन्त्रण गर्ने भनिएता पनि कुन तहको प्रदुर्षण माछाको लागि हानिकारक छ । स्पष्ट पारको छैन ।

ख) वातावरणीय प्रभाव न्युनीकरण गर्ने उपायहरूको अनुगमन पक्ष कमजोर देखिन्छ ।

ग) मत्स्य प्रवर्द्धन सम्बन्धि प्रावधान उल्लेख छैन ।

घ) यस ऐनको प्रभावकारिता व्यवहारमा हेर्न बाँकी छ ।

१.४. पशु स्वास्थ्य तथा पशुसेवा ऐन २०५५

१.४.१.यस ऐनले पशु भन्नाले माछा समेत जनाउँछ भनेर माछालाई आफ्नो क्षेत्राधिकारमा समेत तोकेको छ

१.४.२. यो ऐनले माछाको संरक्षण भन्दा क्वारेन्टाइन र मत्स्यपालन व्यवसायलाई व्यवस्थित एवं सम्वर्द्धन गर्न खोजेको पाइन्छ ।

१.४.३. माछाको भूराको गुणस्तर तथा ढुवानीको मापदण्ड कायम गर्ने सम्बन्धमा उल्लेख छ ।

१.४.४. मत्स्य ह्याचरी स्थापना, मत्स्य उद्योग स्थापना एवं आयत निर्यात गर्दा अनुमति पत्र लिने प्रावधान रहेको छ ।

**यस ऐनको कमजोर पक्ष :**

मत्स्य विकास सम्बन्धि योजना तर्जुमा कार्यन्वयन अनुगमन एवं मल्याङ्कन सम्बन्धि कार्य कृषि विभाग र सो अन्तरगत निकायबाट हुँदै आएको भएता पनि यस ऐनले पशुसेवा विभाग र पशु चिकित्साकलाई मात्र मत्स्य क्वारेन्टाइन सम्बन्धि काम गर्ने अधिकार र जिम्मेवारी तोकेकाले केही जटिलता देखा परेको पाइन्छ । वर्तमान संगठनात्मक स्वरूप हेर्दा मत्स्य विषयको विज्ञ/विशेषाज्ञ एवं मत्स्य प्रयोगशाला आदि सबै कृषि विभाग अन्तरर्गत रहेको र पशु विभाग अन्तर्गत मत्स्य सम्बन्धि विज्ञ विशेषज्ञ एवं मत्स्य फर्म/केन्द्र छैनन् । अतः यो ऐन कार्यन्वयनमा कृषि र पशु विभाग बीचमा राम्रो समन्वय हुन अति आवश्यक छ ।

३. जलचर संरक्षण सम्वर्द्धन सम्बन्धि सुझाव : प्राकृतिक जलाशयमा रहेका माछालाई संरक्षण गर्ने कार्यमा तपसिलको व्यवस्था हुन उपयुक्त देखिन्छ ।

क) जलचर संरक्षण तथा सम्वर्द्धनको कार्य सबै पक्ष जस्तैः GO,NGOs, INGOs, CBOs, NARC, शैक्षिक संस्था आदिको समन्वय र सहयोग Holistic Approach बाट मात्र पूरा गर्न सकिने सम्भावना देखिन्छ ।

ख) प्राकृतिक जलभण्डार एवं तिनमा रहेको माछाको संरक्षण र सम्वर्द्धन सम्बन्धि आम नागरिकमा जनचेतना जगाउनु पर्दछ ।

ग) परम्परा देखि मत्स्य पेशामा संलग्न जातिलाई पहिचान गरी तिनलाई आधुनिक शीप र दक्षता प्रदान गर्न सकेमा कार्यक्रमले दिगोपना पाउन देखिन्छ ।

घ) समूह गठन र परिचालन पद्दतीबाट संरक्षण व्यवस्था गर्दै जीविकोपार्जनमा सुधार ल्याउने गरी कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।

ङ) नदिमा सामुदायिक मत्स्यपालन, संरक्षण एवं सम्वर्द्धनको कार्यक्रम संचालन गर्न सके सो जलाशयको आसपास बस्ने जनसमुदायको जीवन निर्वाह सुधार हुने हुनाले आफ्नोपनको अवधारणा सिर्जना भै संरक्षण व्यवस्थापन दिगोपना पाउने सम्भावना देखिन्छ ।

च) गैर कानुनी तरिकाले माछा मार्ने प्रचलन जस्तै । किटनाशक विषादीको प्रयोग विष्फोटक पदार्थ एवं दुवाली थुनेर माछा मार्ने कार्यलाई अविलम्व निरुत्साहित गर्न स्थानीय निकायलाई सक्रिय गराउनु पर्दछ ।

छ) नियन्वित किसिमबाट ढुंगा र बालुवा झिक्ने कार्यलाई व्यवस्थित गरी माछाको प्रजनन् स्थल एवं नर्सरी स्थलको संरक्षण गर्नु पर्दछ ।

ज) नियमित रुपमा नदिको पानीको गुणस्तर एवजैविक विविधताको अध्ययन गर्ने र प्रतिकूल प्रभाव न्युनीकरण गर्न सके सरोकारवालाहरूसँग नियमित अन्तरक्रिया गर्नु पर्दछ ।

दाहाल केन्द्रीय मत्स्य प्रयोगशाला बालाजुमा मत्स्य विकास अधिकृत हुनुहुन्छ ।

*स्रोत :* वर्ष ४४ अं १ बैशाख जेठ, कृषि द्वैमासिक कृषि विभाग

भाद्र महिनाको कृषि कर्म

**खेतीपाती :**

-धानमा गवारो लागमो नियन्त्रण गर्ने ।

-धानवाली गोडमेल गरी पहिलो टप ड्रेसिङ्ग गरेको २५-३० दिन पछि ६० केजी हे का दरले युरिया मलले दोस्रो टप ड्रेसिड गर्ने गरेको २५-३० दिन पछि ६० केजी/हे का दरले युरिया मलले दोस्रो टप ड्रेसिङ्ग गर्ने ।

डम्वरसाई जातको अलैंची टिप्ने ।

भदौको दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी भदौ दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी रोप्ने । बीउको लागि छानेको मकै र तथा भण्डारण गरि एको अन्नहरू एकपटक हेरेर राम्ररी सुकाउने र मेटल बीन वा सुपर ग्रोन व्यागमा राख्ने ।

स्याउको भुवादार लाही कीरा नियन्त्रण गर्ने ।

तल्लो पहाडी भेकमा बेमौसमी प्याजको गाना उत्पादन गर्न प्याजका सेट रोप्ने ।

मूला, रायो जस्तो तरकारीको बीउ छर्ने ।

-भदौको पहिलो हप्तासम्म मास छरिसकेक्ने

-पतझड फलफूलहरूमा फल टिपीसकेपछि राम्ररी पाकेको गोठेमल प्रतिमल प्रति बोट १-२ डोको बिरुवाको वरिपरि खनेर माटोमा राखी छोप्ने

**पशुपालन :**

-वर्षायाम भेडा बाखालाई सुधारिएको गोठ बनाई राख्ने ।

-गाईभैंसीहरू समयमा बाली नगएको भए नजिकको पुशसेवा प्राविधिक वा पशुविज्ञसँग सम्पर्क राख्ने ।

# मिटर व्याज विरुद्ध संघर्षको अपिल

सदियौं देखि नेपालको किसान-मजदुरहरु राज्यको प्रत्यक्ष शोषण र उत्पीडनमा परिरहेका छौं । राज्यले किसानको दैनिक जीवनका आधारभूत आवश्यकताको कुनै पनि विषयहरुको व्यवस्था गर्न सकिरहेको छैन । राज्य किसान-मजदुरहरुको अधिकार प्रति गैर-जिम्मेवार किन छ ? हामी किसान-मजदुरहरु अनुत्तरित छौं ।

देशमा विद्यमान "नेपालको संविधान २०७२'ले जनताका आधारभूत अधिकारको विषयमा प्रष्ट बोलेको छ । जसले मौलिक हकमा गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरिने लेखिएता पनि राज्यले संविधि प्रदत्त मौलिक हकको कार्यन्वयन गर्न नखोज्दा हामी सुदखोरहरुसँगको चर्को व्याजमा ऋण लिन वाध्य छौं । समाजवाद उन्मूख देशमा दिन दहाडै जनता माथिको खुलेआम डकैतीले राज्यको कानुनी राजमाथि नै प्रश्न चिन्ह खडा गरेको छ । लोकतान्त्रिक गणतन्त्रलाई गिज्याइरहेको छ ।

मिटर व्याजसँग सम्बन्धित समस्या नवलपरासीको मात्र समस्या नभएर समग्र देशकै समस्या हो, त्यसैले मिटर व्याज तथा ठगी विरुद्ध किसान-मजदुर संङ्घर्ष समितिको आन्दोलन समग्र देशकै आन्दालेन हो । कानुनी राज्य भनिएको संघीय लोकताान्त्रिक गणत्रन्त्रात्मक देशमा नियम विपरित मिटर व्याजको ठगी धन्दा, दृष्टिबन्धक तथा छिनुवा पासमा राज्यका महत्वपूर्ण नेतृत्व गरेका नेतृत्वकर्ताको संलग्नतामा हुने गरेको घटनाले सबैलाई स्तव्ध बनाउँदै छ । स्पष्ट कानुनको अभाव र राज्यको गैर-जिम्मेवारपूर्ण व्यवहारको कारण मिटर व्याजको संस्कृति मौलाउँदै गइरहेको छ । गरिबी र निरक्षरताको कारण मुलधन भन्दै कैयौं ऋण बढी बनाउने, मनपरि चर्को व्याज असुल गर्ने । दृष्टिबन्धक गराउने नाममा जमिननै पासमा गराउने काम सुदखोरले गर्दै आएका छन् । ऋणको साँवा र व्याज दिँदा पनि लालपुर्जा फिर्ता नगर्ने कार्य गरिहेका छन् । यस्तो खालको सामाजिक र आर्थिक अपराध प्रति सरकारले चासो नराख्नु विडम्वनाको कुरो हो ।

मिटरव्याज, दृष्टिबन्धक तथा छिनुवा पास पीडित हामी किसान-मजदुरहरु स्थानीय क्षेत्रमा करिब एक वर्षदेखि निरन्तर आन्दोलनमा छौं । २०७८ असोज ११ गतेदेखि प्रारम्भिक सामुहिक छलफल गर्दै २०७८ फागुन २४ गते भ्रष्टाचार



विराधी समितिको रुपमा आफ्नो नाम स्थापना गऱ्यौं । संघर्षको क्रममा हामी स्थानीय ईलाका प्रशासन कार्यालय, सिडिओ कार्यालय हुँदै जिल्ला प्रहरी कार्यालयसम्म पुग्यौं । सम्पत्ति शुद्धिकरण आयोग प्रमुख, मानव अधिकार आयोगको प्रदेश कार्यालय समेत पुगको थियौं । आन्दोललाई निरन्तर अगाडि बढाउने क्रममा काठमाडौंको माइतिघर मण्डलामा १४ दिन लामो धर्ना कार्यक्रम पछि गह मन्त्रालयसँग छलफल भई जिल्ला प्रशासन कार्यालयलाई कानुनी प्रक्रिया अगाडि बढाउन मन्त्रालयले परिपत्र जारी गरेको थियो । कानुनी प्रक्रियामा सरकारी संयन्त्रलाई यो समितिले सहयोग गर्ने सहमती भयो र उक्त सहमतिलाई आत्मसाथ गर्दै संघर्ष समितिले आन्दोलन स्थगित गरेको थियो । गृह मन्त्रालयले गरेको समन्वयले केहि सामान्य समस्या समाधान भएपनि पीडितलाई संगठित जनताको समस्या जिउँका तिउँ छ र समस्या समाधान नभएसम्म आन्दोलन नरोक्ने प्रतिवद्धता सहित संघर्ष समिति पीडितलाई संगठित गर्दै निरन्तर संघर्षमा लागि परेको छ ।

मिटर व्याज, दृष्टिबन्धक तथा छिनुवा, पासबाट नवपरासी जिल्लाको किसान-मजदुरहरु पीडित भएका छौं । जबसम्म हाम्रा मागहरु पूरा हुँदैनन् तबसम्म हाम्रो आन्दोलन निरन्तर अगाडि बढी नै रहनेछ । यसका लागि सम्पूर्ण न्यायप्रेमी, आम किसान-मजदुर, आमाबुबा, दाजुभाई तथा दिदीबहिनी, देशभक्त नागरिक र युवा, विद्यार्थीहरुलाई ऐक्यवद्धताको लागि अपिल गर्दछौं ।

**मागहरु :**

१. देशैभरका मिटरव्याज, दृष्टिबन्धक र छिनुवापासबाट पीडित जनताको समस्या समाधानका लागि सरकारद्धारा मिटर व्याजसँग सम्बन्धित दृष्टिबन्धक छिनुवा पास र तमसुकलाई अवैध घोषणा गरि संघर्ष समिति र सम्बन्धित क्षेत्रका विज्ञहरुको समेत प्रतिनिधित्व हुनेगरि अधिकार सम्पन्न उच्चस्तरीय न्यायिक आयोग गठन गर्नु पर्ने ।

२. पीडित किसानको जमीनको दृष्टिबन्धक खोली अनाधिकृत तमसुक च्याट्नु पर्ने ।

३. दृष्टिबन्धक भन्दै झुक्याएर राजिनामा (छिनुवा पास) गरिएका जग्गा फिर्ता गर्नु पर्ने ।

४. कानुन विपरित अनुचित व्याज लिनेको ऋण तिर्न नपर्ने, घोषणा राज्यले गर्नु पर्ने ।

५. सुदखोर परिवारको सिआइबिद्धारा सम्पत्ति जाँच गर्नु पर्ने ।

६. मिटर व्याजी सुदखोरहरुको निरन्तर मानसिक प्रताडानाको कारण ज्यान गुमाएका किसानहरुको मृत्युको बारेमा छानविन गरि क्षतिपूर्ति प्रदान गर्नु पर्ने । भूमिहीन किसानहरुको गाँस, वास, र कपासको ग्यारेन्टि राज्यले गर्नु पर्ने ।

**नाराहरु :**

१. गैर कानुनी दृष्टिबन्धक, तमसुक तथा छिनुवा पास बन्द गर ।

२. भूमिहिन बनाइएका किसान-मजदुरको जमीन, ज्यादा लिइएको पैसा फिर्ता गर ।

३. सबै सुदखोरहरुको सम्पत्ति छानविन गर ।

४. सबै दलालहरुलाई गिरफ्तार गर्दै कानुन वमोजिम कार्यवाही गर ।

५. सहुलितपूर्ण कृषि ऋणको व्यवस्था गर ।

६. सम्पूर्ण खेतीयोग्य जमीनमा सिँचाईको व्यवस्था गर ।

७. सम्पूर्ण नगदेवालीको समर्थन मूल्य कायम गर ।

८. नेपालमा नै कृषि मल कारखाना स्थापना गरि समयमा मलको व्यवस्था गर ।

९. दाइजो प्रथाको अन्त्य गर ।

१०. निशुल्क स्वाथ्यको ग्यारेन्टि गर ।

११. रोजगारीको ग्यारेन्टि गर ।

१३. सम्पूर्ण असमान सन्धि सम्झौताका खारेज गर ।

१४. नेपाल भारत सिमाना नियमन गर ।

१५. गाँस, वास, कपासको ग्यारेन्टि गर ।

अवधेश कुश्वाहा
कार्यालय सचिव
मिटर व्याज तथा ठगी विरुद्ध किसान-मजदुर संघर्ष समिति

# Sharing Natural farming Experiences ?

*Due in large part to the rate of farmer suicide, the Andhra Pradesh government requested Vijay Kumar to come out of retirement to run a programme promoting ZBNF across the whole of Andhra Pradesh. The aim was to reach all farmers in Andhra Pradesh by 2030.*

**I. Introduction:**

To go from monocropping using artificial chemical nutrients to natural farming that is financially rewarding and based on healthy, living soil with lots of biology, is a big step. Hundreds of thousands of farmers in Andhra Pradesh, soon to be millions, are making this step. They are being led by pioneering farmers, known as Champion farmers. They are supported by community self-help groups. Most of these are women-led.



Farmers across Andhra Pradesh are realizing the huge potential of working with Nature. Well supported by the Government extension in Andhra Pradesh, Champion farmers quickly make the transition to natural farming. They are an example to their fellow farmers, as well as resource persons to their communities. The Self-Help Groups provide moral and financial support to farmers who are moving over to natural farming.

This natural farming programme in Andhra Pradesh is remarkable in today's context. An increasing number of people around Africa know that we've made a big mistake with chemical, monocrop farming practices. But we're struggling to implement alternatives on any kind of scale. There are many small pockets of examples, which are also learning from traditional practices. In Andhra Pradesh they are leading the way for us globally. They are taking to scale with smallholder farmers this new, modern way of natural farming, based on old wisdoms.

Natural farming is a crucial part of the political and economic struggle and movement towards food sovereignty. In an expression of South-South solidarity, the Alliance for Food Sovereignty (AFSA) has entered into a joint learning programme with the programme in Andhra Pradesh.

**A little background on the programme in Andhra Pradesh:**

1. Andhra Pradesh has suffered high rates of farmers' suicide. This often came about due to farmers' debt. The debt was largely due to the cost of chemical inputs, especially fertilizers but also pesticides.
2. As part of an Indian-wide programme, a great deal of social mobilisation happened in Andhra Pradesh from the early 2000s. This largely centred around women's Self-Help Groups (SHGs), linked to savings and loans.
3. During the last few decades, as in other parts of the world, many alternatives to the chemically-oriented green revolution have been emerging all over India. These have often learned from traditional practices.
4. One approach focused specifically on reducing farmer input costs. This approach was called Zero Budget Natural Farming (ZBNF).
5. After a slow start, La Via Campesina members in southern India picked up on this approach and began holding very large training programmes. Sometimes up to 5,000 people participated. Uptake of ZBNF began to spread.
6. Due in large part to the rate of farmer suicide, the Andhra Pradesh government requested Vijay Kumar to come out of retirement to run a programme promoting ZBNF across the whole of Andhra Pradesh. The aim was to reach all farmers in Andhra Pradesh by 2030. An Indian philanthropic Foundation supported the initial work. Since then, the Andhra Pradesh government has taken out loans from banks to finance the programme. The bulk of the funding is to support learning and back-up support to farmers as they transition and consolidate this transition to natural farming.
7. The programme is run by a State-owned institution called RySS and the approach has changed name from ZBNF to Community-managed Natural Farming (CNF).
8. The programme has become the largest in the world to upscale natural farming and thus is a learning opportunity for any others also wanting to upscale such practices.

number of AFSA members were present at the gathering.

2. During the last quarter of 2020 AFSA's Healthy Soil Healthy Food (HSHF) initiative organised a series of webinars, which included two sessions with CNF's Vijay Kumar and team. This introduced natural farming and its upscaling in Andhra Pradesh to more AFSA members. In April 2021 Vijay Kumar made a presentation to AFSA members on the social capital dimension of the CNF programme and the critical part this has played.

3. In August 2021, CNF/RySS and AFSA agreed to hold a learning programme via video conferencing. This began with 6 x 3-hour sessions in October – November 2021 during which RySS staff shared the basics of Community Natural Farming as practiced in Andhra Pradesh. These presentations focused on the 9 natural farming principles that RySS uses to guide its programme.

4. In early 2022 12 African organisations who had participated in the RySS sessions each made a short presentation reflecting on the 9 principles in their context. They shared on those principles that farmers are struggling with and those they are putting into practice more effectively.

5. A series of five calls then took place to present a synopsis from No. 4, to go into more detail on the biofertilizers some AFSA members are using, and to learn more about certain aspects of the CNF programme in Andhra Pradesh.

The aim of this publication is to capture and summarise what came out of these 15 online sessions.

**II. The nine principles of natural farming as developed by the Community Natural Farming programme in Andhra Pradesh:**

Natural farming in Andhra Pradesh is based on the following principles, which are universal in nature:

1. Crop cover – Soil to be covered with crops 365 days of the year (living roots)
2. Crop diversity, including trees – include *at least* 8 – 12 species in any one cropping area.
3. No/low till – keep tillage disturbance to a minimum.
4. Integrate animals – have livestock as an integral part of the farming system.
5. Use of bio-stimulants – select and use appropriate bio-stimulants as necessary catalysts to speed up life returning to soils.
6. Organic matter addition – Increase organic matter through addition of dry mulches.
7. Local seeds – promote use of local/traditional seeds
8. Pest management (prevention/monitoring/curative/no pesticides) – understand pest life cycles and use non-poisonous methods to address the weakest link in pest life cycles. 9. No chemical stress – avoid all synthetic pesticides, herbicides and fertilizers.

The following sections explain each of these principles in turn.

***1. Crop cover*** **–** Soil to be covered with crops 365 days of the year (living roots)

Nature aims at maximum ground cover with green plants. We're only now realizing the full extent of why this is important. We've known for long that cover ensures better water infiltration when it rains. With cover there's no damage to the soil from rain drops and water infiltrates more easily along plant roots.

What's emerged in recent years is greater understanding of the relationship between microbes and plants. Plants exude (push out) substances that microbes consume. The microbes in turn provide the plants with nutrients. This cycle makes the soil richer and healthier. There's the old saying 'healthy soil makes healthy plants', but we now know you can turn this around and say 'healthy plants create healthy soil'. Young plants pump out up to 90% of what they capture with the energy of the sun into the soil. This becomes less as plants grow.

It thus becomes clear that the longer you have plants growing and covering the soil throughout the year, the more the soil will benefit.

In Andhra Pradesh they plan towards 365-day green cover by breaking the year into three parts. Then they plan their planting for each of these periods. What they plan depends on local factors such as average rainfall of the area, type of soil and so on.

Linked to this principle, the programme has introduced a practice known as Pre-Monsoon Dry Sowing (PMDS). In this practice farmers sow pelleted seed during the dry season. This seed germinates with the first rains. This can be as little as 10 – 15mm of rain. These young plants can survive 25 – 30 days without any further rain. There are three ways in which natural farming practices help young seedlings in dry conditions access water:

i) The seed inoculant, applied with the pelleting, ensures that there are active microbes at germination. These microbes make moisture available to the plants that they wouldn't be able to get without the microbes.

ii) Furthermore, the microbes help break down the mulch. From this apparently dry mulch comes latent water, which is available to the plants.

iii) A bio-stimulant spray also ensures that there are good populations of microbes on the leaves of plants. This helps the plants access water vapour in the air.

***2. Crop diversity (including trees) – include at least 8 – 12 species in any one cropping area.***

This principle links closely to principle No. 1 above. In fact, all the principles overlap with each other. Each plant pushes out a unique set of substances into the soil. This in turn attracts different microbes. More and greater

certain levels of diversity even more healthy dynamics kick in. It's difficult to understand fully but simply it means the more diversity the better. Obviously, there's a limit to this. In Andhra Pradesh they recommend there should be a minimum of 8 - 12 species in a cropping area.

This diversity can come in different ways. For example, during the sessions we saw an example of cotton intercropped with a mixture of species between the rows of cotton. The purpose of this mixture is simply to help the health of the soil. Because plants push out (exude) most substances into the soil when they are still young, the recommendation is to cut the plants back before flowering. This will allow regrowth and thus more pushing out of sugars into the soil from the roots.

Obviously, how one achieves this bio-diverse cropping has many possibilities. It is a new area of learning for nearly everyone. It needs careful planning and it will depend on the context, the soil and the aims of production.

It is even clearer now why monocropping is so bad for soil health.

***3. No/low till – keep tillage disturbance to a minimum, ideally not at all.***

This is perhaps the principle that farmers are finding most difficult to follow in Andhra Pradesh. Ploughed soil loses lots of carbon to the air through oxidation. Ploughing disturbs the structure of the soil. Ploughing rips through fungal threads that are woven extensively throughout healthy soil. These fungi in the soil make glue to hold the soil together in what are called 'stable soil aggregates.

Healthy soil has many worms. These worms make an extensive network of tunnels in the soil. We saw examples of farmers' fields full of worms where farmers nearby not farming naturally had no worms at all. The worm tunnels help infiltrate more water in heavy storms. Ploughing breaks the worm tunnels and greatly disturbs the worms.

Nature does not plough.

Ceasing to plough is difficult for many farmers. Ploughing has been an inherent part of farming for a long time. It also helps farmers to control weeds.

Zero or minimum tillage, combined with the other principles (so no herbicide either), can quickly lead to a soil that has those all-important stable soil aggregates. This is soil that is loose and crumbly.

***4. Integrate animals – have livestock as an integral part of the farming system***

- Nature never farms without animals.
- Natural farming produces lots of diverse biomass that can usefully provide animal fodder and be converted into manure. This process uses the microbes in the stomachs of livestock and then provides microbes for farming.
- With ruminants, the fresh manure is super-charged with a large diversity of microbes. This becomes a good source for making bio-stimulants, which are then used to re-activate the life in the soil.
- Where grasslands are involved in areas that have long dry seasons, the microbes in ruminants' stomachs are needed to break the dry grass down.

***5. Use of bio-stimulants – select and use appropriate bio-stimulants to speed up life returning to soils***

One main focus in natural farming in Andhra Pradesh is the use of bio-stimulants. These simple homemade recipes help bring life quickly back to the soil. Farmers combine use of bio-stimulants with mulch and diverse cover-cropping rather than compost or manure. This reduces labour requirements. These bio-stimulants inoculate the soil with microbes. The microbes then ensure plants get nutrients in return for receiving sugars from the plant roots. Once the soil is healthy enough, the bio-stimulants shouldn't be needed. This will likely take at least a few years in most places.

There are hundreds of recipes for bio-stimulants, biofertilizers and bio-inoculants. It can be overpowering for anyone new to natural farming to decide what to use and when. The programme in AP has helped farmers who are new to natural farming by providing a recommended set of bio-stimulants to use. They also advise farmers how to use these. They've seen that they work. This makes it simple and straightforward for farmers as they enter the complex world of natural farming. This is one of the big successes of the programme, finding this 'package' of bio-stimulants that work in the Andhra Pradesh environments.

There are four different processes or recipes that farmers new to natural farming use in Andhra Pradesh. These recipes are in the appendix, as well as links to films of farmers making them:

i) A seed inoculant which helps ensure plants get off to a good start, helped by a variety of microbes.

